# वार्षिक प्रतिवेदन

## आ.व. २०८०/८१

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**

(An ISO 9001:2015 Certified Academy)

गण्डकी प्रदेश, पोखरा

भाद्र, २०८१

MEMBER OF

qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0

IQNET CERTIFIED MANAGEMENT SYSTEM

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा (२२) को व्यवस्थाबमोजिम गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेसमक्ष पेस गरिएको आर्थिक वर्ष २०८०/८१ को

# वार्षिक प्रतिवेदन

भाद्र, २०८१

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश, पोखरा

MEMBER OF
qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.27757/0
IQNET CERTIFIED MANAGEMENT SYSTEM

MEMBER OF

**प्रकाशक :**
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा, नेपाल
प्रकाशन वर्ष : वि.सं. २०८१
सर्वाधिकार © : प्रकाशकमा सुरक्षित
मुद्रण प्रति : २५०

**सम्पर्कका लागि:**
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
गण्डकी प्रदेश, पोखरा
फोन नं : +९७७–५७१०८०, ५७०१४६
इमेल : academy.gandaki@gmail.com
वेवसाइट : https://gpta.gandaki.gov.np

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

पत्र संख्या: ०८१/८२
चलानी नं. २८

विषय: वार्षिक प्रतिवेदन ।

माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा ।

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा (२२) को व्यवस्थाबमोजिम आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भाद्र, २०८१

भवदीय,
(ऋषिराम पाण्डे)
कार्यकारी निर्देशक

फोन नं.: +९७७-५७१०८०, ५७०१४६ 'व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार' E-mail: academy.gandaki@gmail.com

# दुई शब्द

सङ्घीयताको कार्यान्वयनपश्चात स्थापित प्रदेश सरकार र स्थानीय तहले पहिलो कार्यकाल पूरा गरी दास्रो कार्यकालका लागि काम गरिरहेका छन् । प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि अहिले पनि प्राथमिक सवाल बनेको छ । प्रदेश र स्थानीय तहका संस्थागत संरचनाहरूको सवलीकरण शासकीय क्षमता अभिवृद्धिको पूर्वसर्त हो । शासकीय क्षमता एउटा वृहत् अवधारणा हो । मजबुत संस्थागत संरचना र पूर्वाधार, उचित कानूनी प्रबन्ध र प्रभावकारी कार्यप्रणाली, वित्तीय श्रोतको भरपर्दो र दिगो व्यवस्था र विनियोजन कार्यकुशलता, सेवाग्राही प्रतिको जवाफदेहिता र सरकार-नागरिक बीचको सम्बन्ध, योजना तर्जुमाको दक्षता र कार्यान्वयन क्षमता, प्रविधियुक्त कार्यवातावरण र दक्ष जनशक्ति, वित्तीय सुशासन र चुस्त सङ्गठन आदि शासकीय क्षमता मापनका सूचकहरू हुन । शासकीय क्षमता जति मजवुत हुन सक्यो, त्यतिनै सेवा प्रवाह नागरिकमैत्री र गुणस्तरीय बन्दै जाने हो ।

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने, प्रदेश र स्थानीय तहका विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, प्रशिक्षणलाई उपयोगी तुल्याउन समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने एवम् सङ्घ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित प्रतिष्ठानले कार्य प्रारम्भ गरेको चार वर्ष पूरा भई पाचौं वर्षमा प्रवेश गरेको छ । गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाका माध्यमबाट सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तह निर्माणमा योगदान गर्ने उद्देश्यका साथ अगाडि बढेको प्रतिष्ठानले संस्थागत पूर्वाधार निर्माण, प्रशिक्षण सञ्चालन, अध्ययन तथा अनुसन्धान, समसामयिक विषयवस्तुमा संवाद कार्यक्रमको आयोजना र ज्ञान व्यवस्थापन जस्ता कार्यहरूमार्फत प्रदेश र स्थानीय तहको मानव संसाधन विकास, शासकीय क्षमता अभिवृद्धि, सङ्घ, प्रदेश र स्थानीय तहका कानूनी तथा नीतिगत व्यवस्थाहरूको कार्यान्वयनमा सहजीकरण एवम् सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धलाई मजबुत बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । प्रतिष्ठान स्थापनाको छोटो अवधिमा नै Quality Austria बाट गुण व्यवस्थापन प्रणालीका लागि ISO 9001:2015 प्रमाण पत्रसहित International Quality Network को सदस्य बनेको छ ।

"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"को सैद्धान्तिक अवधारणालाई आत्मसात गरी इमानदारिता, व्यवसायिकता र नवप्रवर्तनको संस्थागत मान्यता अन्तर्गत अगाडि बढेको प्रतिष्ठानले स्थापनाको छोटो अवधिमा नै क्षमता विकासको क्षेत्रमा आफ्नो विशिष्ट पहिचान बनाउन सफल भएको छ ।

प्रदेश र स्थानीय तहका क्षमता विकासका क्रियाकलापहरूले चालु आ.व.मा पनि निरन्तरता पाएका छन् । प्रशिक्षण आवश्यकताको पहिचान, पाठ्यक्रम निर्माण, प्रशिक्षण सञ्चालन र सञ्चालित प्रशिक्षणको अनुगमन तथा फलोअप निरन्तर रूपमा कार्यान्वयन भए । स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिको क्षमता विकास तालिम तथा प्रदेश लोक सेवा आयोगबाट प्रदेश र स्थानीय तहका लागि सिफारिस भएका कर्मचारीको सेवा प्रवेश तालिमले निरन्तरता पाए । स्थानीय तहको मागका आधारमा संस्थागत सवलीकरण र शासकीय क्षमता अभिवृद्धिका क्रियाकलाप कार्यान्वयन गरिए । चालु आ.व. मा पनि स्थानीय तहको

आवधिक योजना, राजस्व सुधार कार्ययोजना, क्षमता विकास योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माणमा आर्थिक एवम् प्राविधिक सहयोग पुग्यो ।

प्रदेश र स्थानीय तहमा सञ्चालन गरिएका क्षमता विकास कार्यक्रमको प्रभाव मूल्याङ्कनको प्रतिवेदन प्रकाशन र सरोकारवालाहरू समक्ष नतिजाको छलफल, गण्डकी प्रदेशको सन्दर्भमा स्थानीय आर्थिक विकासको अवस्था र सम्भावना सम्बन्धी अध्ययन प्रतिवेदन प्रकाशन र स्थानीय तहका प्रमुखहरूसँग अध्ययन नतिजाको छलफल, तालिम प्रदायक संस्थाहरूको पेसागत क्षमता अभिवृद्धि तालिम, तालिम प्रदायक र शैक्षिक संस्थाहरूमा गुण व्यवस्थापन प्रणालीको प्रवर्द्धन र प्रदेश सभाका सदस्यहरूसँग कुटनीतिक शिष्टाचार यस आर्थिक वर्षमा सञ्चालित महत्त्वपूर्ण कार्यक्रमहरू हुन् ।

प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दैजाने प्रतिष्ठानको नीतिबमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सुरक्षा गार्ड र हलुका सवारी चालकका लागि तयार गरिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) प्रतिष्ठानको पहिलो प्रयास थियो । गत आ.व. मा निर्माण सम्पन्न भएको आर्थिक प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को प्रकाशन र सरोकारवाला निकायहरूमा वितरणको कार्य यस आ.व. मा सम्पन्न भएको छ। त्यसैगरी, चालु आ.व. मा जिन्सी प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण कार्य सम्पन्न भएको छ। हालसम्म प्रतिष्ठानले तीन वटा आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) निर्माण गरेको छ।

कर्मचारीको सेवासर्त सम्बन्धी विनियमावलीको तर्जुमा र प्रशिक्षण परिषद्बाट स्वीकृति, आर्थिक प्रशासन सम्बन्धी विनियमावलीको तर्जूमा, प्रदेश र स्थानीय तहमा कार्यरत दशौं तहका कर्मचारीको उच्चस्तरीय व्यवस्थापन तालिम पाठ्यक्रम निर्माण, प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी दिग्दर्शन तर्जुमा आदि संस्थागत पूर्वाधार निर्माणका क्षेत्रमा चालु आ.व.का केही महत्त्वपूर्ण कार्यहरू हुन् । प्रतिष्ठानले संस्थागत गरेको कार्य प्रक्रिया र सेवा प्रवाह सम्बन्धी नीतिगत व्यवस्थाका लागि ISO 9001:2015 को Internal Audit / Surveillance Audit चालु आ.व. मा सम्पन्न भए । प्रतिष्ठानको भवन निर्माण र निर्मित संरचनाको मर्मत संभारका कार्यले निरन्तरता पाएका छन् । प्रतिष्ठानको स्थायी जनशक्ति पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगसमक्ष अनुरोध गरिएको छ। प्रतिष्ठानको प्रशिक्षणलाई प्रभावकारी बनाउनका लागि Smart Board को प्रयोग प्रारम्भ भएको छ भने प्रशिक्षण तथा क्षमता विकासका क्रियाकलापको प्रभावकारी कार्यान्वयन र अभिलेखका लागि Training Information Management System (TIMS) को विकास गरिएको छ।

प्रतिष्ठानले हासिल गरेका उपलब्धिहरूको जगमा उभिएर यस आ.व.को वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ । उल्लिखित कार्यहरू सम्पन्न गर्न प्रतिष्ठानलाई निरन्तर दिशानिर्देश गर्नुहुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री, प्रशिक्षण परिषद्का सदस्यहरू, कार्यकारी समितिका सदस्यहरू, प्रतिष्ठान परिवार र सम्बद्ध सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

ऋषिराम पाण्डे
कार्यकारी निर्देशक
भाद्र, २०८१

# कार्यकारी सारांश

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने, प्रदेश र स्थानीय तहका विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने, प्रशिक्षणलाई उपयोगी तुल्याउन समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने एवम् सङ्घ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने उद्देश्यले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत स्थापित प्रतिष्ठानले कार्य प्रारम्भ गरेको चार वर्ष पूरा भई पाचौं वर्षमा प्रवेश गरेको छ। यससँगै प्रतिष्ठानको प्रथम रणनीतिक योजना (२०७७।७८-२०८१।८२) कार्यान्वयनको समेत चार वर्ष पूरा भएको छ।

प्रतिष्ठानको पहिलो रणनीतिक योजनाबमोजिम आर्थिक वर्ष २०८०/८१ का लागि राष्ट्रिय तथा अन्तर ाष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण गर्ने, क्षमता विकास कार्यक्रमको कार्यान्वयन गर्ने, अध्ययन, अनुसन्धान, बहस र संवादका कार्यक्रम आयोजना गर्ने, गुण व्यवस्थापन प्रणालीका लागि ISO प्रमाण प्राप्त गर्ने, प्रतिष्ठानको मानव संसाधन विकास गर्ने जस्ता कार्यक्रम तय गरिएको थियो। रणनीतिक योजनमा समावेश गरिएका उल्लिखित क्रियाकलापहरू चालु आ.व. मा कार्यान्वयनमा आएका छन्।

प्रतिष्ठानले संस्थागत विकासको क्रमसँगै आफ्ना गतिविधिहरूको दायरा फराकिलो बनाउँदै लगिरहेको छ। प्रतिष्ठानमार्फत कार्यान्वयन गरिने कार्यक्रमहरूलाई परिस्कृत र गुणस्तरीय बनाउनका लागि आवश्यक पूर्वाधारहरूको विकास भइरहेको छ। प्रतिष्ठानको संस्थागत विकासका लागि कर्मचारी सेवा सर्त सम्बन्धी विनियमावली प्रशिक्षण परिषद्‌बाट स्वीकृत भएको छ भने आर्थिक प्रशासन विनियमावली र आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी दिग्दर्शन तर्जुमा गरिएको छ। प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय बनाउनका लागि Smart Board को प्रयोग, Training Management Information System को विकास गरी क्षमता विकास कार्यक्रमको व्यवस्थापन र अभिलेखलाई चुस्त बनाउने पद्धतिको सुरुवात, कर्मचारीको डिजिटल हाजिरी, Digital Board, प्रदेश र स्थानीय तहमा कार्यरत दशौं तहका कर्मचारीका लागि उच्चस्तरीय व्यवस्थापन तालिम पाठ्यक्रको निर्माण आदि चालु आ.व.मा सुरु गरिएका नयाँ अग्रसरताहरू हुन्।

कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र ज्ञान व्यवस्थापन प्रतिष्ठानका मुख्य कार्यहरू हुन्। जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम वर्षैभरि कार्यान्वयन भए। प्रदेश तथा स्थानीय तहका लागि तालिम आवश्यकताको पहिचान र सोका आधारमा वार्षिक कार्यक्रम र बजेट निर्माणको कार्यले निरन्तरता पायो। प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि लामो र छोटो अवधिका ७१ वटा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन भए। यसबाट कुल २३२५ जनाले चालु आ.व. मा क्षमता विकासको अवसर प्राप्त गरेका छन्।

गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा छनौट भई प्रदेश र स्थानीय तहका लागि सिफारिस भएका नवनियुक्त कर्मचारीहरूको सेवा प्रवेश तालिमले चालु आ.व.मा पनि निरन्तरता पायो। यस आ.व.मा त्यस्ता ९३ जना कर्मचारीले ५ दिने सेवा प्रवेश तालिम प्राप्त गरेका छन्।

गत वर्षहरूमा जस्तै यस आ.व. मा समेत प्रदेश र स्थानीय तहमा कार्यरत सहायक र अधिकृतस्तर कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम सञ्चालन भयो । चालु आ.व. मा प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका ८९ जना र सहायकस्तरका ८९ जना गरी कुल १७८ जनाले सेवाकालीन तालिम प्राप्त गरे । प्रतिष्ठानले तयार गरेको सहायक र अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रमबमोजिम उल्लिखित तालिमहरू सञ्चालन गरिएको थियो । प्रदेश तहमा नै अधिकृतस्तरको सेवाकालीन तालिम सञ्चालन हुँदा कर्मचारीको वृत्ति विकासमा ठुलो योगदान पुगेको छ ।

प्रदेश र स्थानीय तहका कर्मचारीका लागि सार्वजनिक खरिद, मध्यमकालीन खर्च संरचना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, कार्यस्थलमा हुने लैङ्गिक हिंसा, लैससास परीक्षण, वित्तीय अनुशासन, मन्त्रिपरिषद्मा पेस गर्ने प्रस्ताव लेखन, विद्युतीय खरिद, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सामाजिक सुरक्षा तथा पञ्जीकरण, स्थानीय तहको योजना तर्जुमा र अनुगमन, लैङ्गिक उत्तरदायी बजेट, वायोइन्जिनियरिङ जस्ता तालिम सञ्चालन भए । त्यसैगरी, स्थानीय तहका न्यायिक समितिका संयोजकहरूका लागि न्यायिक कार्यसम्पादन र मेलमिलाप, स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीति तथा लैङ्गिक हिँसा विरुद्धको आचारसंहिता जस्ता विषयमा प्रशिक्षण तथा अन्तरक्रिया सम्पन्न भए । जिल्ला समन्वय समितिका पदाधिकारीहरूको क्षमता विकास र सकारात्मक सोच सम्बन्धी तालिम आयोजना गरियो ।

स्थानीय तहमा लैससास परीक्षणलाई आन्तरिकीकरण गर्ने उद्देश्यले लैससास परीक्षण सम्बन्धी प्रशिक्षक प्रशिक्षण आयोजना भयो । स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन, स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कनको फलोअप कार्यक्रम कार्यान्वयन भए । प्रतिष्ठानको सहजीकरणको परिणामस्वरुप गण्डकी प्रदेशका सबै स्थानीय तहले संस्थागत क्षमता स्वमूल्याङ्कन सम्पन्न गरेका छन् भने ८४ स्थानीय तहले तयार गरेको वित्तीय जोखिम मूल्याङ्कनको प्रारम्भिक नतिजा उपर जिल्ला समन्वय समितिको पृष्ठपोषण सहित ७८ स्थानीय तहको नतिजा सार्वजनिक भएको छ ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत चालु आ.व. मा ११ स्थानीय तहको आवधिक योजना, १५ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना, १५ वटा स्थानीय तहको क्षमता विकास योजना र ५ वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गर्न प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउने गरी सम्बन्धित स्थानीय तहसँग समझदारी गरेकोमा ९ स्थानीय तहको आवधिक योजना, १५ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना, १५ वटा स्थानीय तहको क्षमता विकास योजना र ५ वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण भएका छन् । यसले निर्वाचित जनप्रतिनिधिहरूलाई विकास र सुशासनका कार्यक्रम कार्यान्वयन गर्न महत्त्वपूर्ण टेवा पुगेको छ ।

गत आ.व.मा विज्ञ परामर्शदाता परिचालन गरि प्रतिष्ठानद्वारा प्रदान गरिएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता मूल्याङकनको नतिजा प्रकाशन गरी सरोकारवालासमक्ष जानकारी गराउने कार्य चालु आ.व.मा सम्पन्न भयो । क्षमता विकासको क्षेत्रमा प्रतिष्ठानले सुरु गरेको यो महत्त्वपूर्ण कार्य हो ।

प्रतिष्ठानका प्रशिक्षण, अनुसन्धान र अन्य कार्यलाई अन्तर्राष्ट्रिय मापदण्डबमोजिम बनाउने उद्देश्यका

साथ प्रारम्भ गरिएको गुण व्यवस्थापन प्रणाली संस्थागत भएको छ। चालु आ.व.मा त्यसको Internal Audit र दोस्रो Surveillance Audit सम्पन्न भएका छन्। उपर्युक्त परीक्षणहरूबाट गुण व्यवस्थापन प्रणाली संस्थागत हुँदै गएको प्रतिवेदन प्राप्त भएको छ। यसलाई नेपालको प्रशिक्षणको इतिहासमा एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ। यसले प्रतिष्ठानको छविलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने कामसमेत गरेको छ। गुण व्यवस्थापन प्रणालीलाई अन्य तालिम प्रदायक संस्थाहरूमा समेत कार्यान्वयन गर्नका लागि प्रतिष्ठानले सहजीकरण गरेको छ।

सवाल केन्द्रित संवाद कार्यक्रमले यस वर्ष पनि निरन्तरता पायो। चालु आ.व.मा तीन वटा सवाल केन्द्रित संवाद कार्यक्रम आयोजना भए। स्थानीय तहका प्रमुखहरूसँग स्थानीय आर्थिक विकास सम्बन्धी छलफल सम्पन्न भयो। यसले नवनिर्वाचित पदाधिकारीका लागि आफ्नो स्थानीय तहको समृद्धि र विकासको मार्गचित्र तय गर्न योगदान पुगेको छ। त्यसैगरी, प्रदेश सभाका सदस्यहरू, प्रदेश सरकारका सचिव एवम् अन्य पदाधिकारीहरूका लागि कुटनीतिक शिष्टाचार सम्बन्धी संवाद कार्यक्रम सम्पन्न भयो। Dress Code, Dinning Code, Diplomacy जस्ता विषयवस्तु केन्द्रित संवाद कार्यक्रमले सभासद्हरूले अवलम्बन गर्नुपर्ने कुटनीतिक आचारसंहिताका बारेमा जानकारी गराउने काम गरेको छ। गाण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरू, शैक्षिक संस्था र अनुसन्धान केन्द्रहरूसँग क्षमता विकासको सन्दर्भमा गुण व्यवस्थापन प्रणालीको सान्दर्भिकता सम्बन्धमा संवाद कार्यक्रमको आयोजना भयो। यसले क्षमता विकासमा कामगर्ने संस्थाहरू र शैक्षिक संस्थाहरूलाई गुण व्यवस्थापन प्रणाली अवलम्बन गर्न प्रेरणा प्रदान गरेको छ।

अध्ययन तथा अनुसन्धानको कार्यले चालु आ.व.मा समेत निरन्तरता पायो। गत आ.व.मा स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवस्था र संभावना विषयमा गरिएको अनुसन्धान कार्यको नतिजा प्रकाशन गर्ने र स्थानीय तहका प्रमुखहरूसँग नतिजा बारे छलफल गर्ने कार्य सम्पन्न भएको छ। यसले स्थानीय तहहरूलाई आर्थिक समृद्धिका क्रियाकलाप कार्यान्वयनमा महत्त्वपूर्ण नीतिगत सुझाव प्रदान गरेको छ।

प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरूमा प्रशिक्षणका आधारभूत विधि र प्रक्रिया सम्बन्धी ज्ञान र सीप प्रदान गरी प्रदेशमा सञ्चालन गरिने सबै किसिमका तालिमको न्यूनतम आधारभूत मापदण्ड र गुणस्तर कायम गर्न सहयोग गर्ने अभिप्रायले गत वर्षदेखि प्रारम्भ गरिएको प्रशिक्षकहरूको पेसागत दक्षता विकास कार्यक्रम यस वर्षसमेत कार्यान्वयन भयो। यसले तालिम प्रदायक संस्थाहरूलाई Instructional Design पद्धतिका आधारमा तालिम कार्यक्रमको तयारी र कार्यान्वयन गर्न ठूलो टेवा पुगेको छ।

प्रतिष्ठानको भवन निर्माणको कार्य निरन्तर रूपमा अगाडि बढिरहेको छ। पूराना संरचनाको मरमत संभार र कार्यालय परिसरको सौन्दर्यकरणको कार्य निरन्तर रूपमा अगाडि बढे। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण र प्रतिष्ठानको मानव संसाधन विकास जस्ता कार्यक्रमहरू योजनाअनुसार नै कार्यान्वयनमा आए।

चालु आ.व.मा International Foundation for Electoral System, Nepal सँगको समन्वयमा मादी गाउँपालिकाका निर्वाचित महिला सदस्यहरूका लागि जलवायू परिवर्तन र महिला नेतृत्व सम्बन्धी प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। पोखरा महानगरपालिकासँगको समन्वयमा महानगरले नियुक्त गरेका १४८ जना स्वयम्सेवकको तालिम सम्पन्न भयो। त्यसैगरी, कास्की जिल्लाका स्थानीय तह र प्रतिष्ठानका

कर्मचारीका लागि Nepal Urban Resilience Project –NURP र प्रतिष्ठानको सहकार्यमा Green, Resilient and Inclusive Development (GRID) सम्बन्धी orientation सम्पन्न भयो ।

चालु आ.व.मा ECORYS (The Netherlands), IFES ( Nepal), UNDP लगायतका दातृ निकाय र विकास साझेदारहरूले प्रतिष्ठानको अवलोकन र प्रतिष्ठानद्वारा सम्पादित कार्यक्रमको बारेमा जानकारी लिए । कर्णाली प्रदेशका स्थानीय तहका लागि संस्थागत विकास र मानव संशाधनका सवालमा अभिमुखीकरण सम्पन्न भयो ।

प्रतिष्ठानमा कार्यरत कर्मचारीका लागि सिकाइ आदान प्रदान कार्यक्रम आयोजना गरी अन्य प्रदेशका असल अभ्यासबाट सिक्ने अवसर प्रदान गरियो भने विभिन्न विषयगत तालिमहरूमा प्रतिष्ठानका कर्मचारीहरूले सहभागीता जनाए । ज्ञान केन्द्रको स्थापना, डाटा बैंक र सर्भर प्रणालीको कार्यान्वयन, प्रशिक्षणका लागि आवश्यक उपकरण खरिद र तालिम कक्षको मर्मत संभार, अवलोकन भ्रमणमा आउने आगन्तुकहरूसँगको अन्तरक्रिया आदि यस आर्थिक वर्षमा सम्पादन गरिएका थप कार्यहरू हुन् ।

प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दैजाने प्रतिष्ठानको नीतिबमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न तयार गरिएको सार्वजनिक निकायको आर्थिक प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को प्रकाशन र वितरणको कार्य सम्पन्न भयो । चालु आ.व.मा सार्वजनिक निकायका जिन्सी शाखामा रहेर काम गर्ने कर्मचारीलाई लक्षित गरी जिन्सी प्रशासनसँग सम्बन्धित आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण कार्य सम्पन्न भएको छ । यसलाई विद्यमान प्रशिक्षणको आयाममा परिवर्तन र क्षमता विकासमा नयाँ प्रयोगको रूपमा लिइएको छ ।

जनशक्ति, पूर्वाधार र कार्यसञ्चालन पद्धति संस्थागत विकासका तीन महत्त्वपूर्ण आधारस्तम्भहरू हुन् । स्थापनाको छोटो अवधिमा नै उपर्युक्त कार्यहरूको जग बसाल्ने कामसँगै प्रतिष्ठान संस्थागत विकासको बाटोमा अगाडि बढेको छ । प्रतिष्ठानको स्थापनादेखि हालसम्म सञ्चालित क्रियाकलापहरूले संस्थागत विकासको मजवुत आधार निर्माण गरेका छन् । हालसम्मका उपलब्धिले प्रतिष्ठानलाई मानव संसाधन विकासको क्षेत्रमा प्रदेश तहमा एउटा भरपर्दो संस्थाका रूपमा परिचित गराउने काम मात्र गरेका छैनन् आगामी दिनहरूमा प्रतिष्ठानलाई थप उचाइमा पुऱ्याउने आधार समेत खडा गरेका छन् ।

# विषय सूची


| | |
|---|---|
| **दुई शब्द** | **iv** |
| **कार्यकारी सारांश** | **vi** |
| **परिच्छेद १ : परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ क्षमता विकासको सन्दर्भ र प्रतिष्ठानको औचित्य | २ |
| १.३ प्रतिवेदनको संरचना | ३ |
| **परिच्छेद–२ दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र कार्यक्रम** | **४** |
| २.१ दीर्घकालीन सोच (Vision) | ४ |
| २.२ ध्येय (Mission) | ४ |
| २.३ संस्थागत मान्यता (Core Values) | ४ |
| २.४ प्रशिक्षणका सिद्धान्त (Belief) | ५ |
| २.५ प्रतिष्ठानका उद्देश्य (Objectives) | ५ |
| २.६ प्रशिक्षण सम्बन्धी नीति | ५ |
| २.७ प्रतिष्ठानका प्रमुख कार्य | ५ |
| २.८ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा | ६ |
| २.९ रणनीतिक योजनाको सारसङ्क्षेप | ८ |
| २.१० संस्थागत संरचना | १३ |
| **परिच्छेद–३ विगत आ.व.हरूको प्रगति समीक्षा** | **१६** |
| **परिच्छेद–४ आ.व.२०८०/८१ को प्रगति** | **२६** |
| ४.१ आ.व. २०८०/८१ को योजना | २६ |
| ४.२ आ.व.२०८०/८१ को बजेट तथा कार्यक्रम | २७ |
| ४.३ आ.व. २०८०/८१ को प्रगति | ३३ |
| (क) प्रशिक्षण कार्यक्रम | ३५ |
| (ख) सवाल केन्द्रित संवाद | ७७ |
| (ग) अध्ययन तथा अनुसन्धान | ८१ |
| (घ) ज्ञान व्यवस्थापन | ८४ |
| (ङ) संस्थागत विकास र मानव संसाधन | ८६ |
| **परिच्छेद–५ आ.व. २०८०/८१ को आर्थिक प्रतिवेदन** | **१०१** |
| **परिच्छेद–६ आ.व.२०८१/८२ को बजेट तथा कार्यक्रम** | **१०८** |
| **परिच्छेद–७ समस्या, चुनौति र आगामी दिनको कार्यदिशा** | **१११** |
| ७.१ समस्या र चुनौति | १११ |
| ७.२ समस्या समाधानका लागि चालिएका कदम | १११ |
| ७.३ निष्कर्ष | ११२ |
| ७.४ आगामी दिनको कार्यदिशा | ११४ |

# परिच्छेद-१
# परिचय

## १.१ पृष्ठभूमि

सङ्घीयताको कार्यान्वयनपश्चात स्थापित प्रदेश र स्थानीय तह संस्थागत विकासको प्रारम्भिक चरणमा नै छन् । तहगत सरकारका एकल र साझा अधिकारका क्षेत्र अझै पूर्णरूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । प्रदेश र स्थानीय तहको संस्थागत विकासका लागि भौतिक पूर्वाधार र आवश्यक कानूनको प्रवन्ध, जनशक्तिको व्यवस्था तथा सेवा प्रवाहका लागि आवश्यक आधारभूत मापदण्ड र कार्यप्रणालीको स्थापनाले अझै मूर्तरुप लिन सकेका छैनन् । बदलिएको शासकीय संरचना मुताविकका सेवा प्रवाहका लागि उपलब्ध जनशक्तिको कार्यक्षमताको विकास र निर्वाचित जनप्रतिनिधिहरूले निर्वाह गर्नुपर्ने भूमिकाका लागि कार्यदक्षताको अभिवृद्धि प्राथमिकताका विषय हुन् ।

तालिम तथा प्रशिक्षण क्षमता विकासको एउटा महत्त्वपूर्ण औजारको रूपमा संसारभरी नै प्रचलित छ । सङ्घीयताको कार्यान्वयनले सिर्जना गरेका तहगत सरकार र तिनका अधिकार क्षेत्रको संवैधानिक व्यवस्थाले निर्वाचित पदाधिकारी र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रमहरूको आवश्यकतालाई झनै बढाइदिएका छन् । सङ्घीयताको लाभ जनताको घरदैलोसम्म पुऱ्याउन र सरकार प्रति जनताको विश्वासमा अभिवृद्धि गर्न कार्यसम्पादनमा आधारित प्रशिक्षण र नतिजा केन्द्रित क्षमता विकासका कार्यक्रममार्फत निर्वाचित पदाधिकारी र कर्मचारीको कार्यदक्षतामा अभिवृद्धि जरुरी छ ।

यसै परिप्रेक्ष्यमा प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीको क्षमता विकास, प्रदेश सरकार र स्थानीय तहका विकास र सुशासन प्रवर्द्धनका कार्यक्रम कार्यान्वयनमा सहजीकरण, प्रदेश अन्तर्गतका सरकारी तथा अर्धसरकारी निकाय र स्थानीय तहको संस्थागत सुधार एवम् शासकीय क्षमताको अभिवृद्धि गर्ने अभिप्रायले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ अन्तर्गत गण्डकी प्रदेश सरकारको एउटा स्वायत्त संस्थाका रूपमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना भएको हो । प्रतिष्ठानको स्थापना प्रदेश र स्थानीय तहको मानव संसाधन विकासका निम्ति गण्डकी प्रदेश सरकारले लिएको दूरगामी महत्त्वको महत्त्वपूर्ण अग्रसरता हो ।

प्रतिष्ठानले कार्य प्रारम्भ गरेको चार वर्ष पूरा भएको छ । कार्यसम्पादनमा आधारित प्रशिक्षणमार्फत जनप्रतिनिधि र कर्मचारीको सेवा प्रवाहको गुणस्तरमा सुधार गर्ने तथा अध्ययन, अनुसन्धान, संवाद र ज्ञान व्यवस्थापनका माध्यमबाट प्रदेश सरकार तथा स्थानीय तहहरूलाई नीतिगत पृष्ठापोषण गर्ने काममा प्रतिष्ठान निरन्तर क्रियाशील छ । प्रदेश र स्थानीय तहमा निर्वाचित भई आउने पदाधिकारीहरू र कार्यरत कर्मचारीका लागि नियमित रूपमा सञ्चालन गर्नुपर्ने क्षमता विकासका कार्यक्रमको प्रदेशस्तरबाट नै व्यवस्था गरिनु सङ्घीयताका सन्दर्भमा महत्त्वपूर्ण उपलब्धिसमेत हो ।

प्रतिष्ठानले सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तह निर्माणका लागि कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद, मागमा आधारित परामर्श सेवा र ज्ञान व्यवस्थापनका क्रियाकलापहरूको माध्यमद्वारा निरन्तर रूपमा योगदान गर्दै आइरहेको छ। प्रशिक्षणलाई प्रशिक्षार्थीको कार्यविवरणसँग आवद्ध गराई सम्बन्धित संस्थाको समग्र कार्यसम्पादनमा सुधार गरी क्षमता विकास कार्यक्रमको सही मूल्य (best value for money) सुनिश्चित गराउने कार्यलाई प्रतिष्ठानले मूल मान्यताका रूपमा अगाडि सारेको छ।

प्रशिक्षण त्यस्तो एउटा प्राविधिक र वैज्ञानिक विषय हो जसमा नवप्रवर्तन र निरन्तरको सिकाइले सर्वाधिक महत्त्व राख्दछ। त्यसैले, प्रशिक्षणलाई उपयोगी र प्रभावकारी बनाउनका लागि विद्यमान प्रशिक्षण प्रणालीमा सुधारको आवश्यकता छ। उक्त वास्तविकतालाई मध्यनजर गरी प्रतिष्ठानले प्रशिक्षार्थीको प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण आवश्यकता विश्लेषणका आधारमा प्रशिक्षण कार्यक्रमको डिजाइन र प्रशिक्षण सामग्रीहरू निर्माण, प्रशिक्षणको सहजीकरणका लागि उपयुक्त प्रशिक्षकको व्यवस्था, सहभागीको स्तरका आधारमा प्रशिक्षणका विधिहरूको चयन, प्रशिक्षणको विभिन्न तहमा गरिनुपर्ने मूल्याङ्कनका लागि मूल्याङ्कनका औजारहरूको विकास र प्रयोग, प्रशिक्षणपश्चात् प्रशिक्षणको कार्यान्वयनको सुनिश्चितताका लागि फलोअप वा अनुगमन, प्रशिक्षणले व्यक्ति वा संस्थाको कार्यसम्पादनमा पारेको प्रभावको लेखाजोखाका लागि प्रभाव मूल्याङ्कन जस्ता कार्यहरूलाई वैज्ञानिक हिसाबले प्रशिक्षण प्रणालीमा अवलम्बन गर्दै आइरहेको छ। त्यसैगरी, क्षमता विकासको वर्तमान पद्धतिमा क्रमिक रूपमा परिवर्तन गर्दै जानु पर्ने आवश्यकतालाई आत्मसात गरी प्रतिष्ठानले क्षमता विकासका वैकल्पिक र प्रभावकारी माध्यमहरूको विकास र प्रयोगको सुरुवात गरेको छ।

## १.२ क्षमता विकासको सन्दर्भ र प्रतिष्ठानको औचित्य

राज्यद्वारा प्रदान गरिने सेवालाई गुणस्तरीय, पारदर्शी, प्रभावकारी र लागतप्रभावी बनाउनका लागि निर्वाचित पदाधिकारीहरू एवम् कार्यरत कर्मचारीको कार्यदक्षताले महत्त्वपूर्ण भूमिका खेल्दछ। राज्य वा सरकार सञ्चालन अविछिन्न रूपमा अगाडि बढ्ने प्रक्रिया हो। आवधिक निर्वाचनको माध्यमद्वारा छनौट भएका जनताका प्रतिनिधिहरूले नीति निर्माणमा योगदान गर्नु र जनप्रतिनिधिले गरेका निर्णयलाई कर्मचारी संयन्त्रले कार्यान्वयन गर्नु राज्य सञ्चालनको सामान्य अभ्यास हो। उक्त प्रक्रियामा क्षमता विकासका क्रियाकलापले महत्त्व राख्दछन्। राज्यद्वारा प्रदान गरिने सेवालाई गुणस्तरीय, पारदर्शी, प्रभावकारी र लागतप्रभावी बनाउनका लागि निर्वाचित पदाधिकारीहरू एवम् कार्यरत कर्मचारीको कार्यदक्षताले महत्त्वपूर्ण भूमिका खेल्दछ।

देशको कुल क्षेत्रफलको २१,९७४ वर्ग कि.मि.(१४.९७ प्रतिशत) भूभागमा फैलिएको गण्डकी प्रदेश भित्र ११ जिल्ला, ८५ वटा स्थानीय तह (१ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका) र ११ वटा जिल्ला समन्वय समिति) रहेका छन्। ८५ वटा स्थानीय तहमा निर्वाचित र

मनोनित जनप्रतिनिधिहरूको कुल संख्या ४ हजार ५ सय भन्दा बढी छ भने ६० जना प्रदेश सभा सदस्य रहेको यस प्रदेशमा ९९ जना जिल्ला समन्वय समितिका सदस्यहरू कार्यरत छन् । प्रदेश अन्तर्गतका मन्त्रालय र मातहतका कार्यालय, विभिन्न आयोग, प्रतिष्ठान लगायतका निकाय र स्थानीय तहमासमेत गरी ठुलो सङ्ख्याका कर्मचारीहरूले सेवा प्रवाह गरिरहेका छन् ।

प्रदेश र स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने, प्रदेश सरकार र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान गर्ने, प्रदेश सरकार र स्थानीय तहका योजना तथा प्राथमिकताहरूको कार्यान्वयनमा सहयोग गर्ने एवम् अध्ययन तथा अनुसन्धानका माध्यमबाट प्रदेश सरकार र स्थानीय तहलाई नीतिगत पृष्ठपोषण गर्ने कार्यका लागि प्रदेश सरकारको एउटा स्वायत्त संस्थाको आवश्यकतालाई प्रतिष्ठानले पूरा गरेको छ ।

प्रदेश र स्थानीय तहका लागि आवश्यक जनशक्ति प्रदेश लोक सेवा आयोगमार्फत छनौट गर्ने कार्य प्रारम्भ भइसकेको वर्तमान अवस्थामा सार्वजनिक सेवामा प्रवेश गरेका कर्मचारीको क्षमता विकास प्रतिष्ठानको महत्त्वपूर्ण जिम्मेवारीका रूपमा अगाडि आएको छ । प्रदेश र स्थानीय तहका विकास प्राथमिकतामा सहयोग पुग्ने गरी प्रशिक्षण र अनुसन्धानका क्रियाकलापलाई केन्द्रित गराई ती निकायको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउने काममा योगदान गर्ने कार्यमा प्रतिष्ठान क्रियाशील छ ।

प्रतिष्ठानले प्रशिक्षण, अध्ययन तथा अनुसन्धान, नीतिगत संवाद र मानव संसाधन तथा संस्थागत विकासका क्षेत्रमा आर्थिक वर्ष २०८०/८१ मा सम्पादन गरेका मुख्य मुख्य कार्यहरूलाई समावेश गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## १.३ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई ७ वटा परिच्छेदमा वर्गीकरण गरिएको छ । पहिलो खण्डमा प्रतिष्ठानको पृष्ठभूमि र क्षमता विकासको सन्दर्भका बारेमा उल्लेख गरिएको छ । दोस्रो परिच्छेदमा प्रतिष्ठानको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति र  कार्यक्रम उल्लेख गरिएको छ भने तेस्रो परिच्छेदमा विगत आ.व.हरूमा सम्पादन गरिएका कार्यक्रमहरूको समीक्षा गरिएको छ। चौथो परिच्छेदमा आ.व. २०८०/८१ को प्रगति विवरण समावेश गरिएको छ भने पाँचौं परिच्छेदमा चालु आ.व. को आर्थिक विवरण र भौतिक प्रगति उल्लेख गरिएको छ। छैटौं परिच्छेदमा आ.व. २०८१/८२ को योजना प्रस्तुत गरिएको छ भने सातौं परिच्छेदमा निष्कर्ष प्रस्तुत गरिएको छ।

# परिच्छेद-२
# दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र कार्यक्रम

प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रूपमा आवद्ध गर्ने, प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादनसँग आवद्ध गर्ने एवम् प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र स्थानीय तहको विकास कार्यक्रमसँग आवद्ध गर्ने उद्देश्यका साथ स्थापना भएको प्रतिष्ठानको मार्गचित्र तथा भावी कार्यदिशा तल उल्लेख गरिएको छ ।

## २.१ दीर्घकालीन सोच (Vision)

"सक्षम र सुशासनयुक्त प्रदेश सरकार र स्थानीय तहका लागि उत्कृष्ट प्रतिष्ठान (Center of Excellence)" संस्थाको दीर्घकालीन सोच रहेको छ । प्रतिष्ठान Quality Autria बाट ISO 9001:2015 Certified Academy का रूपमा स्थापित भएको छ भने International Quality Network को सदस्य बन्न सफल भएको छ ।

## २.२ ध्येय (Mission)

"गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाको माध्यमद्वारा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारी एवम् जनप्रतिनिधिहरूको दक्षतामा अभिवृद्धि" संस्थाको ध्येय रहेको छ ।

### Quality Policy

We commit to continuously provide excellent and innovative training solutions, anchored on the principles of changing behaviour and improving performance, to satisfy the current and emerging needs of our stakeholders and conform to global management system standards.

We adhere to our core values of integrity, professionalism and innovation, and are committed to continually improve the effectiveness of Quality Management System.

### गुण नीति

सरोकारवालाहरूको वर्तमान र उदीयमान प्रशिक्षण आवश्यकताहरू पूरा गर्न एवम् विश्वव्यापी व्यवस्थापन प्रणालीका मापदण्डहरू अनुरूप व्यवहारमा परिवर्तन र कार्यसम्पादन सुधारको सिद्धान्तमा आधारित उत्कृष्ट र नवीन प्रशिक्षण समाधानहरू प्रदान गर्न हामी प्रतिबद्ध छौं ।

हामी इमान्दारीता, व्यावसायिकता र नवप्रवर्तनको मूल मान्यताको पालना गर्छौं र गुणस्तर व्यवस्थापन प्रणालीको प्रभावकारितालाई निरन्तर सुधार गर्न प्रतिबद्ध छौं ।

## २.३ संस्थागत मान्यता (Core Values)

"इमान्दारिता, व्यावसायिकता र नवप्रवर्तन" (Integrity, Professionalism and Innovation) प्रतिष्ठानका संस्थागत मान्यता हुन् ।

## २.४ प्रशिक्षणका सिद्धान्त (Belief)

"व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधार"को सिद्धान्तलाई अवलम्बन गरी प्रतिष्ठानले आफ्ना क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

## २.५ प्रतिष्ठानका उद्देश्य (Objectives)

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने सङ्घ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यावसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने।

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी वनाउन आवश्यक कार्य गर्ने।

(ग) प्रशिक्षणलाई वढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने।

(घ) सङ्घ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने।

## २.६ प्रशिक्षण सम्बन्धी नीति

ऐनले प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण सम्बन्धी नीति देहायबमोजिम हुने गरी व्यवस्था गरेको छ।

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रूपमा आवद्ध गर्ने।

(ख) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको व्यवसायिक ज्ञान, सीप र क्षमता वृद्धि गर्ने।

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र संस्थानको विकास कार्यक्रमसँग आवद्ध गर्ने।

(घ) प्रशिक्षणलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने।

## २.७ प्रतिष्ठानका प्रमुख कार्य

प्रतिष्ठानले ऐनको परिधिभित्र रही देहायबमोजिमका क्रियाकलापमा केन्द्रित हुनेगरी आफ्नो कार्यक्षेत्र निर्धारण गरेको छ।

(१) कार्यसम्पादनमा आधारित प्रशिक्षण

(२) समस्या केन्द्रित अध्ययन तथा अनुसन्धान

(३) सवाल केन्द्रित संवाद


(४) मागमा आधारित परामर्श सेवा

(५) ज्ञान व्यवस्थापन

## २.८ क्षमता विकास कार्यक्रम कार्यान्वयनको अवधारणा


प्रतिष्ठानले क्षमता विकासका क्रियाकलाप निश्चित सैद्धान्तिक धरातलमा आधारित रही सञ्चालन गर्नु पर्दछ भन्ने मान्यता राख्दछ । त्यसैले, शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि शैक्षणिक योजना (Instructional Design) को मोडल अवलम्बन गर्दै आइरहेको छ ।

क्षमता विकास आवश्यकताको पहिचान र सोका आधारमा तालिमको योजना एवम् पाठ्यक्रम तयार गर्ने, तालिम पाठ्यक्रमको आधारमा तालिम सामग्रीको विकास गर्ने, निर्मित सामग्रीको प्रयोग गरी तालिम सञ्चालन गर्ने र तालिमका विषयवस्तुको प्रयोगको सुनिश्चितताका लागि फलोअप र अनुगमन गर्ने एवम् तालिम कार्यक्रमको प्रभावकारिताका लागि तालिमको मूल्याङ्कन गर्ने पद्धतिलाई प्रतिष्ठानले अङ्गिकार गरेको छ । प्रतिष्ठानले अवलम्बन गरेको प्रशिक्षण कार्यक्रमको मोडल तल उल्लेख गरिएको छ ।




Instructional Design Principle मा आधारित ADDIE (Analysis, Design, Development, Implementation and Evaluation) मोडल कार्यसम्पादनमा आधारित प्रशिक्षणको नविनतम अवधारणा हो । उक्त मोडलको अनुसरण गरी प्रतिष्ठानका प्रशिक्षण–सिकाइ

गतिविधि कार्यान्वयन गरिन्छ । तालिम कार्यक्रमलाई व्यवहारिक, नतिजामूलक र प्रशिक्षार्थीको कार्यसम्पादनसँग आवद्ध गराउने उद्देश्य प्राप्तिका लागि प्रतिष्ठानले अवलम्बन गर्दै आइरहेको छ प्रक्रियालाई तलको चार्टमा उल्लेख गरिएको छ।




कुनै पनि प्रशिक्षणको प्रभावकारिता त्यसको व्यवहारिक कार्यान्वयनले निर्धारण गर्दछ । परम्परागत प्रशिक्षण अन्तर्गत प्रशिक्षणपश्चात प्रशिक्षार्थीले प्रशिक्षणको सिकाइलाई कार्यान्वयनमा ल्याए-नल्याएको बारे फलोअप गर्ने प्रचलनको कमी छ। तर, जबसम्म प्रशिक्षणका सहभागीहरूले प्रशिक्षणको सिकाइलाई आफ्नो कार्यस्थलमा व्यवहारिक रूपमा प्रयोगमा ल्याउँदैनन् र सिकाइको व्यवहारिक प्रयोगको परिणामस्वरुप संस्थाको समग्र कार्यसम्पादनमा सुधार आउन सक्दैन, तबसम्म प्रशिक्षणमा खर्च भएको साधन र स्रोतको अर्थ रहँदैन। त्यसकारण, प्रशिक्षणलाई प्रभावकारी बनाउन प्रशिक्षण पश्चातको सहयोग, प्रशिक्षण कार्यान्वयनको अनुगमन र प्रशिक्षणले समग्र कार्यसम्पादनमा

पारेको प्रभाव मूल्याङ्कनको पद्धतिलाई प्रतिष्ठानले अवलम्बन गरेको छ। यो नै परम्परागत प्रशिक्षण पद्धतिमा ल्याइएको महत्त्वपूर्ण परिवर्तन हो।


प्रतिष्ठानले प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दै जाने रणनीति अवलम्बन गरेको छ। तात्कालीन प्राथमिकताका रूपमा सुधारिएको प्रशिक्षणमार्फत क्षमता विकास र सुशासन प्रवर्द्धनका कार्यहरू गरिने भएता पनि प्रदेश र स्थानीय तहको शासकीय क्षमतामा अभिवृद्धि हुँदै जाँदा क्षमता विकासका परिस्कृत माध्यमहरूको अवलम्बन गर्नु पर्ने कुरामा प्रतिष्ठान विश्वास गर्दछ। यसका लागि प्रतिष्ठानले On- Site Coaching, आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण, प्रशिक्षणको फलोअप, कार्य-सहयोगी सामग्री अर्थात् Job Aid को निर्माण जस्ता कार्यहरू प्रारम्भ गरिसकेको छ।

प्रशिक्षण नितान्त प्राविधिक विषय हो। यो आफैंमा मानव मनोविज्ञानसँग जोडिएको विषय पनि हो। त्यसकारण यसलाई निश्चित पद्धति अन्तर्गत सञ्चालन र व्यवस्थापन गरिनु पर्दछ। प्रशिक्षणलाई व्यवहारिक बनाउनु पर्ने चुनौति त छँदैछ त्यसका अलावा प्रशिक्षणका दौरान हस्तान्तरण गरिएका सीप र ज्ञानलाई दैनन्दिनको काममा प्रयोगमा आउने कुराको सुनिश्चितता पनि आवश्यक छ। त्यही वास्तविकतालाई आत्मसात गरी प्रतिष्ठानले "व्यवहारमा परिवर्तन र कार्यसम्पादनमा सुधार" को सैद्धान्तिक मान्यतालाई पालना गरी क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

## २.९ रणनीतिक योजनाको सारसङ्क्षेप

प्रतिष्ठानले आफ्नो प्रथम रणनीतिक योजनाका पाँच वर्षलाई कार्यक्रमिक हिसाबले निम्नअनुसार प्राथमिकीकरण गरेको छ।

**प्रतिष्ठानका वर्ष कार्यक्रम** (२०७७।७८-२०८१/८२)



## रणनीतिक योजनाको सारसङ्क्षेप

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम / क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी तथा कार्यरत कर्मचारीको क्षमता विकासका लागि व्यवहारिक प्रशिक्षण सञ्चालन गर्ने । | १.१ प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको कार्यसम्पादन स्तर बृद्धिको माध्यम बनाउने । | १.१.१ प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान गर्ने ।<br>१.१.२ क्षमता विकास तालिमका लागि तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.१.३ आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.१.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलको सहयोग, अनुगमन गर्ने ।<br>१.१.५ तालिम कार्यक्रमको मूल्याङ्कन गर्ने । | १. प्रदेश सरकार तथा स्थानीय तहमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको क्षमता विकासका लागि तालिमका आवश्यकता पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. स्थानीय तहका पदाधिकारीको क्षमता विकास तालिम ।<br>४. प्रदेश सभाका सदस्यको क्षमता विकास तालिम ।<br>५. प्रदेश सरकारका पदाधिकारीको क्षमता विकास तालिम<br>६. मनोनित र नियुक्त पदाधिकारीको क्षमता विकास तालिम<br>७. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>८. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरूको तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएको हुने ।<br>३. प्रदेश तथा स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारी हरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभाबकारिता मूल्याङ्कन भएको हुने । |


| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| | १.२ प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रूपमा विकास गर्ने । | १.२.१ कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान गर्ने ।<br>१.२.२ क्षमता विकास तालिमका तालिम सामग्रीको निर्माण गर्ने ।<br>१.२.३ क्षमता विकास आवश्यकता पहिचानका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्ने ।<br>१.२.४ तालिम कार्यक्रमको प्रभावकारी प्रयोगका लागि फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन गर्ने ।<br>१.२.५ तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने । | १. कर्मचारीको क्षमता विकासका लागि तालिम आवश्यकताको पहिचान सम्बन्धी अध्ययन ।<br>२. तालिम सामग्रीको निर्माण ।<br>३. तालिम पाठ्यक्रम निर्माण ।<br>४. सहायकस्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>५. सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>६. सहायकस्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>७. अधिकृतस्तरका कर्मचारीको सेवा प्रवेश तालिम ।<br>८. अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिम ।<br>९.अधिकृतस्तरका कर्मचारीको क्षमता विकास तालिम ।<br>१०. तालिमको फलोअप, कार्यस्थलमा सहयोग र अनुगमन ।<br>११. तालिम कार्यक्रमको मूल्याङ्कन । | १. प्रदेश तथा स्थानीय तहका सहायक तथा अधिकृत स्तरका कर्मचारीहरूका तालिम आवश्यकता पहिचान भएको हुने ।<br>२. तालिम सामग्री निर्माण भएका हुने ।<br>३. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको क्षमता विकासका लागि तालिम सञ्चालन भएका हुने ।<br>४. तालिम कार्यक्रमको प्रभावकारी प्रयोगको सुनिश्चितताका लागि  कार्यस्थलमा सहयोग र अनुगमन भएको हुने ।<br>५. तालिम कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन भएको हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| २. प्रदेश सरकार तथा स्थानीय तहका कार्य सम्पादन अभिवृद्धि गर्न क्षमता विकास सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने । | २.१ अध्यन तथा अनुसन्धानलाई नयाँ ज्ञानको सिर्जना र भइरहेको ज्ञान परिस्कृत गर्ने पद्धतिको रूपमा विकास गर्ने । | २.१.१ समस्या केन्द्रित अध्ययन अनुसन्धान गर्ने ।<br>२.१.२ अध्ययन अनुसन्धान सम्बन्धी अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गोष्ठी आयोजना गर्ने ।<br>२.१.३ अनुसन्धानका प्रतिवेदन प्रकाशित गर्ने । | १. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अध्ययन अनुसन्धान ।<br>२. राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी<br>३. अन्तर्राष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी ।<br>४. अध्ययन अनुसन्धान र गोष्ठीका प्रतिवेदन प्रकाशन । | १. क्षमता बृद्धि सम्बन्धी समस्या केन्द्रित अनुसन्धान भएका हुने ।<br>२. राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरका अनुभव आदान प्रदान गोष्ठी आयोजना भएका हुने ।<br>३. अध्ययन अनुसन्धान र गोष्ठीका प्रतिवेदन प्रकाशन भएका हुने । |
| | २.२ अध्ययन तथा अनुसन्धानलाई प्रदेश सरकार र स्थानीय तहका नीति तथा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउने माध्यमको रूपमा विकास गर्ने । | २.२.१ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका गोष्ठीबाट आएका अनुभवले नीति तथा कार्यक्रममा पृष्ठपोषण गर्ने पद्धतिको बिकास गर्ने । | १. अध्ययन तथा अनुसन्धानबाट आएका नतिजा बारे छलफल ।<br>२ अध्ययन तथा अनुसन्धानबाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग । | १ अध्ययन तथा अनुसन्धानका नतिजा बारे छलफल भएका हुने ।<br>२ अध्ययन तथा अनुसन्धान बाट आएका नतिजा नीति तथा कार्यक्रम तर्जुमामा उपयोग भएका हुने । |

| उद्देश्य | रणनीति | कार्यनीति | कार्यक्रम/क्रियाकलाप | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|
| ३. प्रतिष्ठानलाई उत्कृष्ठ तालिम केन्द्रको रूपमा विकास गर्ने। | ३.१ प्रतिष्ठानको सङ्गठन संरचना निर्माण गरी मानव संसाधनको विकास गर्ने। | ३.१.१ प्रतिष्ठानमा उत्कृष्ठ प्रशिक्षकद्वारा पठन पाठन र अध्ययन तथा अनुसन्धान गर्ने। | १. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण।<br>२. उत्कृष्ठ प्रशिक्षक तथा कर्मचारीको पदपूर्ति।<br>३. प्रशिक्षक तथा कर्मचारीको अभिमुखीकरण र क्षमता विकास। | १. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भएको हुने।<br>२. प्रतिष्ठानमा उत्कृष्ठ जनशक्तिको पदपूर्ति भएको हुने।<br>३. प्रशिक्षक तथा कर्मचारीको क्षमता विकास भएको हुने। |
| | | ३.१.२ प्रतिष्ठानलाई उत्कृष्ठ ज्ञान केन्द्रको रूपमा विकास गर्ने। | १. कार्यालय भवन निर्माण।<br>२. संरचनाहरूको मर्मत संभार।<br>३. Website निर्माण।<br>४. प्रतिष्ठानका लागि आवश्यक नीति, नियम, कानून, कार्यविधि निर्माण।<br>५. ISO प्रमाणपत्र प्राप्तिका लागि आवश्यक कार्य।<br>६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना।<br>७. अध्ययन अनुसन्धान र मूल्याङ्कनका नतजिा अन्तर्राष्ट्रिय Peer Review Journal मा प्रकाशन।<br>८.ज्ञान केन्द्रको स्थापना। | १. कार्यालय भवन निर्माण सम्पन्न भएको हुने।<br>२.संरचनाहरूको नियमित मरमत संभार भएका हुने।<br>३. प्रतिष्ठानको Website सञ्चालनमा आएको हुने।<br>४. प्रतिष्ठानका नियमावली, कर्मचारी विनियम, आर्थिक विनियम, खर्चको मापदण्ड निर्माण भएका हुने।<br>५. प्रतिष्ठानले ISO प्रमाणपत्र प्राप्त गरेको हुने।<br>६. अन्तर्राष्ट्रिय स्तरका संस्थासँग कार्यगत सम्बन्ध स्थापना भएको हुने।<br>८. प्रतिष्ठानका अध्ययन तथा अनुसन्धानका नतिजा अन्तर्राष्ट्रिय Peer Review Journal मा प्रकाशन भएका हुने।<br>९. प्रतिष्ठान सिकाइ तथा ज्ञान केन्द्रको रूपमा विकास भएको हुने। |

## २.१० संस्थागत संरचना

प्रतिष्ठानलाई एउटा स्वायत्त संस्थाको रूपमा विकास गर्न ऐनले सङ्गठन संरचना निर्धारण गरेको छ। ऐनबमोजिम संस्थाको सर्वोच्च निकायको रूपमा प्रशिक्षण परिषद् रहेको छ। प्रतिष्ठानका उद्देश्य प्राप्तिमा योगदान गर्न कार्यकारी समिति, प्रतिष्ठानको दैनिक कार्यसञ्चालन गर्न कार्यकारी निर्देशक र प्रदेश सरकारले तोकेबमोजिम प्रशासकीय तथा प्राविधिक र प्राध्यापन तथा अनुसन्धान सेवाका कर्मचारी रहने व्यवस्था छ। प्रदेश सरकारले स्वीकृत गरेको सङ्गठन संरचना देहायबमोजिम रहेको छः



## (अ) प्रशिक्षण परिषद्

प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा प्रशिक्षण परिषद् रहने व्यवस्था छ। प्रशिक्षण परिषद्को संरचना निम्नानुसार रहेको छः

| | |
|---|---|
| (क) मुख्यमन्त्री | – अध्यक्ष |
| (ख) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | – सदस्य |
| (ग) अध्यक्ष, प्रदेश लोक सेवा आयोग | – सदस्य |
| (घ) मुख्यमन्त्रीले तोकेको प्रदेशस्तरको विश्वविद्यालयको उपकुलपति | – सदस्य |
| (ङ) प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| (च) प्रदेश सरकारका सचिवहरू | – सदस्य |
| (छ) प्रदेश सरकारले मनोनित गरेका दुई जना महिलासहित तीन जना | – सदस्य |
| (ज) प्रतिष्ठानको कार्यकारी निर्देशक | – सचिव |

प्रशिक्षण परिषद्ले प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने, नियमावली बनाउने र विनियम स्वीकृत गर्ने, प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने, वार्षिक कार्यक्रमको प्रगति समीक्षा गर्ने, बजेट स्वीकृत गर्ने, समितिलाई आवश्यक निर्देशन दिने जस्ता कार्यहरू गर्दछ।

## (आ) कार्यकारी समिति

प्रतिष्ठानको उद्देश्य एवम् नीति अनुरुप प्रशिक्षण एवम् अनुसन्धान कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहायबमोजिमको एक कार्यकारी समिति रहने व्यवस्था छ :

| | |
|---|---|
| (क) प्रमुख सचिव | – अध्यक्ष |
| (ख) सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | – सदस्य |
| (ग) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | – सदस्य |
| (घ) सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय | – सदस्य |
| (ङ) सचिव, प्रदेश लोक सेवा आयोग | – सदस्य |
| (च) सचिव, प्रदेश नीति तथा योजना आयोग | – सदस्य |
| (घ) कार्यकारी निर्देशक | – सदस्य सचिव |

समितिले आवश्यकताअनुसार प्रति बैठक एक जना महिलासहित तीन जना विशेषज्ञलाई बैठकमा पर्यवेक्षकका रूपमा आमन्त्रण गर्न सक्ने व्यवस्था रहेको छ।

कार्यकारी समितिले प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी तथा कर्मचारीका लागि आवश्यक प्रशिक्षणको व्यवस्था गर्ने, समय समयमा समसामयिक सवालमा सभा, सम्मेलन, गोष्ठी आयोजना गर्ने, अध्ययन अनुसन्धानका कार्यक्रमहरू

सञ्चालन गर्ने, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्ने, प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा गर्ने, वार्षिक कार्यक्रम र बजेट तर्जुमा गर्ने, कर्मचारीको दरवन्दी सिर्जना गर्ने, प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने, प्रदेश सरकारलाई प्रादेशिक स्तरमा प्रशिक्षण सम्बन्धी नीति तर्जुमा गर्न राय सल्लाह दिने जस्ता कार्य गर्दछ।

## (इ) कार्यकारी निर्देशक

प्रतिष्ठानमा प्रशासकीय प्रमुखको रूपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था ऐनले गरेको छ। कार्यकारी निर्देशकले प्रशिक्षण परिषद् र कार्यकारी समितिले गरेका निर्णय कार्यान्वयन गर्ने गराउने, प्रशिक्षण परिषद्बाट स्वीकृत दीर्घकालीन योजना र वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने, प्रतिष्ठानका प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्याङ्कन गर्ने, प्रतिष्ठानका प्रगति विवरण समय समयमा समितिसमक्ष पेस गर्ने लगायतका कार्य गर्दछ।

प्रदेश सरकारले सार्वजनिक प्रशासन तथा मानव संसाधन विकास महाशाखा, सार्वजनिक नीति तथा स्थानीय शासन महाशाखा र प्रशासन, बजारीकरण तथा परामर्श सेवा महाशाखा रहने गरी आवश्यक पद र दरवन्दी स्वीकृत गरेको छ। ऐनबमोजिम प्रदेश लोक सेवा आयोगमार्फत कर्मचारीको स्थायी पदपूर्ति गरिन्छ।

## (ई) कर्मचारी सम्बन्धी व्यवस्था

प्रदेश लोक सेवा आयोगबाट स्थायी पदपूर्ति नभएसम्मका लागि प्रतिष्ठानलाई आवश्यक जनशक्ति प्रदेश सरकारले कामकाजमा खटाउने व्यवस्था ऐनले गरेको छ। सोही व्यवस्थाबमोजिम हालसम्म प्रतिष्ठानका गतिविधि सञ्चालन भइरहेका छन्। प्रतिष्ठानको स्थायी जनशक्तिको पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगसमक्ष अनुरोध गरिएको छ।

# परिच्छेद–३
# विगत आ.व.हरूको प्रगति समीक्षा

आ.व २०७६ को फागुन अन्तिममा कार्यकारी निर्देशकको नियुक्तिपश्चात औपचारिक रूपमा संस्थाको कार्य प्रारम्भ भएको हो । क्षमता विकासका कार्यक्रम भने आ.व.२०७७/७८देखि मात्र कार्यान्वयनमा आएका थिए । यसरी हेर्दा आ.व. २०८०/८१ को समाप्तीसँगै चार आर्थिक वर्षका क्रियाकलाप सम्पन्न भएका छन् भने प्रतिष्ठान पाचौं वर्षमा प्रवेश गरेको छ । यस खण्डमा विगत आ.व.हरूमा प्रतिष्ठानद्वारा सम्पादन गरिएका मुख्य मुख्य कार्यहरू र प्राप्त उपलब्धिहरूको सारसङ्क्षेप प्रस्तुत गरिएको छ ।

कोरोना भाइरसको महामारीका कारण आ.व २०७६/७७ का चार महिनामा क्षमता विकासका काम हुन सकेनन् । तर संस्थागत विकासका केही महत्त्वपूर्ण कार्य भने प्रतिष्ठानले उक्त आ.व.को छोटो अवधिमा सम्पन्न गरेको थियो । कार्यालय स्थापना, प्रतिष्ठानको सर्वोच्च निकाय प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना, कर्मचारी व्यवस्थापन, कार्यालयको मर्मत संभार, रणनीतिक योजना निर्माण, वार्षिक योजना र कार्यक्रम तर्जुमा, प्रतिष्ठानका प्रचार प्रसार सामग्रीको उत्पादन र प्रकाशन, वेवसाइटको निर्माण, सवारी साधन तथा मेसिनरी तथा औजारको खरिद आदि बन्दाबन्दीको समयमा सम्पन्न भएका कार्यहरू थिए ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रादेशिक सुशासन केन्द्र (PCGG) का लागि खटिई आएका कर्मचारीको व्यवस्थापन, PCGG मार्फत सञ्चालन गरिने कार्यक्रमको कार्यान्वयन कार्ययोजना निर्माण, तालिम पाठ्यक्रम निर्माण र अन्य नीतिगत तयारीसमेत उक्त अवधिमा सम्पन्न गरिएको थियो । तीनै कार्यहरूको जगमा प्रतिष्ठानका क्रियाकलाप कार्यान्वयन भइरहेका छन् ।

आर्थिक वर्ष २०७७/७८ देखि प्रतिष्ठानले क्षमता विकासका क्रियाकलाप कार्यान्वयन गरेको थियो । उक्त आ.व. का लागि प्रदेश सरकारबाट चालुतर्फ १ करोड ७० लाख १३ हजार र पूँजीगततर्फ ५० लाख गरी कुल २ करोड २० लाख १३ हजार रुपियाँ विनियोजन भएको थियो । त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रादेशिक सुशासन केन्द्रद्वारा खर्च गर्नेगरी कुल १८ करोड २ लाख ५० हजार रुपियाँ विनियोजन भएको थियो । सो रकम मध्ये प्रतिष्ठानको भवन निर्माणका लागि विनियोजित ५ करोड रुपियाँ भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत खर्च गर्नेगरी अख्तियारी प्रदान  गरिएको थियो ।

आ.व. २०७७/७८ रणनीतिक योजनाको पहिलो वर्ष थियो । उक्त वर्षलाई पूर्वाधार तयारीको वर्षका रूपमा घोषणा गरी कार्यालय व्यवस्थापन, कर्मचारी व्यवस्थापन, प्रशिक्षण र अनुसन्धान सम्बन्धी नीति तर्जुमा, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, क्षमता विकास आवश्यकताको पहिचान, प्रशिक्षण सामग्री निर्माण, क्षमता विकास कार्यक्रमको कार्यान्वयन, अध्ययन, अनुसन्धान, बहस र संवाद, ISO प्रक्रियाको पूर्वाधार निर्माण, प्रतिष्ठानको भवन निर्माण (भौतिक पूर्वाधार विकास

मन्त्रालयमार्फत), पूराना संरचनाको मर्मत संभार र कार्यालय परिसरको सौन्दर्यकरण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण, प्रतिष्ठानको मानव संसाधन विकास जस्ता क्रियाकलाप निर्धारण गरिएको थियो । रणनीतिक योजनामा उल्लिखित सम्पूर्ण क्रियाकलापहरू उक्त आ.व.मा कार्यान्वयनमा अएका थिए ।

प्रदेश सरकारबाट विनियोजन भएको रकम कर्मचारीको सेवाकालीन र सेवा प्रवेश तालिम एवम् स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि आवश्यकतामा आधारित प्रशिक्षण सञ्चालन गर्ने, प्रशिक्षण सामग्री निर्माण र प्रकाशन गर्ने तथा अध्ययन अनुसन्धानका कार्य गर्ने गरी विनियोजन गरिएको थियो । त्यसैगरी, सङ्घ ससर्त अनुदान अन्तर्गत प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फको बजेट प्रदेश समन्वय समितिद्वारा निर्णय भएका क्रियाकलापमा तोकिएका नतिजाका लागि बाँडफाँट गरिएको थियो । स्थानीय तहको आवधिक योजना र राजस्व सुधार कार्ययोजना तर्जुमा, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अभिमुखीकरण, प्रदेश र स्थानीय तहका पदाधिकारी र कर्मचारीको क्षमता विकास आदि क्रियाकलापका लागि उक्त बजेट बाँडफाँट गरी वार्षिक रणनीतिक योजनाबमोजिम खर्च गरिएको थियो ।

कोरोनाको महामारीका बावजुद प्रतिष्ठानले आ.व. २०७७/७८ मा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सफल भएको थियो । उक्त आ.व.देखि नै प्रतिष्ठानले सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम र ५ कार्यदिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याएको थियो । सहायकस्तरका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सहमति प्रदान गरी सबै प्रदेशका तालिम केन्द्रमा समेत प्रयोगमा ल्याउन परिपत्र गरेको थियो । सोही पाठ्यक्रमका आधारमा उक्त आ.व. मा ११६ जना सहायकस्तरका कर्मचारीले सेवाकालीन तालिम प्राप्त गरेका थिए भने ११ जिल्लाका ६१ स्थानीय तहमा कार्यरत २६३ जना कर्मचारीले सेवा प्रवेश तालिमको अवसर प्राप्त गरेका थिए ।

स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि, संस्थागत विकास र सुशासन प्रवर्द्धनका क्षेत्रमा उक्त आ.व.देखि नै प्रतिष्ठानका क्रियाकलाप केन्द्रित भएका थिए । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम मार्फत २५ वटा स्थानीय तहको आवधिक योजना तर्जुमा र ४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माणमा प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराएको थियो भने १०५ वटा तालिम मार्फत ४३१८ जना जनप्रतिनिधि र कर्मचारीले क्षमता विकासको अवसर प्राप्त गरेका थिए । यसैगरी उक्त आ.व.मा ५९ वटा स्थानीय तहमा संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी अभिमुखीकरण र १४ स्थानीय तहमा लैससास मूलप्रवाहीकरण सम्बन्धी तालिम सम्पन्न भएका थिए । प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फको ससर्त अनुदान रकमबाट उक्त आ.व.मा कुल १२१ वटा क्षमता विकासका तालिम तथा अभिमुखीकरण कार्यक्रमबाट ४९२७ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका थिए ।

सङ्घीय मुलुकका विभिन्न तहका सरकारहरू बीचको अन्तरसम्बन्ध र सङ्घीयता कार्यान्वयनको

विषयमा अन्तर्राष्ट्रिय अनुभव र सिकाइ आदान प्रदान गर्ने उद्देश्यले प्रतिष्ठानद्वारा फोरम अफ फेडेरेसनसँगको सहकार्यमा प्रदेश र स्थानीय तहका लागि भर्चुअल माध्यमबाट सवाल केन्द्रित संवाद कार्यक्रम सम्पन्न भएको थियो । तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानूनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमादेखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई प्रशिक्षणमा समावेश गराउने अभिप्रायले अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन सम्पन्न भएको थियो । सङ्घीयताको कार्यान्वयनपश्चात तहगत सरकारहरू बीचको अन्तरसम्बन्धको अवस्थाको विश्लेषण र आगामी दिनका लागि तहगत सरकारहरूले निर्वाह गर्नुपर्ने भूमिकाका लागि उक्त अध्ययन कोसेढुङ्गा सावित भएको छ ।

रणनीतिक योजनाबमोजिम आ.व. २०७७/७८ लाई पूर्वाधार विकासको वर्षका रूपमा घोषणा गरिएको थियो । प्रतिष्ठानका संस्थागत संरचनाहरूलाई क्रियाशील गराउने, भौतिक पूर्वाधार निर्माण गर्ने, कार्यप्रणाली र कार्यसंस्कृतिको विकास गर्ने जस्ता कार्यहरूलाई रणनीतिक योजनामार्फत प्राथमिकतामा राखिएको थियो । सोही मुताविक प्रशिक्षण परिषद् र कार्यकारी समितिको बैठक आयोजना गर्ने, प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति, रणनीतिक योजना र सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रम परिषद्को बैठकबाट स्वीकृत गर्ने, कार्यालयमा कार्यरत कर्मचारीको क्षमता विकासको लागि विज्ञद्वारा प्रशिक्षक प्रशिक्षण सञ्चालन गरी पेसागत दक्षता विकास गर्ने, कार्यालयको मर्मत संभार र कार्यालय परिसरमा बगैंचा निर्माण गर्ने, तालिम कक्षको मरमत संभार गर्ने जस्ता कार्य उक्त आ.व. मा सम्पन्न भएका थप क्रियाकलापहरू हुन् । प्रतिष्ठानका लागि आवश्यक कर्मचारीका लागि सङ्गठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी स्थायी दरवन्दी सिर्जना र ISO प्रक्रियाको थालनी उक्त आ.व मै सम्पन्न भएका थिए भने तालिमपश्चातको फलोअप सुरु गरिएको थियो ।

संस्थागत पूर्वाधार निर्माणका लागि प्रतिष्ठानको भवन निर्माणको कार्य सोही आ.व.देखि प्रारम्भ भएको थियो । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ फागुन १७ गते प्रतिष्ठानको भवनको शिलान्यास गर्नुभएको थियो । भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत उक्त भवनको निर्माण कार्य अगाडि बढिरहेको छ । चौमासिक बुलेटिन र वार्षिक क्यालेण्डर प्रकाशन, संस्थागत परिचयका लागि ब्रोसर तयारी, वेवसाइट सञ्चालन जस्ता कार्यमार्फत ज्ञान व्यवस्थापनका कार्यको थालनी भएको थियो । यसरी कार्यक्रम कार्यान्वयनको पहिलो वर्षमा नै प्रतिष्ठानले संस्थागत पूर्वाधार निर्माण, संस्थागत विकास र क्षमता विकासका महत्त्वपूर्ण कार्य सुरुवात गरेको थियो ।

रणनीतिक योजनाबमोजिम आ.व. २०७८/७९ संस्थागत विकासको वर्षका रूपमा रहेको थियो । उक्त आ.व. का लागि प्रदेश सरकारबाट रु.१ करोड ९२ लाख ११ हजार र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका लागि १८ करोड २३ लाख ५० हजार विनियोजन भएको थियो । प्रदेश सरकारबाट प्राप्त अनुदान रकमबाट सहायकस्तरका कर्मचारीको सेवाकालीन र नवनियुक्त कर्मचारीलाई सेवा प्रवेश तालिम, प्रशिक्षण सामग्रीको प्रकाशन, निर्मित संरचनाको मरमत संभार जस्ता कार्यक्रम सम्पन्न

भएका थिए भने प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत तोकिएका प्रतिफलबमोजिम विभिन्न कार्यक्रम कार्यान्वयन भएका थिए । प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको सङ्घ ससर्त रकमबाट लामो तथा छोटो अवधिका कुल १६३ वटा तालिम उक्त आ.व.मा सम्पन्न भएका थिए । उल्लिखित तालिमहरूबाट कुल ६८८७ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका थिए ।

स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि र सुशासन प्रवर्द्धनका लागि उक्त आ.व.मा प्रतिष्ठानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो । स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कनलाई संस्थागत गर्ने काममा प्रतिष्ठानले प्राविधिक सहयोग प्रदान गरेको थियो भने जिल्ला समन्वय समितिसँगको समन्वयमा स्वमूल्याङ्कन नतिजाको गुणस्तर जाँच गर्ने काम भएको थियो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तयार गरिएको स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन कार्यविधिको आधारमा स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कनका लागि सबै स्थानीय तहमा अभिमुखीकरणको कार्य उक्त आ.व. मा सम्पन्न भएको थियो । सो कार्यविधिको अवलम्बन गरी स्थानीय तहहरूले आ-आफ्नो कार्यालयको वित्तीय जोखिको मूल्याङ्कन गर्ने कार्य प्रारम्भ गरेका थिए । लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण र लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण जस्ता कार्यबाट स्थानीय शासनमा लैससास मूलप्रवाहीकरण गर्ने कार्यमा योगदान पुगेको थियो । उक्त आर्थिक वर्षमा नै स्थानीय आर्थिक विकास सम्बन्धी प्रशिक्षण सामग्री प्रकाशन र स्थानीय तहहरूलाई वितरण गर्ने कार्य सम्पन्न भएको थियो ।

प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृत कर्मचारीको वृत्ति विकासमा सहायक ३० कार्यदिने सेवाकालीन तालिम सञ्चालन गर्ने अभिप्रायले आफ्नै पहलमा सेवाकालीन तालिम पाठ्यक्रम निर्माणको काम उक्त आ.व.मा सम्पन्न भएको थियो । उक्त पाठ्यक्रमका आधारमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गर्ने एवम् उक्त पाठ्यक्रमलाई प्रशिक्षण परिषद्बाट स्वीकृत गर्ने कामसमेत उक्त आ.व.मा नै सम्पन्न भएका थिए । प्रतिष्ठानद्वारा तयार गरिएको अधिकृतस्तरको सेवाकालीन तालिम पाठ्यक्रम अन्य प्रदेशमा समेत कार्यान्वयनमा आएको छ ।

प्रदेश र स्थानीय तहका लागि प्रदेश लोक सेवा आयोगबाट छनौट भई सिफारिस भएका नवप्रवेशी कर्मचारीलाई सेवा प्रवेश तालिम उपलब्ध गराउने उद्देश्यले सबै सेवा समूहका लागि लक्षित गरी पाँच दिने सेवा प्रवेश तालिम पाठ्यक्रम निर्माणको काम उक्त आ.व. मा सम्पन्न भएको थियो । उक्त तालिम पाठ्यक्रम प्रतिष्ठानको कार्यक्षेत्र विस्तारका लागि अर्को महत्त्वपूर्ण कार्य थियो ।

सहायकस्तरका कर्मचारीको सेवाकालीन तालिम आ.व.२०७८/७९ मा समेत सञ्चालन भएको थियो । उक्त तालिमबाट सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत ११२ जना कर्मचारी लाभान्वित भएका थिए । त्यसैगरी, गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहका लागि सिफारिस भएका स्वास्थ्य, कृषि र इन्जिनियरिङ सेवाका ८५८ जना कर्मचारीका लागि एक

दिने सेवा प्रवेश अभिमुखीकरण प्रदेश लोक सेवा आयोगसँगको समन्वयमा सोही आ.व.मा सम्पन्न भएको थियो ।

स्थानीय तहको अगुवाइमा सङ्घीय सरकारको पन्ध्रौं योजना तथा प्रदेश सरकारको पहिलो आवधिक योजनासँग तादत्म्य कायम गरी राष्ट्रिय योजना आयोगले तयार गरेको आवधिक योजना तर्जुमाको ढाँचा एवम् प्रदेश नीति तथा योजना आयोगको मार्गदर्शनको अनुसरण गरी उक्त आ.व. मा ८ वटा स्थानीय तहले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत आवधिक योजना तर्जुमाको कार्य सम्पन्न गरेका थिए । त्यसैगरी, २९ वटा स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण, ४४ स्थानीय तहमा लैससास मुलप्रवाहीकरण रणनीति तर्जुमा र २० स्थानीय तहमा क्षमता विकास योजना तर्जुमा गर्ने कार्यमा प्रतिष्ठानमार्फत आर्थिक एवम् प्राविधिक सहयोग पुगेको थियो । त्यसैगरी, उक्त आ.व.मा प्रतिष्ठानको आर्थिक एवम् प्राविधिक सहयोगमा ४९ स्थानीय तहको लैससास परीक्षण सम्पन्न भएको थियो ।

स्थानीय तहमा नवनिर्वाचित प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षका लागि स्थानीय तह सञ्चालन र व्यवस्थापन सम्बन्धी २ दिने अभिमुखीकरणगत उक्त आ.व.को जेठ २७ र २८ गते पोखरामा सम्पन्न भएको थियो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समन्वय र प्रतिष्ठानको आयोजनामा सञ्चालित उक्त अभिमुखीकरणमा गण्डकी प्रदेशका सबै स्थानीय तहका ५७ महिला र १०२ जना पुरुष गरी १५९ जनाको उपस्थिति रहेको थियो ।

मुख्यन्यायाधिवक्ताको कार्यालयसँगको समन्वयमा सोही आ.व. मा "सङ्घीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका" विषयक संवाद कार्यक्रम सम्पन्न भएको थियो । तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानूनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमादेखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई आवश्यकताअनुसार प्रशिक्षणमा समावेश गराउने एवम् सरोकारवालासमक्ष अध्ययनका निष्कर्ष प्रस्तुत गर्ने अभिप्रायले गरिएको अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययनको प्रतिवेदन प्रकाशन गर्ने काम सोही आ.व.मा सम्पन्न भएको थियो । आ.व. २०७९/८० सम्ममा ISO 9001:2015 प्रमाण पत्र प्राप्त गर्ने लक्ष्य रहेकोमा आ.व २०७८/७९ मा नै सो कार्य पूरा भएको थियो ।

आ.व २०७९/८० रणनीतिक योजनाबमोजिम कार्यक्रम कार्यान्वयनको वर्षका रूपमा रहेको थियो । उक्त वर्ष स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको क्षमता विकासलाई केन्द्रित गरी वर्ष कार्यक्रम तय गरिएको थियो । योजनाबमोजिम उक्त आ.व. का लागि क्षमता विकास कार्यक्रमको व्यापक कार्यान्वयन गर्ने, अध्ययन, अनुसन्धानका कार्यलाई निरन्तरता दिने, बहस र संवादको आयोजना गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण गर्ने, ISO प्रक्रियाको फलोअप गर्ने, प्रतिष्ठानको मानव संसाधन विकास गर्ने जस्ता क्रियाकलाप योजना गरिएको थियो । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गतका क्रियाकलापलाई रणनीतिक योजनासँग तादात्म्य कायम गर्नेगरी योजना गरिएको थिया । उक्त आ.व. का लागि देहायबमोजिमको

रकम विनियोजन भएको थियो :

| कार्यक्रम | पूँजीगत | साधारण | जम्मा |
|---|---|---|---|
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश सरकार अनुदान) | ३५०००००० | ३३९९९००० | ३७४९९००० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सङ्घ ससर्त अनुदान) | ५२४०००००० | ८४०००००० | १३६४०००००० |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (कर्मचारी तलब) | | ३०००००० | ३०००००० |
| **कूल** | **५५९०००००** | **१२०९९९०००** | **१७६८९९०००** |

बजेट र कार्यक्रमको परिधिभित्र रहेर जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम वर्षैभरी कार्यान्वय भएका थिए। प्रदेश तथा स्थानीय तहका लागि तालिम आवश्यकताको पहिचान गरी वार्षिक कार्यक्रम र बजेट निर्माण गरिएको थियो। उक्त आ.व.मा प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि लामो र छोटो अवधिका ११६ वटा तालिम सञ्चालन भएका थिए। यसबाट कुल ४२०७ जनाले क्षमता विकासको अवसर प्राप्त गरेका थिए।

स्थानीय तहका नवनिर्वाचित पदाधिकारीहरूको अभिमुखीकरण गत आर्थिक वर्षको महत्त्वपूर्ण कार्यक्रम थियो । स्थानीय तहको निर्वाचन लगतै अघिल्लो आ.व को जेठ २७ र २८ गते प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षहरूका लागि पोखरामा आधारभूत तहको अभिमुखीकरण सम्पन्न भएकोमा गत आ.व मा जिल्ला समन्वय समितिसँगको समन्वयमा प्रदेशका सबै स्थानीय तहका वडा अध्यक्षहरूका लागि स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयवस्तुमा अभिमुखीकरण सम्पन्न भएको थियो। यसबाट ६७९ जना वडा अध्यक्षहरू लाभान्वित भएका थिए। त्यसैगरी, अघिल्लो आ.व. मा स्याङ्जा र गोरखा जिल्लाका उप-प्रमुख/उपाध्यक्ष र कार्यपालिका सदस्यका लागि दुई दिने लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण सञ्चालन गरिएकोमा बाँकी स्थानीय तहहरूका लागि गत आ.व. मा उक्त कार्यक्रम सम्पन्न भएको थियो। यसबाट १०६ जना जनप्रतिनिधि लाभान्वित भएका थिए।

गण्डकी प्रदेश लोक सेवा आयोगद्वारा छनौट भई स्थानीय तहका लागि सिफारिस भएका नवप्रवेशी कर्मचारीहरूलाई अघिल्लो वर्ष प्रदेश लोक सेवा आयोगको समन्वयमा १ दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएकोमा गत आ.व.मा त्यस्ता ३१५ जना कर्मचारीले ५ दिने सेवा प्रवेश तालिम प्राप्त गरेका थिए।

विगत वर्षहरूमा सहायकस्तरका कर्मचारीका लागि ३० कार्यदिने सेवाकालीन तालिम सञ्चालन गरिँदै आएकोमा गत आ.व.देखि प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका

अधिकृतस्तरका कर्मचारीका लागि समेत सेवाकालीन तालिम प्रारम्भ भएको थियो। प्रतिष्ठानले तयार गरेको अधिकृतस्तरका कर्मचारीको सेवाकालीन तालिम पाठ्यक्रमबमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरी प्रशिक्षण परिषद्को स्वीकृतिमा उक्त तालिम सञ्चालन गरिएको थियो । यसबाट ५८ जना अधिकृतस्तरका कर्मचारी लाभान्वित भएका थिए । प्रदेश तहमानै अधिकृतस्तरको सेवाकालीन तालिम सञ्चालन हुनु प्रदेश सरकार र प्रतिष्ठानका लागि अर्को महत्त्वपूर्ण सफलता थियो । यसैगरी, सहायकस्तरका ५६ कर्मचारीले गत आ.व.मा सेवाकालीन तालिमको अवसर प्राप्त गरेका थिए।

गत आ.व.मा प्रदेश र स्थानीय तहका कर्मचारीका लागि सार्वजनिक खरिद, मध्यमकालीन खर्च संरचना, वातावरणीय प्रभाव मूल्याङ्कन, सामाजिक सुरक्षा तथा पञ्जीकरण, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्तिका लागि कार्यविवरण, कार्यस्थलमा हुने लैङ्गिक हिँसा, लैससास परीक्षण जस्ता तालिम सञ्चालन भएका थिए। त्यसैगरी, स्थानीय तहका विषयगत समितिका पदाधिकारीको काम कर्तव्य र अधिकार, वडा समितिका सदस्यहरूका लागि रुपान्तरणकारी नेतृत्व जस्ता तालिम आयोजना भएका थिए। कार्यालय सहयोगी, हलुका सवारी चालक र सुरक्षा गार्डका लागि उनीहरूको कार्यविवरणसँग सम्बन्धित तालिम सञ्चालन गरिएको थियो । यस्ता तालिमहरूबाट कुल ३१३९ जना कर्मचारी तथा जनप्रतिनिधि लाभान्वित भएका थिए।

स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम गत आ.व. मा कार्यान्वयन भएका थिए। सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिसँगको समन्वय र सहजीकरणमा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन, स्वमूल्याङ्कन नतिजाको गुणस्तर परीक्षण, स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कन जस्ता कार्यक्रम कार्यान्वयन भएका थिए। प्रतिष्ठानको सहजीकरणको परिणामस्वरुप गण्डकी प्रदेशका सबै स्थानीय तहले संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कन सम्पन्न गरी आ-आफ्नो वेवसाइटमा नतिजा सार्वजनिक गरेका थिए।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत गत आ.व. मा ५ स्थानीय तहको आवधिक योजना तर्जुमा, १५ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना, १५ वटा स्थानीय तहको क्षमता विकास योजना र २० वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण गर्न प्रतिष्ठानले आर्थिक एवम् प्राविधिक सहयोग उपलब्ध गराउने गरी सम्बन्धित स्थानीय तहसँग समझदारी भएकोमा ४ स्थानीय तहको आवधिक योजना तर्जुमा, १४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना, १४ वटा स्थानीय तहको क्षमता विकास योजना र १९ वटा स्थानीय तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति निर्माण भएका थिए। यसै गरी २० स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको काम सम्पन्न भएको थियो । यसबाट नव निर्वाचित जनप्रतिनिधिहरूलाई विकास र सुशासनका कार्यक्रम कार्यान्वयन गर्न महत्त्वपूर्ण टेवा पुगेको थियो ।

अघिल्ला वर्षहरूमा आन्तरिक रूपमा प्रशिक्षण कार्यक्रमको प्रभावकारिताको फलोअप तथा अनुगमन गरिँदै आएकोमा गत आ.व.मा विज्ञ परामर्शदाता परिचालन गरि प्रतिष्ठानद्वारा प्रदान गरिएका क्षमता विकास कार्यक्रमको प्रभावकारिता मूल्याङ्कनको कार्य सम्पन्न भएको थियो । क्षमता विकासको क्षेत्रमा प्रतिष्ठानले सुरु गरेको यो महत्त्वपूर्ण कार्य थियो ।

प्रतिष्ठानका प्रशिक्षण, अनुसन्धान र अन्य कार्यलाई अन्तर्राष्ट्रिय मापदण्डबमोजिम बनाउने उद्देश्यका साथ प्रारम्भ गरिएको गुण व्यवस्थापन प्रणाली संस्थागत भएको छ । गत आ.व. सम्ममा ISO 9001:2015 प्रमाण पत्र प्राप्त गर्ने लक्ष्य रहेकोमा आ.व २०७८/७९ मा नै सो कार्य पूरा भएको थियो । गत आ.व.मा त्यसको Internal Audit र पहिलो Surveillance Audit सम्पन्न भएको थियो । उपर्युक्त परीक्षणहरूबाट गुण व्यवस्थापन प्रणाली संस्थागत हुँदै गएको प्रतिवेदन प्राप्त भएको थियो । यसलाई नेपालको प्रशिक्षणको इतिहासमा एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा लिइएको छ । यसले प्रतिष्ठानको छविलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने काम समेत गरेको छ । गुण व्यवस्थापन प्रणालीलाई अन्य तालिम प्रदायक संस्थाहरूमा समेत कार्यान्वयन गर्नका लागि प्रतिष्ठानले सहजीकरण गरेको थियो ।

सवाल केन्द्रित संवाद कार्यक्रमले गत वर्ष पनि निरन्तरता पाएको थियो । गत आ.व.मा तीन वटा सवाल केन्द्रित संवाद कार्यक्रम आयोजना भएका थिए । स्थानीय तहका प्रमुख एवम् प्रमुख प्रशासकीय अधिकृतहरूसँग स्थानीय तहमा निर्माण गरिएका आवधिक योजना, राजस्व सुधार कार्ययोजना, क्षमता विकास योजना, लैससास रणनीति, लैससास परीक्षण र लैङ्गिक उत्तरदायी बजेटको कार्यान्वयनको अवस्थाका बारेमा छलफल भएको थियो । यसले नवनिर्वाचित पदाधिकारीका लागि आफ्नो स्थानीय तहमा तयार भएका योजनाहरूको अवस्था र सोको प्रभावकारी कार्यान्वयनका लागि महत्त्वपूर्ण पृष्ठपोषण प्रदान गरेको थियो ।

गण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरू, शैक्षिक संस्था र अनुसन्धान केन्द्रहरूसँग क्षमता विकासको सन्दर्भमा गुण व्यवस्थापन प्रणालीको सान्दर्भिकता सम्बन्धमा संवाद कार्यक्रमको आयोजना भएको थियो । यसले क्षमता विकासमा कामगर्ने संस्थाहरू र शैक्षिक संस्थाहरूलाई गुण व्यवस्थापन प्रणालीको अवलम्बन गर्न प्रेरणा प्राप्त भएको थियो ।

गत आर्थिक वर्षमा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सभाका सदस्यहरू, प्रदेश सरकारका सचिव एवम अन्य पदाधिकारीहरू बीच वित्तीय सङ्घीयता, अन्तर सरकार सम्बन्ध र प्रदेशमा कानून निर्माण प्रक्रिया जस्ता विषयमा संवाद कार्यक्रमको आयोजना भएको थियो । उक्त संवाद कार्यक्रममा दक्षिण अफ्रिकाको अन्तर सरकारी सम्बन्धका बारेमा समेत विज्ञद्वारा कार्यपत्र प्रस्तुत भएको थियो । यस्ता संवाद कार्यक्रमले नीति निर्मातालाई महत्त्वपूर्ण पृष्ठपोषण भएको छ ।


गत आ.व.मा प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरूमा प्रशिक्षणका आधारभूत विधि र प्रक्रिया सम्बन्धी ज्ञान र सीप प्रदान गरी प्रदेशमा सञ्चालन गरिने सबै किसिमका तालिमको न्यूनतम मापदण्ड र गुणस्तर कायम गर्न सहयोग गर्ने अभिप्रायले नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको

सहकार्यमा प्रशिक्षकहरूको पेसागत दक्षता विकास कार्यक्रम सम्पन्न भएको थियो । यसले तालिम प्रदायक संस्थाहरूलाई Instructional Design पद्धतिका आधारमा तालिम कार्यक्रमको तयारी र कार्यान्वयन गर्न ठूलो टेवा पुगेको पृष्ठपोषण प्राप्त भएको छ।

प्रतिष्ठानले आ.व. २०७७/७८देखि २०७९/८० सम्म कार्यान्वयन गरेका क्षमता विकास कार्यक्रमको सारसङ्क्षेप निम्नअनुसार रहेको छ :

**Details of Training by Fiscal Year**

| Fiscal Year | No. of Events | Toal Beneficiaries |
|---|---|---|
| 2077/78 | 121 | 4927 |
| 2078/79 | 163 | 6887 |
| 2079/80 | 116 | 4207 |
| **Total** | **400** | **16021** |




गत आ.व. मा पनि भवन निर्माणको कार्य निरन्तर रूपमा अगाडि बढ्यो । बहुवर्षीय योजनाका रूपमा निर्माण प्रारम्भ भएको भवन आ.व. २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको थियो। पूराना संरचनाको मरमर संभार र कार्यालय परिसरको सौन्दर्यकरणको कार्य निरन्तर रूपमा अगाडि बढेका थिए। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण र प्रतिष्ठानको मानव संसाधन विकास जस्ता कार्यक्रमहरू योजनाअनुसार नै कार्यान्वयनमा आएका थिए। University of British Columbia, Canada का विद्यार्थीहरूलाई स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रतिष्ठानले खेलेको भूमिकाका बारेमा प्रस्तुतीकरण भएको थियो । त्यसैगरी, सिङ्गापुरमा कार्यालय रहेको Chandler Academy of governance ले आयोजना गरेको Global Survey on Public Sector Training मा प्रतिष्ठान पनि सहभागी हुने अवसर प्राप्त भएको थियो। प्रतिष्ठानले अगाडि सारेको Competency Based Training को अवधारणा उक्त सर्वेक्षण प्रतिवेदनमा समावेश भएको थियो । गत आ.व.मा The World Bank, The European Union, Norwegian Embassy, Swiss Embassy, Australian Embassy, British Embassy लगायतका दातृ निकाय र विकास साझेदारहरूले प्रतिष्ठानको अवलोकन र प्रतिष्ठानद्वारा सम्पादित कार्यक्रमको बारेमा जानकारी लिएका थिए। अन्य प्रदेशका तालिम केन्द्रका कर्मचारीहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएका थिए।

प्रतिष्ठानका कर्मचारीको मानव संसाधन विकास र क्षमता विकास कार्यक्रम अन्तर्गत सिकाइ आदान प्रदान कार्यक्रम आयोजना गरी अन्य प्रदेशका असल अभ्यासबाट सिक्ने अवसर प्राप्त भएको थियो । त्यसका लागि कर्णाली र सुदुरपश्चिम प्रदेशका तालिम केन्द्रहरूको भ्रमण गरिएको थियो । त्यसैगरी, विभिन्न विषयगत तालिमहरूमा प्रतिष्ठानका कर्मचारीहरूले सहभागीता जनाएका थिए। ज्ञान केन्द्रको स्थापना, डाटा बैंक र सर्भर प्रणालीको कार्यान्वयन, प्रशिक्षणका लागि आवश्यक

उपकरण खरिद र तालिम कक्षको मर्मत संभार, अवलोकन भ्रमणमा आउने आगन्तुकहरूसँगको अन्तरक्रिया आदि गत आर्थिक वर्षमा सम्पादन गरिएका थप कार्यहरू थिए।

प्रशिक्षण पद्धतिमा परिवर्तन गर्दैजाने प्रतिष्ठानको नीतिबमोजिम Beyond Training को रणनीतिलाई कार्यान्वयन गर्न सार्वजनिक निकायमा कार्यरत कार्यालय सहयोगी, सुरक्षा गार्ड र हलुका सवारी चालकका लागि आ.व. २०७८/७९ मा तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को प्रकाशन र सोको अभिमुखीकरण गत आ.व. मा सम्पन्न भएको थियो। त्यसैगरी, गत आ.व.मा सार्वजनिक निकायको आर्थिक प्रशासनसँग सम्बन्धित आधार भूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) निर्माणको कार्य सम्पन्न भएको थियो। यसलाई विद्यमान प्रशिक्षणको आयाममा परिवर्तन र क्षमता विकासमा नयाँ प्रयोगको रूपमा लिइएको छ।

ज्ञान व्यवस्थापनका क्षेत्रमा प्रतिष्ठानले सुरुदेखि नै कार्य गर्दै आइरहेको छ। तालिम सामग्रीको प्रवन्ध गर्ने, ज्ञान केन्द्रको स्थापना गर्ने, वार्षिक क्यालेण्डर र चौमासिक बुलेटिन प्रकाशन गर्ने, अध्ययन तथा अनुसन्धान प्रतिवेदन, प्रशिक्षण सामग्री आदि प्रकाशन गर्ने जस्ता कार्यहरू निरन्तर रूपमा कार्यान्वयन भएका थिए।

प्रतिष्ठानमा कार्यरत कर्मचारीको पेसागत दक्षता विकास गर्ने अभिप्रायले वार्षिक रूपमा कार्यक्षमताको मूल्याङ्कन गर्ने र सोका आधारमा कार्यक्षमता सुधार योजना निर्माण गर्ने, मासिक र साप्ताहिक योजना र प्रतिवेदन प्रणालीको कार्यान्वयन गरी नतिजामूलक कार्यसंस्कृतिको विकास र कर्मचारीको काममा समन्वय कायम गर्ने जस्ता कार्य निरन्तर रूपमा कार्यान्वयन भएका थिए। यस्ता कार्यहरूले संस्थाको कार्यप्रणाली र कार्यसंस्कृति विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

उल्लिखित उपलब्धिहरूको जगमा उभिएर चालु आर्थिक वर्ष २०८०।८१ का कार्यक्रमहरू कार्यान्वयन भएका छन्। चालु आ.व.मा सम्पन्न भएका गतिविधिहरूको विवरण चौथो परिच्छेदमा उल्लेख गरिएको छ।

# परिच्छेद–४
# आ.व.२०८०/८१ को प्रगति

## ४.१ आ.व. २०८०/८१ को योजना

आर्थिक वर्ष २०८०/८१ लाई प्रतिष्ठानले "समन्वय साझेदारी निर्माणको वर्ष"का रूपमा घोषणा गरेको थियो । प्रतिष्ठानको संस्थागत स्थायित्व र आत्मनिर्भरताका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय र साझेदारी बढाउनु पर्ने आवश्यकतालाई आत्मसात गरी चालु आ.व.लाई समन्वय साझेदारी निर्माणको वर्षका रूपमा योजना गरिएको थियो । रणनीतिक योजनामा उल्लिखित क्रियाकलापलाई आधार मानी तयार गरिएको वार्षिक योजनाअनुसार प्रतिष्ठानले यस आ.व.का कार्यक्रम कार्यान्वयन गरेको छ । चालु आ.व. का लागि रणनीतिक योजनमा समावेश भएका क्रियाकलापको विवरण निम्नानुसार छ :

| आ.व. २०८०/८१ का लागि रणनीतिक योजनामा प्राथमिकता प्राप्त कार्यक्रमहरू | | | |
|---|---|---|---|
| वर्ष | प्राथमिकता | क्रियाकलाप | कैफियत |
| चौथो आ.व. २०८०/८१ | समन्वय साझेदारी निर्माणको वर्ष | • राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पर्क, समन्वय र साझेदारी निर्माण<br>• क्षमता विकास कार्यक्रमको कार्यान्वयन<br>• अध्ययन, अनुसन्धान, बहस र संवाद<br>• वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा<br>• दोस्रो आवधिक योजना तर्जुमाको सुरुवात<br>• ISO को प्राप्ति<br>• प्रतिष्ठानको मानव संसाधन विकास | |

उल्लिखित रणनीतिक योजनाको परिधिभित्र रही चालु आ.व. का लागि तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रम तल उल्लेख गरिएको छ ।

## ४.२ आ.व.२०८०/८१ को बजेट तथा कार्यक्रम

(क) प्रदेश सरकारतर्फको बजेट तथा कार्यक्रम

| क्र.सं. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| १ | प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम | १ | पटक | ५०००० | ५०००० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका कर्मचारीहरूका लागि क्षमता अभिवृद्धि तालिम | १ | पटक | ५००००० | ५००००० |
| ३ | कर्मचारीको सेवाकालीन तालिम | २ | पटक | १२००००० | २४००००० |
| ४ | फेलोसिप कार्यक्रम | १ | पटक | ५००००० | ५००००० |
| ५ | गुण व्यवस्थापन प्रणाली सम्वन्धी कार्यशाला | १ | पटक | २००००० | २००००० |
| ६ | सुशासनका लागि नेतृत्व सम्मेलन (Leader Summit) (संघ, प्रदेश र स्थानीय तह) | १ | पटक | १०००००० | १०००००० |
| ७ | अनुभव आदानप्रदान सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय कार्यशाला | १ | पटक | ८००००० | ८००००० |
| ८ | ज्ञान केन्द्र(Knowledge Canter)को स्थापना | १ | पटक | ५००००० | ५००००० |
| ९ | प्रशिक्षार्थी (Internship) कार्यक्रम | २ | पटक | १५०००० | ३००००० |
| १० | प्रशिक्षण सामग्री प्रकाशन | २ | पटक | ५००००० | १०००००० |
| ११ | सवाल केन्द्रित संवाद | १ | पटक | ५००००० | ५००००० |
| १२ | अन्तर सरकार सम्वन्ध र अनुगमन तथा मूल्याङ्कन प्रशिक्षण सामग्री छपाइ तथा वितरण | १ | पटक | ५००००० | ५००००० |
| १३ | कार्यमूलक अनसन्धान, लेख तथा प्रकाशन | १ | पटक | ५००००० | ५००००० |
| १४ | पेसागत क्षमता विकास सम्बन्धी तालिम | १ | पटक | ५००००० | ५००००० |
| | **कार्यक्रमको जम्मा** | १७ | | | ९२५०००० |

(ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सङ्घ ससर्त अनुदान)

| क्र.स. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| **प्रतिफल ७ : क्षमता विकास सम्बन्धी सेवा प्रवाहका लागि प्रादेशिक सुशासन केन्द्र (PCGG) सञ्चालनमा आएको हुने** | | | | | |
| १ | प्रतिष्ठानको Website Update गर्ने | १ | पटक | ३००००० | ३००००० |
| २ | जिन्सी प्रशासनका कर्मचारीहरूका लागि आधारभूत कार्य सञ्चालन कार्यविधि (SOP for Store) निर्माण | १ | वटा | ५००००० | ५००००० |
| ३ | प्रतिष्ठानका कर्मचारीहरूका कलागि क्षमता विकास तालिम | १ | पटक | ४००००० | ४००००० |
| ४ | अन्तर प्रदेश सिकाइ आदानप्रदान भ्रमण | १ | पटक | ४००००० | ४००००० |
| ५ | प्रशिक्षण सामग्रीको प्रकाशन (२ वटा आधारभूत कार्यविधिहरू र एकवटा तालिम स्रोत पुस्तिका) | ३ | वटा | ७००००० | २१००००० |
| ६ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणालीको निर्माण | १ | वटा | ५००००० | ५००००० |
| **प्रतिफल ७ को जम्मा** | | ८ | | | ४२००००० |
| **प्रतिफल ८: स्थानीय तहहरूमा आधुनिक एवं प्रभावकारी प्रशासनीक प्रणाली र उत्तरदायी सार्वजनिक लेखा प्रणाली स्थापना भएको हुने** | | | | | |
| १ | स्थानीय तहको आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण | १५ | वटा | ५००००० | ७५००००० |
| २ | स्थानीय तहको क्षमता विकास योजना निर्माण | १५ | वटा | ३००००० | ४५००००० |
| ३ | स्थानीय तहको आवधिक योजना निर्माण | ११ | वटा | १०००००० | ११०००००० |
| ४ | स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तहको संस्थागत क्षमता स्व मूल्याङ्कन (LISA) कार्यान्वयनको फलोअप | ४ | वटा | १०००००० | ४०००००० |
| ५ | स्थनीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना बिषयमा फलोअप तालिम तथा अन्तरक्रिया | ४ | वटा | ७००००० | २८००००० |
| **प्रतिफल ८ को जम्मा** | | ४९ | | | २९८००००० |

| क्र.स. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| **प्रतिफल ९: स्थानीय तहको शासकीय प्रणालीलाई उर्ध्व र समतलीयरूपमा नागरिक प्रति उत्तरदायी बनाउन सक्षम हुने** | | | | | |
| १ | स्थानीय तहका लागि नमूना कार्यविधि निर्माण (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र आन्तरिक नियन्त्रण प्रणाली) | ४ | वटा | ३००००० | १२००००० |
| २ | सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ कार्यान्वयनको फलोअप तथा अन्तरक्रिया कार्यक्रम | २ | वटा | १०००००० | २०००००० |
| **प्रतिफल ९ को जम्मा** | | ६ | | | ३२००००० |
| **प्रतिफल १०: स्थानीय शासन प्रणालीमा लैङ्गिक समानता र सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गरिएको हुने** | | | | | |
| १ | स्थानीय तहको लैससास मूलप्रवाहीकरण रणनीति निर्माण र स्थानीय तहबाट पारित गर्ने | १४ | वटा | २००००० | २८००००० |
| २ | लैससास परीक्षण सम्बन्धी स्थानीय तहका कर्मचारीलाई प्रशिक्षक प्रशिक्षण | ३ | पटक | ५००००० | १५००००० |
| ३ | प्रदेश अन्तरगतका कार्यलयका कर्मचारीहरूलाई लैससास र कार्यस्थलमा हुने लैगिक हिंसा विरुद्धको आचारसंहिताको निर्माण सम्बन्धी तालिम | २ | पटक | ५००००० | १०००००० |
| ४ | प्रदेशका मन्त्रलायल र कार्यालयहरूको लैससास सम्पर्क व्यक्तिहरूका लागि लैससास र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी तालिम | २ | पटक | ५००००० | १०००००० |
| ५ | स्थानीय तहमा लैसासास परीक्षण र रणनीति, लैङ्गिक हिंसा विरुद्धको आचारसहिंता निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धी अनतरक्रिया कर्यक्रम | २ | पटक | ६००००० | १२००००० |
| **प्रतिफल १० को जम्मा** | | २३ | | | ७५००००० |

| क्र.स. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| **प्रतिफल ११: स्थानीय शासन प्रणालीमा नागरिक सहभागीता र समावेशीतालाई आन्तरिकीकरण गरिएको हुने** | | | | | |
| १ | स्थानीय तहको असल अभ्यासहरूको पहिचान र प्रकाशन | १ | पटक | ७००००० | ७००००० |
| **प्रतिफल ११ को जम्मा** | | १ | | | ७००००० |
| **प्रतिफल १३: उच्च गुणस्तरीय सेवा प्रवाहका लागि प्रदेश तहका पदाधिकारी एवं कर्मचारीको क्षमता विकास** | | | | | |
| १ | पाम्स तालिम (प्रदेश तथा जिल्लास्थित कार्यालयका लागि) | ३ | पटक | ४००००० | १२००००० |
| २ | प्रदेश सभासदहरूसँग सवाल केन्द्रित संवाद | १ | पटक | ५००००० | ५००००० |
| ३ | जिल्लास्थित कार्यालयका कर्मचारीका लागि वित्तिय अनुशासन र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | २ | पटक | ४००००० | ८००००० |
| ४ | प्रदेश तहका कर्मचारीहरूलाई सार्वजनिक खरिद तथा e-bidding सम्बन्धी तालिम | ३ | पटक | ५००००० | १५००००० |
| ५ | नवनियुक्त कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम | १० | पटक | ५००००० | ५०००००० |
| ६ | क्याविनेटका लागि प्रस्ताव लेखन तालिम | १ | पटक | ४००००० | ४००००० |
| ७ | प्रदेश सभाका माननीय सदस्य तथा कर्मचारीहरूका लागि कानुन निर्माणका विधि र प्रक्रिया सम्बन्धी अभिमुखीकरण | १ | पटक | ६००००० | ६००००० |
| ८ | प्रदेश अन्तरगतका कर्मचारीहरूका लागि नेपाली भाषा र व्याकरण सम्बन्धी तालिम | १ | पटक | ४००००० | ४००००० |
| ९ | सेवाकालीन तालिम | ४ | पटक | १५००००० | ६०००००० |
| **प्रतिफल १३ को जम्मा** | | २६ | | | १६४००००० |

| क्र.स. | क्रियाकलाप | संख्या | इकाइ | इकाइ बजेट | कुल बजेट |
|---|---|---|---|---|---|
| **प्रतिफल १४: उच्च गुणस्तरीय सेवा प्रवाहका लागि स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीको क्षमता विकास** | | | | | |
| १ | स्थानीय तहका कर्मचारीलाई PAMS सम्बन्धी तालिम | ३ | पटक | ४०००० | १२००००० |
| २ | स्थानीय तहका कर्मचारीलाई e-bidding सम्बन्धी तालिम | ३ | पटक | ५००००० | १५०००००/- |
| ३ | स्थानीय तहको जनप्रतिनिधि र कर्मचारीलाई वित्तिय उत्तरदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | ५ | पटक | ४००००० | २०००००० |
| ४ | स्थानीय तहका वडा समितिका सदस्यलाई सहभागीतामूलक योजना तर्जुमा र अनुगमन  सम्बन्धी तालिम | १९ | पटक | ३००००० | ५७००००० |
| ५ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | १५ | पटक | ५००००० | ७५००००० |
| ६ | स्थानीय तहका कर्मचारीहरूलाई Bio-Engineering सम्बन्धी तालिम | ३ | पटक | ४००००० | १२००००० |
| ७ | स्थानीय तहका न्यायिक समितिका सदस्य तथा कर्मचारीहरूका लागि न्यायिक कार्यसम्पादन र मेलमिलाप सम्बन्धी तालिम | ४ | पटक | ५००००० | २०००००० |
| ८ | स्थानीय तह  र जिससका जनप्रतिनिधिलाई सकारात्मक सोच सम्बन्धी तालिम | ३ | पटक | ५००००० | १५००००० |
| ९ | जिल्ला समन्वय समितिका पदाधिकारीहरूलाई क्षमता विकास सम्बन्धी तालिम | १ | पटक | ४००००० | ४००००० |
| १० | सवाल केन्द्रित संवाद (स्थानीय तहले बनाएका आवधिक विकास योजना, क्षमता विकास योजना, राजस्व सुधार योजनाको कार्यान्वयन अवस्था सम्बन्धी संवाद कार्यक्रम) | १ | पटक | २०००००० | २०००००० |
| ११ | रुपान्तरणकारी नेतृत्व विकास सम्बन्धी तालिम (वडा समितिका महिला, दलित सदस्य र टोलविकास समितिका सदस्यहरू, बाल संजालहरूसँग) | ८ | पटक | ३००००० | २४००००० |
| **प्रतिफल १४ को जम्मा** | | ६६ | | | २७४००००० |
| **कुल जम्मा** | | १९८ | | | ८९२००००० |

**आ.व. २०८०/८१ का लागि प्रतिष्ठानको कुल बजेट**

| कार्यक्रम | पूँजीगत | साधारण | जम्मा |
|---|---|---|---|
| गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (प्रदेश सरकार अनुदान) | १७००००० | ३१०५४००० | ३२७५४००० |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सङ्घ ससर्त अनुदान) | १५००००० | ९२७००००० | ९४२००००० |
| स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (कर्मचारी तलब) | | ३०००००० | ३०००००० |
| **कुल** | **३२०००००** | **१२६७५४०००** | **१२९९५४०००** |

*नोटः प्रतिष्ठानको भवन निर्माणका लागि विनियोजित रकमा रु ७ करोड समावेश गरिएको छैन।*

प्रदेश सरकारबाट प्राप्त ७ करोड रुपियाँ भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत सहरी विकास तथा भवन कार्यालयमार्फत कार्यान्वय गर्ने गरी हस्तान्तरण गरिएको थियो । यसरी चालु आ.व. का लागि प्रदेश सरकारबाट चालुतर्फ ३ करोड १० लाख ५४ हजार र पूँजीगततर्फ १७ लाख गरी कुल ३ करोड २७ लाख ५४ हजार रुपियाँ तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट प्रादेशिक सुशासन केन्द्रद्वारा खर्च गर्ने गरी पूँजीगततर्फ १५ लाख र चालुतर्फ ९ करोड २७ लाख गरी कुल ९ करोड ४२ लाख रुपियाँ प्रतिष्ठानद्वारा खर्च गरी विनियोजन भएको थियो ।

## ४.३ आ.व. २०८०/८१ को प्रगति

प्रष्ठिानले चालु आ.व.मा केही महत्त्वपूर्ण र दुरगामी महत्त्वका कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न गरेको छ। अधिकृतस्त छैटौं, सातौं र आठौं तहका कर्मचारीको सेवाकालीन तालिम संस्थागत भएको छ। गण्डकी प्रदेशमा कार्यरत सबै तालिम प्रदायक संस्थाहरूले सञ्चालन गर्ने तालिम कार्यक्रममा एकरुपता आउन सकोस भन्ने अभिप्रायले आयोजित प्रशिक्षकहरूको पेसागत दक्षता विकास सम्बन्धी तालिम कार्यक्रमले तालिमका आधारभूत न्यूनतम मापदण्ड कायम गरी तालिम कार्यक्रम आयोजना गर्न योगदान पुगेको छ। स्थानीय तहमा कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचारसंहिताको नमूना सबै स्थानीय तहमा उपलब्ध गराइएको छ। प्रदेश र स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिकि समावेशीकरण परीक्षण र स्थानीय तहमा मध्यमकालीन खर्च संरचना निर्माण सम्बन्धी प्रशिक्षक प्रशिक्षणले उपर्युक्त कार्यक्रमहरूलाई आन्तरिकीकरण गर्न मद्धत पुगेको छ।

त्यसैगरी, प्रतिष्ठानका क्षमता विकासका कार्यक्रमको व्यवस्थापनका लागि Training Management Information System (TMIS) को विकास गरिएको छ। यसले प्रशिक्षणका कार्यक्रमको व्यवस्थापनलाई प्रभावकारी र दक्ष बनाउनुका साथै क्षमता विकास कार्यक्रमको अभिलेखलाई व्यवस्थित बनाउन महत्त्वपूर्ण सहयोग गर्ने अपेक्षा गरिएको छ।

चालु आ.व. मा प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको सङ्घ ससर्त रकमबाट लामो तथा छोटो अवधिका कुल ७१ वटा तालिम सम्पन्न भएका छन्। सहायकस्तर कर्मचारीका लागि तीन वटा र अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीका लागि तीन वटा गरी ६ वटा ३० कार्यदिने सेवाकालीन तालिम चालु आ.व. मा सम्पन्न भएका लामो अवधिका तालिमहरू हुन। बाँकी तालिमहरू १देखि ५ दिन अवधिका विषयवस्तु र पाठ्यक्रममा आधारित भएर सञ्चालन भए। उल्लेखित तालिमबाट कुल २३२५ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भए। यस आर्थिक वर्षमा सम्पन्न भएका क्षमता विकास कार्यक्रमको सारसङ्क्षेप तलको तालिकामा उल्लेख गरिएको छ।


**Summary of Capacity Development**


**F/Y 2080/2081**

| S.N. | Particulars | No of Events | No of Participants | | |
|---|---|---|---|---|---|
| | | | Male | Female | Total |
| 1 | Service Entry Training | 3 | 63 | 30 | 93 |
| 2 | In-Service Training | 6 | 141 | 37 | 178 |
| 3 | Professional Development Training | 1 | 14 | 10 | 24 |
| 4 | Issue Based Dialogue | 3 | 92 | 32 | 124 |
| 5 | Capacity Development Training for elected officials and personnel | 44 | 991 | 343 | 1334 |
| 6 | Local Level Planning Training at Local Level | 11 | 346 | 168 | 514 |
| 7 | Others | 3 | 25 | 33 | 58 |
| | **Total** | **71** | **1672** | **653** | **2325** |
| | **Percentage** | | **72%** | **28%** | **100%** |

प्रदेश सरकारबाट प्राप्त अनुदान रकममार्फत कर्मचारीको सेवाकालीन तालिम र पेसागत दक्षता विकास सम्बन्धी तालिम, गुण व्यवस्थापन सम्बन्धी कार्यशाला, प्रशिक्षण सामग्रीको प्रकाशन, अनुसन्धान प्रतिवेदन प्रकाशन आदि कार्यक्रम कार्यान्वयन भए। त्यसै गरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत प्राप्त सङ्घ ससर्त अनुदान रकमबाट प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि क्षमता विकासका कार्यक्रम एवम् प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका विभिन्न नतिजामा तोकिएका कार्यक्रम कार्यान्वयन भए।

प्रतिष्ठानको रणनीतिक योजनामा उल्लेख भएबमोजिम यस आ.व. मा तीन वटा सवाल केन्द्रित संवाद कार्यक्रमको आयोजना भयो। स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कनको फलोअप तालिम सञ्चालन भए। गण्डकी प्रदेशका सबै स्थानीय तहका योजना शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूका लागि मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम सञ्चालन भए। स्थानीय तहको लैससास परीक्षणलाई स्थानीय तहमा आन्तरिकीकरण गर्ने उद्देश्यले स्थानीय तहका लैससास सम्पर्क व्यक्तिका लागि लैससास परीक्षण सम्बन्धी प्रशिक्षक प्रशिक्षण सम्पन्न भयो। स्थानीय तहमा स्थानीय आर्थिक विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय तहका प्रमुखहरूका लागि स्थानीय आर्थिक विकास सम्बन्धी संवाद कार्यक्रम आयोजना भयो। प्रदेश सरकारका माननीय मन्त्रीहरू, प्रदेश सभाका माननीय सदस्यहरू र प्रदेश सचिवहरूका लागि कुटनीतिक शिष्टाचार सम्बन्धी संवाद कार्यक्रमको आयोजना गरी कुटनीतिक शिष्टाचार सम्बन्धी आचारसंहिताका बारेमा जानकारी गराउने कार्य भयो। उल्लिखित कार्यक्रमबाट लाभान्वित जनप्रतिनिधि र कर्मचारीको विवरण तलका चार्टहरूमा उल्लेख गरिएको छ।




चालु आ.व.मा सञ्चालित क्षमता विकास कार्यक्रमका कुल सहभागी मध्ये २८ प्रतिशत महिला रहेका छन् भने बाँकी ७२ प्रतिशत पुरुषको सहभागीता रहेको छ। प्रतिष्ठानद्वारा यस आ.व. मा सञ्चालित क्षमता विकास कार्यक्रमको विस्तृत विवरण आगामी खण्डहरूमा उल्लेख गरिएको छ।

## (क) प्रशिक्षण कार्यक्रम

चालु आर्थिक वर्षमा प्रतिष्ठानले प्रदेश सरकारबाट प्राप्त अनुदान रकम र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फको बजेटमार्फत लामो तथा छोटो अवधिका विभिन्न किसिमका तालिम तथा प्रशिक्षण सञ्चालन गरेको छ। प्रदेश सरकारद्वारा प्राप्त अनुदान रकमबाट कर्मचारीको सेवाकालीन तालिम, तालिम प्रदायक संस्थाहरूको पेसागत दक्षता अभिवृद्धि तालिम, गुण व्यवस्थापन प्रणाली सम्बन्धी तालिम आदि सञ्चालन भएका छन्। त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम, कर्मचारीको सेवाकालीन र सेवा प्रवेश तालिमहरू सञ्चालन भएका छन् । यस आ.व. मा प्रतिष्ठानद्वारा सञ्चालित तालिम तथा प्रशिक्षण कार्यहरूलाई विस्तृत रूपमा तल उल्लेख गरिएको छ।

### (१) तालिम आवश्यकताको पहिचान

प्रतिष्ठानले आगामी आ.व. का लागि क्षमता विकासका कार्यक्रम तय गर्नु भन्दा अगावै प्रदेशतहका कार्यालय, जिल्ला समन्वय समिति र स्थानीय तहहरूमा पत्राचार गरी जनप्रतिनिधि र कर्मचारीका लागि अलग अलग क्षमता विकास आवश्यकताको पहिचान गरेको थियो। त्यसैगरी, जनप्रतिनिधी तथा कर्मचारीसँग गरिएका औपचारिक तथा अनौपचारिक छलफल, अन्तरवार्ता तथा सङ्घ, प्रदेश र स्थानीय तहका कार्यक्षेत्रलाई समेत विचार गरी तालिम आवश्यकताको पहिचान गरिएको थियो। यसरी गरिएको आवश्यकता पहिचानका आधारमा प्रतिष्ठानतर्फका नियमित कार्यक्रम र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फका क्रियाकालपको वार्षिक योजना तयार गरिएको थियो। तालिम आवश्यकता पहिचानको क्रममा आ.व. २०८१/८२ का लागि माग गरिएका तालिमको विवरण तलका तालिकामा उल्लेख गरिएको छ।

#### (१.१) स्थानीय तहका कर्मचारीबाट माग भएका तालिमको विवरण

| क्र.सं | तालिमको नाम | माग गर्ने स्थानीय तहको सख्या |
|---|---|---|
| १ | सार्वजनिक खरिद सम्बन्धी तालिम | २३ |
| २ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | १३ |
| ३ | बजेट तथा योजना तर्जुमा सम्बन्धी तालिम | १० |
| ४ | राजस्व व्यवस्थापन सम्बन्धी तालिम | १० |
| ५ | जिन्सी व्यवस्थापन सम्बन्धी तालिम | ५ |

| क्र.सं | तालिमको नाम | माग गर्ने स्थानीय तहको सख्या |
|---|---|---|
| ६ | SUTRA सम्बन्धी तालिम | ५ |
| ७ | GIS सम्बन्धी तालिम | ५ |
| ८ | सकरात्मक सोच सम्बन्धी तालिम | ५ |
| ९ | सूचना अधिकारीहरूको लागि तालिम | ४ |
| १० | मध्ययमकालीन खर्च संरचना निर्माण सम्बन्धी तालिम | ३ |
| ११ | आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी तालिम | ३ |
| १२ | सूचना प्रविधि तथा E-governance सम्बन्धी प्रयोगात्मक तालिम | ५ |
| १३ | सडक सर्भे, डिजाइन र सुपरिवेक्षण झोलुङ्गे पुल डिजाइन मोटरेवल पुल डिजाइन र सर्भे  सार्वजनिक खरिद सम्बन्धी तालिम | ३ |
| १४ | Network Management network security and data recovery | ३ |
| १५ | लेखनसिप विकास सम्बन्धी (टिप्पणी,सिफारिस) तालिम | २ |
| १६ | मौरीपालन/कृषि यान्त्रीकरण/विषादी व्यवस्थापन र वाली संरक्षण रोगकिरा पहिचान र व्यवस्थापन सम्बन्धी तालिम | १ |
| १७ | WASH सम्बन्धी तालिम | १ |
| १८ | पालिका प्रोफाइल निर्माण सम्बन्धी तालिम | १ |
| १९ | सेवाकालीन तालिम | १ |
| २० | अर्वान डिजाइन सम्बन्धी तालिम | १ |
| २१ | जग्गा नापजाँच सम्बन्धी तालिम | १ |
| २२ | SAP/ETAB Analysis तालिम | १ |
| २३ | स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सम्बन्धी तालिम | १ |
| २४ | पालिकास्तरीय एकिकृत कृषि विकास योजना निर्माण  तालिम | १ |
| २५ | सामाजिक जवाफदेहिताका औजारहरू  सम्बन्धी तालिम | १ |

*Source: Training Need Survey, 2081, GPTA*

### (१.२) स्थानीय तहबाट जनप्रतिनिधिका लागि माग भएका तालिमको विवरण

| क्र.स. | तालिमको नाम | माग गर्ने स्थानीय तहको सख्या |
|---|---|---|
| १ | सार्वजनिक खरिद सम्बन्धी तालिम | २३ |
| २ | कानुन निर्माण सम्बन्धी तालिम | १६ |
| ३ | स्थानीय सरकार सञ्चालन तथा सेवा प्रवाह सम्बन्धी तालिम | ६ |
| ४ | नेतृत्व विकास सम्बन्धी तालिम | ५ |
| ५ | सकारात्मक सोच सम्बन्धी तालिम | ५ |
| ६ | न्यायिक निरुपण तथा मेलमिलाप सम्बन्धी तालिम | ४ |
| ७ | लैङ्गिक समानता तथा समाजिक समावेशीकरण सम्बन्धी तालिम | ४ |
| ८ | विषयगत समितिलाई तालिम | ४ |
| ९ | स्थानीय आर्थिक विकास सम्बन्धी तालिम | २ |

*Source: Training Need Survey, 2081, GPTA*

### (१.३) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशबाट माग भएका तालिम

| क्र.स. | तालिमको नाम | प्रस्ताव गरिएका सहभागीहरू |
|---|---|---|
| १ | वतावरणीय अध्ययन प्रतिवेदन IEE/EIA तथा परीक्षण तथा परीक्षण गर्ने सम्बन्धी तालिम | कर्मचारीहरू |
| २ | विद्युतीय खरिद प्रणालीको प्रयोगात्मक तालिम | कर्मचारीहरू |
| ३ | जिन्सी व्यवस्थापन सम्बन्धी तालिम | कर्मचारीहरू |
| ४ | टिप्पणी लेखन तथा पत्र लेखन सम्बन्धी तालिम | कर्मचारीहरू |
| ५ | खरिद सम्बन्धी बोलपत्र तथा परामर्श सेवा खरिद तालिम | कर्मचारीहरू |
| ६ | क्याविनेट प्रस्ताब लेखन सम्बन्धी तालिम | कर्मचारीहरू |

*Source: Training Need Survey, 2081, GPTA*

### (१.४) मुख्यन्यायाधिवक्ताको कार्यालयबाट माग भएका तालिम

| क्र.स. | तालिमको नाम | प्रस्ताव गरिएका सहभागीहरू |
|---|---|---|
| १ | बहस/पैरवी/प्रतिरक्षा/कानुनी राय तालिम | कर्मचारीहरू |
| २ | मिसिल व्यवस्थापन सम्बन्धी तालिम | कर्मचारीहरू |
| ३ | PAMS सम्बन्धी तालिम | कर्मचारीहरू |
| ४ | IT सम्बन्धी तालिम | कर्मचारीहरू |

*Source: Training Need Survey, 2081, GPTA*

### (१.५) प्रतिष्ठानद्वारा विभिन्न मन्त्रालय तथा सरोकारवालाहरूसँग छलफल गरी पहिचान भएका तालिम

| क्र.स. | तालिम/कार्यक्रमको नाम |
|---|---|
| १ | नवनियुक्त कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम |
| २ | प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका समिति सभापति र प्रदेश सचिवहरूका लागि कुटनीतिक आतिथ्य व्यवस्थापन सम्बन्धी अभिमुखीकरण |
| ३ | स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यान्वयनको फलोअप तालिम/अन्तरक्रिया/गुणस्तर परीक्षण |
| ४ | अपाङ्गमैत्री स्थानीय शासन प्रवर्धन अभिमूखीकरण |
| ५ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूसँग लैङ्गिक हिंसा विरुद्धको आचारसहिंता, लैससास रणनीति र लैससास परीक्षणको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया |
| ६ | स्थानीय तहका बालकल्याण अधिकारीहरूलाई बालसंरक्षण सम्बन्धी तालिम |
| ७ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उत्तरदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम |
| ८ | जिल्ला समन्वय समितिका पदाधिकारीहरूलाई क्षमता विकास सम्बन्धी तालिम |
| ९ | स्थानीय तहका प्रवक्ताको भूमिका सम्बन्धी तालिम (स्थानीय तहका प्रवक्ताहरूका लागि) |
| १० | समूदायमा आधारित सङ्घसस्थाहरूलाई विकास सुशासन, सेवा प्रवाह र नागरिक निगरानी सम्बन्धी तालिम |

*Source: Training Need Survey, 2081, GPTA*

### (१.६) आ.व. २०८१/८२ का लागि सिफारिस भएका तालिम

| क्र.स. | तालिम/कार्यक्रमको नाम |
|---|---|
| १ | नवनियुक्त कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम |
| २ | सेवाकालीन तालिम |
| ३ | प्रदेश तहका कर्मचारीहरूलाई कार्यसर्त लेखन सम्बन्धी तालिम |
| ४ | प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका समिति सभापति र प्रदेश सचिवहरूका लागि कुटनीतिक आतिथ्य व्यवस्थापन सम्बन्धी अभिमुखीकरण |
| ५ | प्रदेश अन्तरगतका कर्मचारीहरूलाई वातवरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम (EIA& IEE) |
| ६ | प्रदेश अन्तरगतका कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम |
| ७ | प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूका लागि क्षमता विकास तालिम |
| ८ | स्थानीय तहले बनाएका विभिन्न योजनाहरू (आवधिक विकास योजना, क्षमता विकास योजना, लैससास रणनीति, राजस्व सुधार योजना) को कार्यान्वयनको अवस्थाको अध्ययन र Dissemination |
| ९ | स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) कार्यान्वयनको फलोअप तालिम/अन्तरक्रिया/गुणस्तर परीक्षण |
| १० | स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अन्तरक्रिया (जनप्रतिनिधि र कर्मचारीहरू) |
| ११ | न्याय निरुपण प्रक्रियामादेखिएका सवालहरूका बारेमा न्यायिक समितिका सदस्यहरूसँग संवाद कार्यक्रम |
| १२ | अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमूखीकरण |
| १३ | न्यायिक समितिका सदस्यहरूलाई लैङ्गिकमैत्री न्याय प्रणाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम |
| १४ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूसँग लैङ्गिक हिंसा विरुद्धको आचारसहिंता, लैससास रणनीति र लैससास परीक्षणको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया |
| १५ | स्थानीय तहका बालकल्याण अधिकारीहरूलाई बालसंरक्षण सम्बन्धी तालिम |
| १६ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उत्तरदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम |
| १७ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम |

| क्र.स. | तालिम / कार्यक्रमको नाम |
|---|---|
| १८ | जिल्ला समन्वय समितिका पदाधिकारीहरूलाई क्षमता विकास सम्बन्धी तालिम |
| १९ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम |
| २० | स्थानीय तहका प्रवक्ताको भूमिका सम्बन्धी तालिम (स्थानीय तहका प्रवक्ताहरूको लागि) |
| २१ | स्थानीय तहका राजस्व परामर्श समितिका पदाधिकारी र कर्मचारीहरूलाई राजश्व व्यवस्थापन सम्बन्धी तालिम |
| २२ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना विषयमा फलोअप तालिम तथा अन्तर्क्रिया |
| २३ | स्थानीय तहका वडा समितिलाई सहभागीतामूलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम |
| २४ | स्थानीय तहका वडाका महिला सदस्यहरूलाई लैससास सम्बन्धी तालिम |
| २५ | स्थानीय तहका जनप्रतिनिधीहरूका लागि स्थानीय आर्थिक विकास सम्बन्धी तालिम |
| २६ | समूदायमा आधारित सङ्घसस्थाहरूलाई विकास सुशासन, सेवा प्रवाह र नागरिक निगरानी सम्बन्धी तालिम |

प्रतिष्ठानले विभिन्न श्रोत र विधिबाट पहिचान गरेका क्षमता विकास तालिमहरूलाई प्राथमिकताका आधारमा वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै आइरहेको छ। तालिम आवश्यकता पहिचानको क्रममा प्राप्त माग र सुझावलाई मध्यनजर गरी आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम तय गरिएको छ।

## (२) पाठ्यक्रम निर्माण

प्रतिष्ठानले क्षमता विकासका लामो तथा छोटो अवधिका तालिम, अनुशिक्षण तथा अभिमुखीकरणका लागि निश्चित ढाँचाको अवलम्बन गरी पाठ्यक्रम निर्माण गर्ने पद्धति स्थापित गरेको छ। पाठ्यक्रम निर्माण गर्दा तालिम तथा अभिमुखीकरणका साधारण तथा विशिष्ट उद्देश्यका साथ साथै कार्यान्वयन र नतिजा तहका उद्देश्यसमेत किटान गरी सोहीमुताविक प्रशिक्षणका विषयवस्तु र प्रशिक्षणका विधि निर्क्यौल गरिन्छ। यसका अलावा, तालिम पश्चातको फलोअप र अनुगमन तथा मूल्याङ्कनका विधिसमेत पाठ्यक्रमका विषयवस्तु बन्दछन्। डोनाल्ड कर्कप्याट्रिकको चार तहको सिकाइ मूल्याङ्कनको सिद्धान्तलाई आधार मानी पाठ्यक्रम तयार गरिन्छ।

प्रतिष्ठानले आ.व. २०७७/७८ मा सहायकस्तर चौथो/पाँचौं तथा २०७८/७९ मा अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका कर्मचारीको ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम तयार गरी

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरेको थियो । उल्लिखित पाठ्यक्रमहरूलाई क्रमशः २०७७ चैत्र १९ र २०७९ जेठ १७ गतेको प्रशिक्षण परिषद्का बैठकले स्वीकृत गरेका थिए । त्यसैगरी, प्रदेश लोक सेवा आयोगद्वारा प्रदेश र स्थानीय तहका लागि छनौट भएका कर्मचारीको सेवा प्रवेश तालिम पाठ्यक्रम समेत गत आ.व.मा निर्माण भएको थियो ।

चालु आ.व. का लागि वार्षिक योजनामा समावेश भएका क्षमता विकास कार्यक्रमहरू जस्तै, प्रतिष्ठानका कर्मचारीको क्षमता विकास तालिम, युवा नेतृत्व विकास तालिम, प्रशिक्षकहरूको पेसागत क्षमता विकास तालिम, सवाल केन्द्रित संवाद आदिका पाठ्यक्रम निर्माण भए । त्यसैगरी, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम तर्फका विभिन्न नतिजाका लागि पाठ्यक्रम निर्माण भए । आ.व. २०८०/८१ मा क्षमता विकास कार्यक्रमका लागि तयार भएका अवधारणा पत्र र पाठ्यक्रमका विवरण निम्नानुसार रहेको छ :

| क्र.सं. | प्रदेश तहका कार्यक्रम | अवधि |
|---|---|---|
| १ | अधिकृतस्तर दशौं तहका कर्मचारीका लागि उच्चस्तरीय व्यवस्थापन तालिम | ४५ दिन |
| २ | नवप्रवेशी इन्जिनियर/अधिकृतस्तर (सातौं तह) कर्मचारीका लागि सेवाप्रवेश तालिम | ५ दिन |
| ३ | नवप्रवेशी अधिकृतस्तर (छैटौं/सातौं तह) कर्मचारीका लागि सेवाप्रवेश तालिम | ५ दिन |
| ४ | सहायकस्तर (चौथौ/पाँचौं तह) कर्मचारीका लागि सेवाप्रवेश तालिम | ५ दिन |
| ५ | सार्वजनिक सम्पत्ति व्यवस्थापन (पाम्स) सम्बन्धी तालिम (संशोधित) | २ दिन |
| ६ | गुणस्तर व्यवस्थापन प्रणाली (Quality Management System) सम्बन्धी तालिम | १ दिन |
| ७ | मन्त्रिपरिषद्मा पेस गर्ने प्रस्ताव लेखन सम्बन्धी तालिम (अधिकृतहरूका लागि) | २ दिन |
| ८ | इ-विडिङ (E-bidding) सम्बन्धी तालिम (इन्जिनियरहरूका लागि) | ३ दिन |
| ९ | सार्वजनिक खरिद सम्बन्धी तालिम (संशोधित) | ३ दिन |
| १० | वित्तीय जोखिम न्यूनीकरण तथा बेरुजु फछ्र्यौट सम्बन्धी तालिम (कार्यालय प्रमुखका लागि) | २ दिन |
| ११ | लैङ्गिक उत्तरदायी बजेट निर्माण तथा कार्यान्वयन सम्बन्धी तालिम (लैससास सम्पर्क व्यक्तिका लागि) | २ दिन |

| क्र.सं. | प्रदेश तहका कार्यक्रम | अवधि |
|---|---|---|
| १२ | स्थानीय आर्थिक विकास सम्बन्धी सवाल केन्द्रित संवाद (प्रदेश सभाका सदस्यहरूका लागि) (संशोधित) | १ दिन |
| १३ | कुटनीतिक शिष्टाचार सम्बन्धी सवाल केन्द्रित संवाद (प्रदेश सभाका सदस्यहरूका लागि) | १ दिन |
| १४ | पेसागत क्षमता विकास तालिम (तालिम केन्द्रहरूका लागि पुनर्ताजगी) | ३ दिन |
| १५ | सरकारी कामकाजमा शुद्ध नेपाली भाषा लेखन सम्बन्धी तालिम | १ दिन |

| क्र.सं. | स्थानीय तहका कार्यक्रम | |
|---|---|---|
| १ | जिल्ला समन्वय समितिका पदाधिकारीहरूका लागि सकारात्मक सोच सम्बन्धी तालिम | १ दिन |
| २ | जिल्ला समन्वय समितिका सदस्यहरूका लागि अनुगमन सम्बन्धी तालिम | २ दिन |
| ३ | इ-विडिङ (E-bidding) सम्बन्धी तालिम (इन्जिनियरहरूका लागि) | ३ दिन |
| ४ | वित्तीय जोखिम न्यूनीकरण तथा बेरुजु फछ्र्यौट सम्बन्धी तालिम | २ दिन |
| ५ | न्यायिक समितिका संयोजकहरूका लागि तालिम | २ दिन |
| ६ | मध्यमकालीन खर्च संरचना सम्बन्धी प्रशिक्षक प्रशिक्षण | ३ दिन |
| ७ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम (संशोधित) | २ दिन |
| ८ | सार्वजनिक सम्पत्ति व्यवस्थापन (पाम्स) सम्बन्धी तालिम (संशोधित) | २ दिन |
| ९ | लैससास परीक्षण सम्बन्धी प्रशिक्षक प्रशिक्षण | २ दिन |
| १० | कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य हिंसा अन्त्यका लागि कार्यविधि निर्माण सम्बन्धी तालिम | २ दिन |
| ११ | वडा समितिका लागि सहभागीतामूलक योजना तर्जुमा सम्बन्धी तालिम | २ दिन |
| १२ | बायो-इन्जिनियरिङ सम्बन्धी तालिम | २ दिन |

| क्र.सं. | अवधारणा पत्र, समझदारी पत्र र कार्यक्षेत्रगत सर्त | |
|---|---|---|
| १ | स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धी अन्तरक्रिया | १ दिन |
| २ | स्थानीय तहको वित्तीय जोखिम मूल्याङ्कन सम्बन्धी अन्तरक्रिया | १ दिन |
| ३ | स्थानीय तहको आवधिक योजना, क्षमता विकास योजना, राजस्व सुधार कार्ययोजना र लैससास रणनीति निर्माण सम्बन्धी अभिमुखीकरण | १ दिन |
| ४ | कार्यस्थलमा हुने लैङ्गिक तथा यौनजन्य हिंसा अन्त्यका लागि कार्यविधि निर्माण तथा कार्यान्वयन सम्बन्धी संवाद | १ दिन |
| ५ | स्थानीय तहको असल अभ्यास सम्बन्धी प्रकाशन | |
| ६ | स्थानीय तहको सामाजिक जवाफदेहिताका औजार कार्यान्वयन सम्बन्धी कार्यविधि निर्माणको लागि परामर्श सेवा खरिद | |
| ७ | जिन्सी तथा स्टोर व्यवस्थापन सम्बन्धी SOP निर्माण | |
| ८ | प्रतिष्ठानको वेवसाइट Update and Upgrade | |
| ९ | स्थानीय तहको आवधिक योजना निर्माणको लागि परामर्श सेवा खरिद सम्बन्धी | |
| १० | स्थानीय तहको क्षमता विकास योजना निर्माणको लागि परामर्श सेवा खरिद सम्बन्धी | |
| ११ | स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माणका लागि परामर्श सेवा खरिद सम्बन्धी | |
| १२ | स्थानीय तहको लैससास रणनीति निर्माणका लागि परामर्श सेवा खरिद सम्बन्धी | |

*जम्माः ३९ (प्रदेश स्तरीयः १५, स्थानीय तह स्तरीयः १२ र अवधारणा पत्र : १२)*

## (३) प्रतिष्ठानतर्फका नियमित कार्यक्रम (प्रदेश सरकार अनुदान)

प्रतिष्ठानले रणनीतिक योजनामा उल्लिखित कार्यक्रमलाई मध्येनजर गरी तयार पारेको वार्षिक योजनाअनुसार प्रदेश सरकारबाट प्राप्त अनुदानमार्फत सम्पादित क्रियाकलापहरूको विवरण तल उल्लेख गरिएको छ।

### ३.१ अधिकृतस्तर कर्मचारीको सेवाकालीन तालिम

अधिकृतस्तरका कर्मचारीको वृत्ति विकासमा सहायक मानिने सेवाकालीन तालिम प्रदेशस्तरमा नै सञ्चालन गर्ने उद्देश्यले प्रतिष्ठानले आ.व. २०७८/७९ मा ३० कार्यदिने सेवाकालीन तालिम पाठ्यक्रम तयार गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तालिम सञ्चालनको सहमति प्राप्त गरेको थियो भने २०७९/२/१७ को प्रशिक्षण परिषद्को बैठकबाट उक्त पाठ्यक्रम स्वीकृत भएको थियो। गत आ.व.मा सोही पाठ्यक्रमका आधारमा छैटौं तहका ३० जना र सातौ तथा आठौं तहका २८ जना गरी कुल ५८ जना कर्मचारीलाई सेवाकालीन तालिम प्रदान गरिएकोमा चालु आ.व.मा छैटौं तहका ६० जना र सातौं तथा आठौं तहका २९ जना गरी तीन समूहमा जम्मा ८९ जना अधिकृतस्तर कर्मचारीको सेवाकालीन तालिम सफलतापूर्वक सम्पन्न भयो।



२०८० भाद्र १७देखि आश्विन २४ सम्म संचालित तालिमको उद्घाटन प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेबाट भएको थियो। उक्त समारोहमा प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेत, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटा, मुख्यन्यायाधिवक्ता चिरन्जिवी शर्मा लगायतको उपस्थिति रहेको थियो।



पाठ्यक्रममा व्यवस्था गरिएका ७ वटा मोड्यूलमा आधारित भई हरेक दिन ९० मिनेटका ४ वटा सत्रका दरले बिहान ७:०० बजेदेखि अपरान्ह १:३० वजेसम्मको अवधिमा कक्षा कोठाको सिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गरिएको थियो। सहभागीको सिकाइको नियमित मूल्याङ्कन, व्यक्तिगत र समूह कार्य, कार्यमूलक अनुसन्धान, सङ्गठन विकास योजना, सिकाइ परीक्षा आदिको आधारमा सहभागीको सिकाइको स्तर मापन गरिएको थियो। प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेद्वारा एक समारोहका बीच सहभागीहरूलाई प्रमाण पत्र सहित दीक्षित गरिएको थियो।



### ३.२ सहायकस्तर कर्मचारीको सेवाकालीन तालिम

सहायकस्तरका कर्मचारीको वृत्ति विकास एवम् क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत राजपत्र अनङ्कित प्रथम तथा द्वितीय श्रेणी एवम् सहायकस्तर चौथो/पाँचौं तहका ८९ जना कर्मचारीका लागि तीन वटा समुहमा ३० कार्यदिने सेवाकालीन तालिम सम्पन्न भयो।




पाठ्यक्रममा व्यवस्था गरिएका १० वटा मोड्यूलमा आधारित भई हरेक दिन विहान ७:०० वजेदेखि अपरान्ह १:३० वजेसम्मको अवधिमा कक्षा कोठाको शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गरिएको थियो। २०८० भाद्र १७ देखि आश्विन २४ सम्म एक समूह र मङ्सिर ११ देखि पौष १८ सम्म दूई वटा समूहमा उक्त तालिम आयोजना गरिएको थियो। मंसिर ११देखि पौष १८ सम्म आयोजित तालिमको प्रदेश सरकारका निमित्त प्रमुख सचिव विनोद बहादुर कुँवरद्वारा एक समारोहका बीच औपचारिक रूपमा सुभारम्भ गरिएको थियो।

दैनिक पृष्ठपोषण, दैनिक पुनरावलोकन, मोड्यूल पुनरावलोकन, तालिम अन्तिम मूल्याङ्कन, पूर्व र पश्चात परीक्षण आदि जस्ता औजारको प्रयोग गरी सहभागीको तालिम प्रतिको प्रतिक्रिया एवम् सिकाइको मापन गरिएको थियो। त्यसैगरी, सहभागीको सिकाइको नियमित मूल्याङ्कन, व्यक्तिगत र समूह कार्य, कार्यमूलक अनुसन्धान, सङ्गठन विकास योजना निर्माण, सिकाइ परीक्षा आदिको आधारमा सहभागीको सिकाइको स्तर मापन गरिएको थियो।


पाठ्यक्रमले व्यवस्था गरेबमोजिम सहभागीको सिकाइ उपलब्धिका आधारमा प्रशिक्षार्थीको मूल्याङ्कन र श्रेणी विभाजन गरिएको थियो । प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतद्वारा कर्मचारीहरूलाई प्रमाण पत्र वितरण गरी तालिमको समापन गरिएको थियो । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा सम्पन्न समापन समारोहमा तालिम अवधिभर भएका गतिविधिको सारसङ्क्षेप प्रस्तुत गरिएको थियो ।




यसरी, चालु आ.व. मा अधिकृत र सहायकस्तर गरी जम्मा ६ वटा तालिम सफलतापूर्वक सम्पन्न भएका छन् । प्रदेशस्तरमा नै अधिकृत र सहायकस्तर कर्मचारीको सेवाकालीन तालिम संस्थागत भएको छ । यसले सेवाकालीन तालिमका लागि केन्द्रमा धाउनुपर्ने बाध्यता हटेको छ भने कर्मचारीको वृत्ति विकासमा आवश्यक तालिम सहज रूपमा प्राप्त हुने वातावरण बनेको छ । कुल १७८ जना अधिकृत र सहायकस्तरका कर्मचारीले चालु आ.व.मा उक्त अवसर प्राप्त गरेका छन् । तालिमका कुल सहभागी मध्ये ३७ जना (२१ प्रतिशत) महिला र १४१ जना (७९ प्रतिशत) पुरुष कर्मचारीको सहभागीता रहेको थियो ।




तालिमका कारण सहभागीको ज्ञानको पक्षमा आएको परिवर्तनको मापन गर्न प्रतिष्ठानले लामो तथा छोटो अवधिका सबै तालिमहरूमा पूर्व/पश्चात परीक्षण गर्दै आइरहेको छ । तालिमको सुरुमा तालिमका विषयवस्तुमा सहभागीको बुझाईको स्तर मापन गरी तालिम अगाडि बढाइन्छ र तालिम पश्चात पुनः उही प्रश्नावलीको प्रयोग गरी तालिम पश्चात ज्ञानको क्षेत्रमा आएको परिवर्तनको मापन गरिन्छ । चालु आ.व.मा सञ्चालित सेवाकालीन तालिम सहभागीको सिकाइको आवस्थालाई



नमूनाका रूपमा तलको चार्टमा देखाइएको छ।




माथिको चार्टले तालिम पश्चात तोकिएको विषयवस्तुमा सहभागीको ज्ञानमा उल्लेख्य सुधार आएको देखाउँदछ।

प्रतिष्ठानबाट सञ्चालित तालिमको अन्त्यमा सहभागीहरूको तालिम प्रतिको सन्तुष्टी सर्वेक्षण गरिन्छ । उक्त सर्वेक्षणमा तालिमको प्रभावकारिता, प्रशिक्षकहरूको दक्षता, अध्ययन सामग्रीको उपयोगिता, विषयवस्तुको सान्दर्भिकता र शिक्षण सिकाइ विधिहरूको प्रभावकारिताको मापन गरिन्छ। उपर्युक्त आधारमा गरिएको सहभागी सन्तुष्टी सर्वेक्षणको नतिजा निम्नानुसार रहेको छ :

| मूल्याङ्कनका विषयहरू | उत्कृष्ट १०० | धेरै राम्रो ८० | राम्रो ६० | ठिकै ४० | नराम्रो २० | जम्मा सहभागी | जम्मा अक्त | ओषत अक्त |
|---|---|---|---|---|---|---|---|---|
| समग्रमा तालिम कस्तो लाग्यो ? | ५३ | ५१ | ८ | | | ११२ | ९८६० | ८८.०४% |
| सहजकर्ताको सहजीकरण कस्तो लाग्यो ? | २६ | ६९ | १५ | २ | | ११२ | ९१०० | ८१.२५% |
| वितरण गरिएको अध्ययन सामग्रीहरू कस्तो लाग्यो ? | ४७ | ४५ | १८ | २ | | ११२ | ९४६० | ८४.४६% |
| विषय बस्तु कस्तो लाग्यो ? | ३२ | ६२ | १७ | १ | | ११२ | ९२२० | ८२.३२% |
| प्रशिक्षण सिकाइ विधिहरू कस्तो लाग्यो ? | १९ | ६५ | २७ | १ | | ११२ | ८७६० | ७८.२१% |
| **तालिम प्रतिको औषत संतुष्टि** | | | | | | | | ८२.८६% |

माथिको तालिकाले कर्मचारीहरूको तालिमप्रतिको सन्तुष्टिको अवस्थालाई दर्शाउँदछ । तालिमको औषत सन्तुष्टि करिव ८३ प्रतिषत हुनुले तालिम अत्यन्तै प्रभावकारी रहेको मान्न सकिन्छ। प्रतिष्ठानबाट सञ्चालन हुने सबै तालिममा सहमागीहरूको प्रतिक्रिया लिने र आवश्यकताअनुसार सुधारका कदम चाल्ने व्यवस्थाले तालिमको गुणस्तर अभिवृद्धिमा महत्त्वपूर्ण योगदान पुगेको छ।

### ३.४ पेसागत क्षमता अभिवृद्धि तालिम

प्रतिष्ठानले प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाहरूद्वारा कार्यान्वयन गरिने क्षमता विकासका कार्यक्रमको न्यूनतम आधारभूत गुणस्तर कायम गर्ने उद्देश्यले गत आ.व.देखि नै कार्य गर्दै आइरहेको छ। सोको निरन्तरतास्वरुप चालु आ.व.मा समेत गण्डकी प्रदेशमा रहेका विभिन्न १४ वटा तालिम प्रदायक संस्थामा कार्यरत प्रशिक्षकहरूका लागि पेसागत क्षमता विकास सम्बन्धी ३ दिने



तालिम असार २, ३ र ४ गते पोखरामा सम्पन्न भयो । प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षतामा आयोजित कार्यक्रमको उद्घाटन प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतले गर्नु भएको थियो ।

गण्डकी प्रदेशमा कार्यरत विभिन्न तालिम प्रदायक संस्थाहरूद्वारा सञ्चालन गरिने तालिमको गुणस्तर वृद्धि गर्ने, तालिमको डिजाइनमा एकरुपता कायम गर्ने तथा प्रशिक्षकहरूमा सहजीकरण सीपको विकास गर्ने उद्देश्यले उक्त तालिम आयोजना गरिएको थियो । पेसागत क्षमता अभिवृद्धि तालिम प्रतिष्ठानको नयाँ अग्रसरता हो । प्रदेश अन्तर्गत रहेका विभिन्न तालिम प्रदायक संस्थाहरूलाई Instructional Design and Performance Based Training System मा आधारित प्रशिक्षण पद्धति अवलम्बन गर्न उक्त तालिमले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । प्रयोगात्मक पक्षलाई ध्यान दिई सञ्चालन गरिएको उक्त तालिम कार्यक्रममा तालिम आवश्यकता पहिचान, तालिम कार्यक्रमको डिजाइन, तालिम सामग्री निर्माण, तालिम सहजीकरण र तालिमको मूल्याङ्कन जस्ता विषयवस्तुमा सहभागीहरूलाई अभ्यस्त गराइएको थियो । यस तालिम पश्चात तालिम प्रदायक संस्थाद्वारा आयोजना गरिने तालिमको गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ । जनपद र सशस्त्र प्रहरी तालिम केन्द्रको समेत सहभागीता रहेको उक्त प्रशिक्षणमा १२ जना महिला र १५ जना पुरुष गरी २७ जनाको सहभागीता रहेको थियो ।



# (४) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)

## ४.१ परिचय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा सञ्चालित राष्ट्रिय कार्यक्रम हो। यो कार्यक्रम सबै प्रदेश र स्थानीय तहमा सम्बन्धित प्रदेश सरकारमार्फत कार्यान्वयन भइरहेको छ। प्रदेश सरकार तथा स्थानीय तहको शासन व्यवस्थालाई क्रियाशील, दीगो, समावेशी र उत्तरदायी बनाउने यस कार्यक्रमको लक्ष्य रहेको छ। प्रदेश तथा स्थानीय तहबाट प्रदान गरिने सेवालाई गुणस्तरीय बनाउने तथा स्थानीय विकास र आर्थिक समृद्धिका लागि योगदान गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ। कार्यक्रमको लक्ष्य र उद्देश्य हाँसिल गर्न प्रदेश तथा स्थानीय तहको संस्थागत विकास, जनप्रतिनिधिहरूको नेतृत्व विकास तथा कर्मचारीहरूको क्षमता विकासका लागि विभिन्न क्रियाकलापहरू कार्यान्वयन भइरहेका छन्।

कार्यक्रमको समग्र समन्वयका लागि सङ्घ स्तरमा कार्यक्रम समन्वय इकाइ (Program Coordination Unit-PCU) को व्यवस्था गरिएको छ भने कार्यक्रम कार्यान्वयनका लागि प्रदेश स्तरमा प्रदेश कार्यक्रम कार्यान्वयन इकाइ (Provincial Program Implementation Unit – PPIU) तथा प्रदेश सुशासन केन्द्र (Provincial Center for Good Governance – PCGG) को व्यवस्था गरिएको छ। गण्डकी प्रदेशमा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले PCGG का कार्यक्रम कार्यान्वयन गर्दछ। सम्बन्धित प्रदेशको मुख्यमन्त्रीको अध्यक्षतामा हुने प्रदेश समन्वय समितिले वार्षिक कार्यक्रम तय गर्ने तथा कार्यक्रमको प्रगति समीक्षा गर्ने काम गर्दछ। नेपाल सरकार र विकास साझेदारहरूको संयुक्त आर्थिक योगदान तथा युएनडिपिको प्राविधिक सहयोगमा आ.व. २०७६/७७ मा शुरु भएको पहिलो चरणको कार्यक्रम आ.व. २०८०/८१ सम्म सम्पन्न भएको छ। कार्यक्रमका निम्नअनुसार ३ वटा .लक्ष्य र १४ वटा उद्देश्य रहेका छन् :

| Programme Outcomes | Outputs |
|---|---|
| Outcome 1: Government institutions and inter-governmental mechanisms at all levels are fully functioning in support of federal governance as per the Constitution | Output 1.1: Federal level institutions develop legislations and policies to support PLGs in a consultative manner. |
| | Output 1.2: Federal level institutions develop tools and systems to support PLGs in a consultative process. |
| | Output 1.3: Inter-governmental administrative mechanisms strengthened and functional |

| Programme Outcomes | Outputs |
|---|---|
| Outcome 2:<br>Provincial and local governments have efficient, effective, inclusive, and accountable institutions. | Output 4: Provincial governments drafted legislation in a consultative manner |
| | Provincial and local governments have efficient, effective, inclusive, and accountable institutions. |
| | Output 6: Provincial governments manage core public administration functions |
| | Output 7: PCGGs made operational to deliver capacity development service |
| | Output 8: Modernized LGs have strong administrative systems, and accountable PFM system |
| | Output 9: LG systems enable horizontal and vertical accountability to all citizens |
| | Output 10: LG systems mainstream GESI in their service delivery |
| | Output 11: LG systems enable citizen engagement and inclusive participation |
| | Output 12: IPF is operational and transparently supporting LGs |
| Outcome 3:<br>Elected representatives and civil servants at provincial and local governments have the capacity and serve citizens to their satisfaction. | Output 13: Elected representatives and civil servants at the Province level are incentivized and trained for delivering high quality services |
| | Output 14: LGs' elected representatives and civil servants are empowered and trained for delivering high quality services |

## ४.२ प्रगति विवरण

### ४.२.१ जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास


प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका विभिन्न प्रतिफल अन्तर्गत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धिका लागि चालु आ.व.मा विभिन्न किसिमका तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएका छन् । समाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, सार्वजनिक सम्पत्ति व्यवस्थापन, स्थानीय तहको न्याय सम्पादन र न्याय निरुपण प्रक्रिया, स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन तथा वित्तीय जोखिम मूल्याङ्कन, मध्यमकालीन खर्च संरचना, वित्तीय अनुशासन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, लैङ्गिक उत्तरदायी बजेट, सार्वजनिक खरिद, जिल्ला समन्वय समितिका पदाधिकारीको क्षमता विकास, वडा समितिका सदस्यहरूका लागि योजना तर्जुमा र अनुगमन आदि गरी चालु आर्थिक वर्षमा जम्मा ४४ वटा तालिम सञ्चालन भएका छन् । तालिमको विस्तृत विवरण पछिल्ला खण्डहरूमा उल्लेख गरिएको छ । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि सञ्चालन भएका क्षमता विकास तालिमको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।


| S.N. | Name of activity | District | Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 1 | Social Security and Vital Registration Training (1) | Parbat | Ward Secretary | 24-25 Aug. 2023 | 27 | 12 | 39 |
| 2 | Social Security and Vital Registration Training (2) | Parbat | Ward Secretary | 24-25 Aug. 2023 | 21 | 8 | 29 |
| 3 | Public Assets Management System (PAMS) Training (1) | District Level Organizations | Store Keeper | 27-28 Aug. 2023 | 21 | 1 | 22 |
| 4 | Public Assets Management System (PAMS) Training (2) | District Level Organizations | Store Keeper | 27-28 Aug. 2023 | 17 | 3 | 20 |
| 5 | Public Assets Management System (PAMS) Training (3) | District Level Organizations and LLs | Store Keeper | 29-30 Aug. 2023 | 31 | 6 | 37 |
| 6 | Public Assets Management System (PAMS) Training (4) | District Level Organizations and LLs | Store Keeper | 29-30 Aug. 2023 | 21 | 4 | 25 |
| 7 | Public Assets Management System (PAMS) Training (5) | District Level Organizations and LLs | Store Keeper | 7-8 Dec. 2023 | 25 | 7 | 32 |
| 8 | Public Assets Management System (PAMS) Training (6) | District Level Organizations and LLs | Store Keeper | 7-8 Dec. 2023 | 22 | 8 | 30 |
| 9 | Orientation to Judicial Committee (1) | Manang | Jidicial Committee members | 5 Oct. 2023 | 4 | 2 | 6 |
| 10 | Orientation to Judicial Committee (2) | Mustang | Jidicial Committee members | 11 Oct. 2023 | 9 | 5 | 14 |
| 11 | LISA Follow-up Workshop (1) | 11 District | LISA Focal Persons | 8 Jan. 2024 | 30 | 2 | 32 |
| 12 | LISA Follow-up Workshop (2) | 11 District | LISA Focal Persons | 8 Jan. 2024 | 54 | 2 | 56 |
| 13 | FRA Follow up Workshop (1) | 11 District | FRA focal persons | 9 Jan. 2024 | 31 | 1 | 32 |

| S.N. | Name of activity | District | Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 15 | MTEF Training to CAOs of Local Levels (1) | Local Levels | CAOs | 29-30 Jan. 2024 | 38 | 1 | 39 |
| 16 | MTEF Training to CAOs of Local Level (2) | Local Levels | CAOs | 29-30 Jan. 2024 | 28 | 3 | 31 |
| 17 | Fiscal Discipline Training for Provincial Level Organization Chiefs (1) | 11 Districts | Provincial level organization heads | 29-30 Jan. 2024 | 31 | 0 | 31 |
| 18 | Fiscal Discipline Training for Provincial Level Organization Chiefs (2) | 11 Districts | Provincial level organization heads | 29-30 Jan. 2024 | 30 | 2 | 32 |
| 19 | Judicial Committee Training | 85 Local Levels | Deputy Mayor/Vice Chair | 30-31 Jan. 2024 | 19 | 51 | 70 |
| 20 | Cabinet Proposal Writing Training | Ministries | Officers | 1-2 Feb. 2024 | 17 | 8 | 25 |
| 21 | GESI Audit TOT (1) | Local Levels | GESI Focal persons | 5-6 Feb. 2024 | 13 | 8 | 21 |
| 22 | GESI Audit TOT (2) | Local Levels | GESI Focal persons | 5-6 Feb. 2025 | 14 | 6 | 20 |
| 23 | GESI Audit TOT (3) | Local Levels | GESI Focal persons | 7-8 Feb. 2026 | 6 | 22 | 28 |
| 24 | E-Bidding Training (1) | Provincial Organizations | Engineers | 7-9 Feb. 2024 | 21 | 4 | 25 |
| 25 | E-Bidding Training (2) | Provincial Organizations | Engineers | 7-9 Feb. 2024 | 19 | 4 | 23 |
| 26 | E-Bidding Training (3) | Local Levels | Engineers | 9-11 Feb. 2024 | 29 | 4 | 33 |
| 27 | Social Security and Vital Registration Training (3) | Local Levels | Ward Secretary | 12-13 Feb. 2024 | 25 | 5 | 30 |
| 28 | Social Security and Vital Registration Training (4) | Local Levels | Ward Secretary | 12-13 Feb. 2024 | 20 | 4 | 24 |
| 29 | Social Security and Vital Registration Training (5) | Local Levels | Ward Secretary | 14-15 Feb. 2024 | 28 | 4 | 32 |
| 30 | Social Security and Vital Registration Training (6) | Local Levels | Ward Secretary | 14-15 Feb. 2024 | 16 | 12 | 28 |
| 31 | Gender Responsive Budgeting for Provincial Level Organizations (1) | Provincial Organizations | Gender Focal Persons | 26-27 Feb. 2024 | 12 | 17 | 29 |

| S.N. | Name of activity | District | Target Beneficiary | Date | No. of Participants | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | Male | Female | Total |
| 33 | Positive Thinking Training for DCC | DCC | Chief/Deputy and DCO | 28 Feb. 2024 | 23 | 5 | 28 |
| 34 | Capacity Development Training for DCC members | DCC | DCC members | 14-15 March, 2024 | 20 | 19 | 39 |
| 35 | MTEF Training to CAOs of Local Levels (3) | Local Levels | CAOs and Planning Officers | 18-20 March, 2024 | 46 | 2 | 48 |
| 36 | MTEF Training to CAOs of Local Levels (4) | Local Levels | CAOs and Planning Officers | 18-20 March, 2024 | 26 | 3 | 29 |
| 37 | Preparation of Code of Conduct Against Gender Violence (1) | Provincial Organizations | Gender Focal Persons | 28-29 Apr. 2024 | 13 | 7 | 20 |
| 38 | Preparation of Code of Conduct Against Gender Violence (2) | Provincial Organizations | Gender Focal Persons | 28-29 Apr. 2025 | 12 | 5 | 17 |
| 39 | Bio-Engineering and Low Cost Technology Training for Local Levels | Local Levels | Engineers | 2-3 May, 2024 | 21 | 2 | 23 |
| 40 | Fiscal Discipline Training for Local Level Staff (1) | Local Levels | Account Officers | 21-22 May, 2024 | 22 | 7 | 29 |
| 41 | Fiscal Discipline Training for Local Level Staff (2) | Local Levels | Account Officers | 21-22 May, 2024 | 21 | 2 | 23 |
| 42 | Public Procurement Training for Provincial Level Staff | Provincial Organizations | Procurement Committee | 29-31 May, 2024 | 15 | 7 | 22 |
| 43 | Nepali Language Training | Provincial Organizations | Admin Staff | 30-May-24 | 14 | 8 | 22 |
| 44 | Interaction on GESI Strategy, GESI Auidt | Local Levels | Deputy Mayor/Vice Chair | 03-Jun-24 | 13 | 48 | 61 |
| | | | | **Total** | **991** | **343** | **1334** |

उल्लिखित तालिमबाट ९९१ जना पुरुष र ३४३ जना महिला गरी जम्मा १३३४ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन् । कार्यक्रममा सहभागी महिला पुरुषको विवरण तलका चार्टमा उल्लेख गरिएको छ ।




उपर्युक्त चार्टअनुसार कुल १३३४ जना सहभागी मध्ये २६ प्रतिशत महिला र बाँकी ७४ प्रतिशत पुरुष रहेका छन् । उल्लिखित तालिमहरूको विस्तृत विवरण पछाडिका खण्डहरूमा उल्लेख गरिएको छ ।

### (क) स्थानीय तहका पञ्जिकाधिकारी (वडा सचिव)हरूका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम

राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा स्थानीय तहका पञ्जीकाधिकारी (वडा सचिव) हरूलाई सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी २ दिने तालिम सम्पन्न भयो । तालिममा सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताका कानूनी व्यवस्था, व्यवहारिक समस्या र प्राविधिक अभ्यासलाई मुख्य रूपमा छलफल गरिएको थियो । यस तालिमबाट वडा कार्यालयहरूको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा प्रवाहमा महत्त्वपूर्ण योगदान पुगेको छ ।





भाद्र ७देखि ८ सम्म पहिलो चरण र माघ २९देखि फागुन ३ सम्म दोस्रो चरण गरी जम्मा ६ समूहमा सञ्चालन भएको उक्त तालिममा कास्की, म्याग्दी, स्याङ्जा र पर्वत जिल्लाका सबै स्थानीय तहका सबै वडा सचिवहरूलाई सहभागी गराइएको थियो । यसबाट १३७ पुरुष र ४५ महिला गरी जम्मा

१८२ जना वडा सचिवहरू लाभान्वित भएका छन् । तालिमलाई राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागका प्रशिक्षकहरूले सहजीकरण गरेका थिए ।

**(ख) जिल्लास्थित कार्यालय र स्थानीय तहका कर्मचारीका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन तालिम**

प्रदेश सरकार अन्तर्गत गण्डकी प्रदेशका कास्की बाहेक १० वटै जिल्लास्थित कार्यालय र कास्की, स्याङ्जा, नवलपुर तथा तनहुँका स्थानीय तहहरूमा स्टोर/जिन्सी सम्बन्धी जिम्मेवार कर्मचारीहरूका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धी दुई दिने तालिम २०८० भाद्र र मंसिर महिनामा सम्पन्न भयो । भाद्र महिनाको १० र ११ तथा १२ र १३ गते ४ समूह र मंसिर २२देखि २३ सम्म दुई समूहमा सञ्चालित उक्त तालिममा कुल १६६ जना कर्मचारीहरूको सहभागीता रहेको थियो । प्रदेश लेखा नियन्त्रक कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्कीसँगको समन्वय र सहजीकरणमा उक्त तालिम सञ्चालन गरिएको थियो । तालिममा सार्वजनिक निकायले सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन र उचित उपयोग गर्न लेखाङ्कनदेखि निरीक्षण, मिनाहा तथा प्रतिवेदनसम्मको समग्र कार्य विद्युतीय प्रणाली (पाम्स सफ्टवेयर) को प्रयोग गरी प्रभावकारी एवम् त्रुटिरहित ढङ्गले गर्न कानूनी व्यवस्था सम्बन्धी जानकारीका साथै व्यवहारिक ज्ञान एवम् सीप अभिवृद्धिका लागि जोड गरिएको थियो ।



अभ्यासमा आधारित तालिमका कारण सहभागीहरूले तालिमपश्चात आ-आफ्नो कार्यालयमा जिन्सी सम्बन्धी विगतदेखि भोग्दै आइरहेका समस्याहरूको समाधान गर्न सकिने कुरामा आम्मविश्वास जागेको प्रतिक्रिया दिएका थिए भने पाम्स सफ्टवेयर प्रयोग नगरेका कार्यालयहरूमा तालिमपश्चात सो सफ्टवेयरको प्रयोग गर्ने प्रतिवद्धता जाहेर गरेका थिए । तालिमपश्चात सम्बन्धित कार्यालय/स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापनमा सुधार आउने र सेवाप्रवाहमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।



### (ग) स्थानीय तहमा निर्माण गरिने विभिन्न योजना सम्बन्धी स्थानीय तहका प्रमुखहरूको अभिमुखीकरण र समझदारीपत्रमा हस्ताक्षर कार्यक्रम

प्रतिष्ठानले स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिका लागि महत्त्वपूर्ण योगदान गर्दै आइरहेको छ । स्थानीय तहका आवधिक विकास योजना, संस्थागत क्षमता विकास योजना, आन्तरिक राजस्व सुधार योजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति आदि जस्ता दस्तावेजहरूको निर्माण र कार्यान्वयनले स्थानीय तहको समग्र कार्यसम्पादनमा प्रभाव पार्दछन् । उल्लिखित योजना एवम् दस्तावेजहरू निर्माणमा प्रतिष्ठानले विगत आ.व.हरूदेखि नै स्थानीय तहहरूलाई आर्थिक एवम् प्राविधिक सहयोग गर्दै आइरहेकोमा चालु आ.व.मा समेत स्थानीय तहको मागका आधारमा त्यस्तो सहयोग प्रदान गरिएको थियो । स्थानीय तहको स्वामित्व र अग्रसरतामा निर्माण गरिने दस्तावेजका सम्बन्धमा स्थानीय तह र प्रतिष्ठानको भूमिका र गुणस्तर नियन्त्रणका प्रक्रिया सम्बन्धमा छनौट भएका स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूका लागि एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । सो अभिमुखीकरण कार्यक्रमपश्चात स्थानीय तह र प्रतिष्ठानका विच समझदारी पत्रमा हस्ताक्षरसमेत सम्पन्न भएको थियो । चालु आ.व. मा ४६ वटा दस्तावेज निर्माणका लागि स्थानीय तहहरूसँग त्यस्तो समझदारी गरिएको थियो ।





### (घ) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन तथा वित्तीय सुशासन जोखिम मूल्याङ्कन सम्बन्धी फलोअप तथा अन्तरक्रिया

स्थानीय तहको कार्य प्रकृया र उपलब्धिहरूको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र स्थानीय तह बीचमा तुलनायोग्य सूचकहरू तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउने उद्देश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ जारी गरेको छ । त्यसैगरी, स्थानीय तहको वित्तीय प्रणाली व्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त



व्यवस्थापनका सम्भावीत जोखिमका क्षेत्रहरूको पहिचान गरी तिनको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ तर्जुमा गरेको छ। सोही कार्यविधिका आधारमा स्थानीय तहले प्रक्रियाको जोखिम, नतिजाको जोखिम र वित्तीय अनुशासनको जोखिमको विश्लेषण गरी स्थानीय तहको सवल र सुधार गर्नुपर्ने पक्षहरू निर्क्योल गर्दछन्।

स्थानीय तहहरूले गत आर्थिक वर्षमा गरेका मूल्याङ्कनको प्रगति बारे फलोअप तथा सिकाइका बारे अन्तरक्रिया २०८० पौष २३ र २४ गते पोखरामा आयोजना भएको थियो। स्थानीय तहमा गरिने यी मूल्याङ्कन पद्धति सम्बन्धी व्यवहारिक एवम् प्राविधिक समस्या, चुनौति र सुधार गर्नुपर्ने कुराहरू पहिचान गरी सुधारका लागि सल्लाह सुझाव सङ्कलन गर्ने तथा यस सम्बन्धी स्थानीय तहका अनुभव एवम् सिकाइ आदान प्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको थियो।

गण्डकी प्रदेशका सबै स्थानीय तह तथा जिल्ला समन्वय समितिका LISA सम्पर्क व्यक्तिहरूका लागि पौष २३ मा आयोजित कार्यक्रममा ८८ जना र FRA सम्पर्क व्यक्तिहरूका लागि पौष २४ गते आयोजित कार्यक्रममा ८७ जनाको उपस्थिति रहेको थियो। कार्यक्रममा सङ्घीयताको सन्दर्भमा LISA तथा FRA को औचित्य र स्थानीय तहको शासकीय क्षमता तथा वित्तीय उत्तरदायित्व अभिवृद्धिमा उक्त मूल्याङ्कनको महत्त्वका बारेमा अभिमुखीकरण गरिएको थियो। कार्यक्रममा समूहगत छलफल गरी LISA र FRA कार्यान्वयनले स्थानीय तहमा भएका सकारात्मक उपलब्धि र मूल्याङ्कन सम्बन्धी सुधार गर्नुपर्ने कुरा र सुधारका उपायहरू पहिचान गरिएको थियो।



उल्लिखित अभिमुखीकरणको नतिजा स्वरुप सबै स्थानीय तहले आ-आफ्नो स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय जोखिम मूल्याङ्कन गरी सोको नतिजा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विकास गरेको पोर्टलमा सार्वजनिक गरिसकेका छन्। उल्लिखित औजारहरूले स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

### (ङ) प्रदेश अन्तर्गतका कार्यालयका कार्यालय प्रमुखका लागि वित्तीय सुशासन तथा बेरुजु व्यवस्थापन सम्बन्धी तालिम

प्रदेश सरकारका जिल्ला स्थित कार्यालयका प्रमुखहरूका लागि वित्तीय अनुशासन तथा बेरुजू फछ्र्यौट सम्बन्धी दुई दिवसीय तालिम २०८० माघ १५ र १६ गते पोखरामा सञ्चालन भयो । तालिममा वित्तीय अनुशासनको अवधारणा र आवश्यकता, वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नीतिगत तथा कानूनी प्रावधान, आर्थिक कार्यप्रणालीमा सुधारका क्षेत्रहरू, आन्तरिक नियन्त्रण प्रणाली, बेरुजु फछ्र्यौटका विधि, प्रक्रिया तथा वित्तीय सुशासन, आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न एवम् बेरुजु फछ्र्यौटमा कार्यालय प्रमुखको भूमिका विषयहरू समेटिएका थिए ।



दुई समूहमा सञ्चालित उक्त तालिममा जम्मा ६३ वटा कार्यालयका प्रमुखहरूको सहभागीता रहेको थियो, जसमध्ये ६१ जना पुरुष र बाँकी २ जना महिला कर्मचारीहरू रहेका थिए । तालिमलाई महालेखा परीक्षकको कार्यालयसँगको समन्वयमा आयोजना गरिएको थियो ।

### (च) स्थानीय तहका लागि मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम

स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र योजना शाखा प्रमुखलाई मध्यमकालीन खर्च संरचना सम्बन्धी तीन दिवसीय तालिम पहिलो चरणमा २०८० माघ १५देखि १७ गतेसम्म र दोस्रो चरणमा २०८० चैत्र ५देखि ७ सम्म सम्पन्न भएको थियो । आवधिक विकास योजना र वार्षिक कार्यक्रमलाई जोड्ने औजारको रूपमा नीतिगत व्यवस्था भए अनुरुप सबै स्थानीय तहहरूले हरेक वर्ष बजेट निर्माण गर्दा तयार गर्नुपर्ने मध्यमकालीन खर्च संरचना तयार गर्न स्थानीय तहलाई नै सक्षम बनाउने उद्देश्यले प्रतिष्ठानले यो तालिमको आयोजना गरेको हो ।



मध्यमकालीन खर्च संरचनाको अवधारणा, त्रीवर्षीय खर्च तथा स्रोत अनुमान र बजेटको आकार निर्धारण, बजेट सीमा निर्धारण तथा मार्गदर्शन तयारी, आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण तयारी, आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण, खर्च अनुमान र साङ्केतीकरण, उपक्षेत्रगत खर्च अनुमान र श्रोत बाँडफाँट नतिजा खाका तयारी, समष्टिगत आर्थिक खाका, नतिजा खाका र

बजेट खाका तयारी, एकीकृत सांकेतीकरण, खर्च अनुमान र खर्चको बाँडफाँट लगायतका विषयमा राष्ट्रिय योजना आयोगले जारी गरेको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा आधारित भई तालिम प्रदान गरिएको थियो । तालिमपश्चात सबै स्थानीय तहमा मध्यमकालीन खर्च संरचना वास्तविक रूपमा तयार हुने अपेक्षा गरिएको छ । सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत तथा योजना शाखा प्रमुखलाई लक्षित गरिएको यस तालिमको पहिलो चरणमा गोरखा, लम्जुङ, मनाङ, मुस्ताङ, म्याग्दी र बाग्लुङ जिल्लाका ४३ स्थानीय तहलाई सहभागी गराइएको थियो भने दोस्रो चरणमा पर्वत, बागलुङ, कास्की, नवलपरासी, तनहुँ र स्याङ्जा जिल्लाका स्थानीय तहलाई समावेश गरिएको थियो । तालिममा कुल १४७ जना कर्मचारीको सहभागीता रहेको थियो ।



### (छ) न्यायिक समितिका संयोजकहरूका लागि न्याय सम्पादन र मेलमिलाप सम्बन्धी तालिम

गण्डकी प्रदेशका सबै स्थानीय तहका न्यायिक समितिका संयोजक उपप्रमुख/उपाध्यक्षहरूका लागि स्थानीय तहमा न्यायिक कार्यसम्पादन तथा सामुदायिक मेलमिलाप सम्बन्धी तालिम २०८० माघ १७ र १८ गते पोखरामा सम्पन्न भयो । स्थानीय तहको न्याय सम्पादनलाई प्रभावकारी जनमुखी, सहज सरल र व्यवहारिक बनाउने सन्दर्भमा समितिको अनुभव, चुनौति तथा समस्याका बारेमा अन्तरक्रिया गरी समस्या समाधानका उपायहरू पहिचान गर्ने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको थियो ।





गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षता तथा पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जु देवी गुरुङको प्रमुख आतिथ्यतामा शुभारम्भ भएको उक्त कार्यक्रमको सहजीकरण नेपाल सरकारका पूर्वसचिव संविधानविद् तथा प्रशासनविद् काशीराज दाहालबाट भएको थियो । उक्त कार्यक्रममा स्थानीय तहका ७० जना न्यायिक समिति संयोजक (उपप्रमुख/उपाध्यक्ष) को सहभागीता रहेको थियो, जसमध्ये ५१ जना महिला र १९ जना पुरुष जनप्रतिनिधिहरू रहेका थिए ।


८५ वटै स्थानीय तहका न्यायिक समिति संयोजकलाई तालिम

स्थानीय तहमा न्यायिक समितिमार्फत न्याय निरुपण प्रक्रियामादेखिएका समस्या र सवालहरूमा केन्द्रित रहेर गरिएको

प्रशिक्षणले प्रदेशका सबै स्थानीय तहमा न्याय निरुपण प्रक्रियामा एकरुपता ल्याउन महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

### (ज) मन्त्रिपरिषद्मा पेस गर्ने प्रस्ताव लेखन सम्बन्धी तालिम

प्रदेश सरकारका सबै मन्त्रालयका महाशाखामा कार्यरत अधिकृतस्तरका कर्मचारीहरूका लागि मन्त्रिपरिषद्मा पेस गरिने प्रस्ताव लेखन सम्बन्धी दुई दिने तालिम माघ १८ र १९ गते पोखरामा सञ्चालन भयो । मन्त्रिपरिषद्मा नीतिगत तथा कार्यक्रमगत निर्णयका लागि तयार गर्नुपर्ने प्रस्ताव लेखन सम्बन्धी सैद्धान्तिक, प्राविधिक र व्यवहारिक पक्षका बारेमा सहभागीहरूलाई प्रशिक्षित गरिएको थियो। तालिममा सहभागीहरूलाई प्रस्तावको मस्यौदा तयार गर्न लगाई सहजकर्ताबाट पृष्ठपोषण दिइएको थियो।



उक्त तालिममा सबै मन्त्रालयका महाशाखाहरूबाट जम्मा २५ जना अधिकृतस्तरका कर्मचारीहरूको सहभागीता रहेको थियो, जसमध्ये १७ जना पुरुष र बाँकी ८ जना महिला कर्मचारी रहेका थिए। उक्त तालिमले मन्त्रालयहरूबाट मन्त्रिपरिषद्मा पेस गर्नुपर्ने प्रस्ताव तयार गर्न आवश्यक ज्ञान र सीपको विकास गरेको छ।

### (झ) लैससास परीक्षण सम्बन्धी प्रशिक्षक प्रशिक्षण

स्थानीय तहका लैससास सम्पर्क व्यक्तिका लागि लैससास परीक्षण सम्बन्धी दुई दिवसीय प्रशिक्षक प्रशिक्षण २०८० माघ २२देखि २५ गतेसम्म पोखरामा आयोजना भएको थियो । स्थानीय तहले प्रत्येक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षण गर्नुपर्ने नीतिगत व्यवस्था भएबमोजिम सम्बन्धित स्थानीय तहमा उक्त परीक्षणको सहजीकरण गर्ने जनशक्ति तयार गर्ने उद्देश्यानुरुप प्रतिष्ठानले प्रशिक्षक प्रशिक्षणको आयोजना गरेको हो । तालिममा लैससास परीक्षणको अवधारण, आवश्यकता, औचित्य, विधि, प्रकृया, परीक्षण सहजीकरण, प्रतिवेदन तथा परीक्षणको नतिजाको आधारमा सुधार कार्ययोजनाको तयारीसम्मका विषयहरू समेटिएको थियो।



सबै ८५ स्थानीय तहका लागि लक्षित गरी तीन समूहमा सञ्चालित सो तालिममा ६९ स्थानीय

तहको सहभागीता रहेको थियो । कुल ६९ सहभागीहरूमध्ये ३६ महिला र बाँकी ३३ जना पुरुष कर्मचारीहरू रहेका थिए ।

### (ञ) प्रदेश र स्थानीय तहका प्राविधिक कर्मचारीका लागि विद्युतीय बोलपत्र सम्बन्धी तालिम

प्रदेश सरकारका मन्त्रालय, निर्देशनालय तथा मातहतका कार्यालयमा विद्युतीय बोलपत्र सम्बन्धी काम गर्ने कर्मचारीका लागि तीन दिने तालिम पोखरामा सम्पन्न भएको थियो । २०८० माघ २४देखि २६ गतेसम्म दुई समूहमा सञ्चालित उक्त तालिममा मन्त्रालय तथा निर्देशनालय र जिल्लास्थित कार्यालयसहित ४८ कार्यालयका कर्मचारीहरूको सहभागीता रहेको थियो । विशेषगरी सिभिल इन्जिनियरिङ सेवाका कर्मचारीहरूलाई लक्षित गरिएको सो कार्यक्रममा जम्मा ४८ जना कर्मचारीको सहभागीता रहेको थियो ।





त्यसैगरी, प्रदेशका सबै नगरपालिका (महानगर समेत), मनाङ, मुस्ताङ जिल्लाका सदरमुकाम रहेका गाउँपालिका र तनहुँका गाउँपालिका सहित ३३ स्थानीय तहका लागि सोही तालिम २०८० माघ २६देखि २८ गतेसम्म सञ्चालन भएको थियो । उक्त तालिममा सहभागी ३३ जनामध्ये ४ जना महिला कर्मचारीको सहभागीता रहेको थियो । सार्वजनिक खरिद अनुगमन कार्यालय, काठमाडौंसँग समन्वय गरी सबै तालिमहरूको सहजीकरण गरिएको थियो । उक्त तालिमले सार्वजनिक निकायमा विद्युतीय खरिदलाई सहज तरिकाले सम्पादन गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

### (ट) प्रदेश अन्तर्गतका कार्यालयका लागि लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी तालिम

प्रदेश सरकारका जिल्लास्थित कार्यालयका लैससास सम्पर्क व्यक्तिका लागि लैङ्गिक उत्तरदायी बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी दुई दिवसीय तालिम २०८० फागुन १४ र १५ गते पोखरामा सञ्चालन भयो । तालिममा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी नीतिगत व्यवस्था, हालसम्म भएका प्रयास, अहिलेको आवश्यकता र औचित्य, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ मा भएका व्यवस्थाहरू, प्रदेश सरकारका वार्षिक योजना तथा बजेट तर्जुमा



प्रक्रियामा लैङ्गिक उत्तरदायी बजेट एकीकरण, विद्यमान चुनौति र सुधारका उपाय लगायतका विषयमा सहजीकरण गरिएको थियो ।

लैङ्गिक संवेदनशीलताका आधारमा सम्बन्धित कार्यालयको बजेटको विश्लेषण गर्ने अभ्यास गराई लैङ्गिक तटस्थ बजेटलाई सहायक र लैङ्गिक सहायक बजेटलाई निर्दिष्ट बजेट बनाउने उपायका बारेमा तालिममा अभिमुखीकरण गरिएको थियो । महिला, किशोरी र बालिकाका साथसाथै सीमान्तकृत वर्ग र समुदायका लागि समेत लक्षित गरी बजेट विनियोजन, आयोजना निर्माण र कार्यान्वयन गर्न कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न सकियोस् भन्ने उद्देश्यले आयोजित यस तालिममा प्रदेशका सबै ११ जिल्लाका ५२ वटा कार्यालयबाट एक-एक जनाको सहभागीता रहेको थियो । जसमध्ये २४ जना महिला र २८ जना पुरुष रहेका थिए ।



### (ठ) जिल्ला समन्वय समितिका पदाधिकारीका लागि सकारात्मक सोच र कार्यसम्पादन व्यवस्थापन सम्बन्धी तालिम

जिल्ला समन्वय समितिका पदाधिकारीहरूका लागि सकारात्मक सोच सम्बन्धी एक दिवसीय तालिम २०८० फागुन १६ गते सम्पन्न भएको थियो । गण्डकी प्रदेशका सबै ११ जिल्लाका जिससका पदाधिकारीहरूलाई आमन्त्रण गरिएको उक्त तालिममा जनप्रतिनिधि तथा कर्मचारी गरी जम्मा २८ जनाको सहभागीता रहेको थियो । जसमध्ये २३ जना पुरुष र बाँकी ५ जना महिला रहेका थिए । जिसस पदाधिकारीहरूको कार्यसम्पादनको स्तरमा सुधार ल्याउन एवम् सुशासन प्रवर्द्धन गर्न सकारात्मक सोचको विकास गर्ने उद्देश्यले उक्त तालिम आयोजना गरिएको थियो । जीवनकला र सकारात्मक सोच, जीवन व्यवस्थापन र कार्यसम्पादनका सीपहरू, सुशासनमा सकारात्मक व्यहारको भूमिका, विकास व्यवस्थापन र सकारात्मक सोच, दैनिक जीवनशैली, स्वाथ्य र आहार-विहार, अनुकरणीय प्रयासको थालनी लगायतका विषयवस्तु समेटिएको उक्त तालिमले जिसस पदाधिकारीहरूको कार्यसम्पादनमा सकारात्मक





प्रभाव पार्ने अपेक्षा गरिएको छ।

डा. राजु अधिकारीबाट सहजीकरण भएको उक्त कार्यक्रमको समापनमा जिसस महासङ्घ गण्डकी प्रदेश समितिका अध्यक्ष तथा जिसस कास्कीका प्रमुख लिलाधर पौडेल, जिसस तनहुँका प्रमुख शान्तिरमण वाग्ले, जिसस लमजुङका उपप्रमुख बुना कुमारी रिमाल तथा प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले मन्तव्य राख्नु भएको थियो।

### (ड) जिल्ला समन्वय समितिका सदस्यहरूका लागि क्षमता विकास तालिम

प्रतिष्ठानले जिल्ला समन्वय समितिका सदस्यहरूको क्षमता विकासमा निरन्तर योगदान गर्दै आइरहेको छ। चालु आ.व. मा समेत प्रतिष्ठानले क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिएको छ। यसै सन्दर्भमा २०८० चैत्र १ र २ गते पोखरामा जिल्ला समन्वय समितिका सदस्यहरूको क्षमता विकास सम्बन्धी तालिम सम्पन्न भएको थियो। गण्डकी प्रदेशका ११ वटै जिल्लाका जिसस सदस्यहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त तालिममा जिल्ला समन्वय समितिको कानूनी अधिकार र भूमिका, विकासको अवधारणा, योजना तर्जुमा प्रक्रिया, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन लगायतका विषयमा प्रशिक्षण गरिएको थियो। तालिममा २९ जना पुरुष र १० जना महिला गरी ३९ जना जिसस सदस्यहरूको सहभागीता रहेको थियो। तालिमले जिसस सदस्यहरूको कार्यसम्पादनमा अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।






### (ढ) स्थानीय तहको योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम

गण्डकी प्रदेशका ११ वटा स्थानीय तहहरूमा वडा समितिका सदस्यहरूका लागि सहभागीतामूलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम २०८० चैत्र र २०८१ वैशाख महिनामा आयोजना गरिएको थियो। स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८बमोजिम स्थानीय तहहरूको योजना तर्जुमा प्रक्रियामा सहजीकरण गर्ने उद्देश्यले आयोजना गरिएको उक्त तालिम पश्चात सहभागीतामूलक



योजना तर्जुमा र योजना छनौटमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। तालिममा सङ्घीय संरचनामा स्थानीय तहका अधिकार क्षेत्र, सहभागीतामूलक योजना तर्जुमाका चरणहरू, सुशासन, सार्वजनिक जवाफदेहिता लगायतका विषयहरूमा सहभागीतामूलक छलफल गरिएको थियो। तालिमको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| क्र.सं. | स्थानीय तहको नाम | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | म्याग्दे गाउँपालिका | १९ | १५ | ३४ |
| २ | मनाङ डिस्याङ गाउँपालिका | ३८ | ११ | ४९ |
| ३ | विरुवा गाउँपालिका | २० | १९ | ३९ |
| ४ | फेदिखोला गाउँपालिका | १५ | १३ | २८ |
| ५ | फलेवास नगरपालिका | ७० | २१ | ९१ |
| ६ | मोदी गाउँपालिका | ३० | २० | ५० |
| ७ | रिसिङ गाउँपालिका | ३१ | १५ | ४६ |
| ८ | घिरिङ गाउँपालिका | २७ | १४ | ४१ |
| ९ | वरेङ गाउँपालिका | २९ | १२ | ४१ |
| १० | भीमसेन थापा गाउँपालिका | ३४ | ११ | ४५ |
| ११ | शहीदलखन गाउँपालिका | ३३ | १७ | ५० |
| जम्मा | | ३४६ | १६८ | ५१४ |

उक्त तालिममा ३ सय ४६ जना पुरुष र १ सय ६८ जना महिला गरी जम्मा ५ सय १४ जना प्रमुख/ अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष सहित वडासमितिका पदाधिकारी तथा वडा सचिवहरूको सहभागीता रहेको थियो । तालिमलाई व्यवहारिक र अभ्यास केन्द्रित गराई स्थानीय तहको योजना तर्जूमा प्रक्रियामा वडा समितिका पदाधिकारीहरूले नेतृत्व प्रदान गर्न सक्ने अवस्था सिर्जना गर्ने गरी सहभागीतामूलक तरिकाले सहजीकरण गरिएको थियो।



### (ण) कर्मचारीको सेवा प्रवेश तालिम

प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेशबाट सिफारिस भएका नवप्रवेशी कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम २०८० मंसिर, चैत्र र २०८१ जेठ महिनामा गरी ३ चरणमा सञ्चालन गरिएको थियो। तालिममा कार्यालय सञ्चालन तथा व्यवस्थापन, सार्वजनिक सेवाका आधारभूत कुराहरू, कार्यजिम्मेवारी र सेवा प्रवाह, कर्मचारी आचरण, वित्तीय अनुशासन, सार्वजनिक प्रशासन, विकास व्यवस्थापन लगायतका विषयवस्तुमा व्यवहारिक छलफल तथा प्रशिक्षण गरिएको थियो।



तालिम सहायकस्तर र अधिकृतस्तरका लागि निर्धारित छुट्टाछुट्टै पाठ्यक्रममा आधारित भई सञ्चालन गरिएको थियो। निर्धारित विषयवस्तुमा आधारित रहेर दक्ष प्रशिक्षकहरूमार्फत तालिमको सहजीकरण गरिएको थियो। तालिमले निर्दिष्ट पदमा रही निर्वाह गर्नुपर्ने कार्यजिम्मेवारीलाई प्रभावकारी बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ। तालिमको विस्तृत विवरण निम्नअनुसार रहेको छ :



| मिति | तह | महिला | पुरूष | जम्मा |
|---|---|---|---|---|
| २०८०।८।१० देखि १४ सम्म | इन्जिनियर सातौं तह | १० | २७ | ३७ |
| २०८०।१२।१९ देखि २३ सम्म | सहायकस्तर चौंथो र पाचौं तह | १३ | १६ | २९ |
| २०८१।०२।३ देखि ७ सम्म | अधिकृतस्तर सातौं तह | ७ | २० | २७ |
| जम्मा | | ३० | ६३ | ९३ |

उल्लिखित तालिमले नवप्रवेशी कर्मचारीहरूलाई सार्वजनिक निकायमा रहेर काम गर्न आवश्यक सीप, ज्ञान र दक्षता प्रदान गरेको छ।

### (त) प्रदेश तहका कर्मचारीका लागि कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता निर्माण सम्बन्धी तालिम

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता निर्माण सम्बन्धी तालिम २०८१ वैशाख १७ र १८ गते सञ्चालन भएको थियो। उक्त तालिमको

उद्देश्य कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१ र आचारसंहिता, २०७४ मा भएका व्यवस्था, त्यसको आवश्यकता र औचित्यका बारेमा प्रदेश तहका कर्मचारीहरूलाई अभिमुखीकरण गरी आचारसंहिता निर्माण सम्बन्धी सीपको विकास गर्नु रहेको थियो । प्रदेशस्तरका कार्यालयका कर्मचारीहरूलाई लक्षित गरिएको उक्त तालिममा दुईवटा समूहमा १२ जना महिला र २५ जना पुरूष गरी ३७ जनाको सहभागीता रहेको थियो ।



तालिम पश्चात कार्यालयहरूमा स्वच्छ, मर्यादित कार्यवातावरण तयार गरी प्रभावकारी कार्यसम्पादनमार्फत सेवा प्रवाहमा विश्वसनियता कायम गर्नका लागि कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता निर्माण हुने अपेक्षा गरिएको छ। तालिमपश्चात सहभागीहरूले आ-आफ्नो कार्यालयको आचारसंहिता निर्माणको कार्ययोजना समेत तयार गरेका थिए।

### (द) स्थानीय तहका इन्जिनियरहरूका लागि बायोइन्जिनियरिङ सम्बन्धी तालिम

पर्वत, कास्की, तनहुँ र स्याङजाका स्थानीय तहमा कार्यरत इन्जिनियर र सब इन्जिनियरका लागि वायोइन्जिनियरिङ सम्बन्धी तालिम २०८१ जेठ २० र २१ गते आयोजना भएको थियो । तालिमको उद्देश्य कर्मचारीहरूलाई वायोइन्जिनियरिङका सम्बन्धमा प्रशिक्षण गरी कम खर्चिलो भू-संरक्षण प्रविधि कार्यान्वयन गर्न सक्षम बनाउने रहेको थियो । तालिममा वायोइन्जिनियरिङ, माटोको क्षयीकरण, जलाधार व्यवस्थापन, कम खर्चिलो प्रविधि सम्बन्धमा सहजीकरण गरिएको थियो । तालिमपश्चात स्थानीय तहका योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा वातावरण संवेदनशीलता र कम खर्चिलो प्रविधि प्रयोग हुने अपेक्षा गरिएको छ। तालिममा २१ पुरुष र २ महिला गरी जम्मा २३ जना कर्मचारीहरूको सहभागीता रहेको थियो ।



### (ध) अन्तर प्रदेश सिकाइ आदान प्रदान कार्यक्रम

प्रतिष्ठान ज्ञान केन्द्र, सिकाइ केन्द्र र क्षमता विकासको क्षेत्रमा प्रदेश सरकारको एउटा भरपर्दो संस्थाका रूपमा क्रियाशील रहँदै आएको छ। यही सिलसिलामा अन्य प्रदेशका तालिम प्रदायक संस्था र तीनले सञ्चालन गरेका कार्यक्रमले पारेको प्रभावबाट सिक्ने उद्देश्यले अन्तरप्रदेश सिकाइ आदान प्रदान कार्यक्रम २०८१ वैशाख २२ गतेदेखि २८ गते सम्म सञ्चालन गरेको थियो। अन्य प्रदेशहरूमा

रहेका प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रहरू, प्रदेश सरकार अन्तर्गत प्रदेश कार्यक्रम कार्यान्वयन इकाइहरू र स्थानीय तहहरूको अवस्था, असल अभ्यासहरू र आगामी दिनहरूमा प्रभावकारी समन्वय र सहकार्यको लागि अवसर खोजीको उद्देश्य अनुरुप प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुर, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कलवलगुरी झापा, सूर्योदय नगरपालिका, इलाम, मेचीनगर नगरपालिका, झापा  र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बाग्मती प्रदेशको अध्ययन भ्रमण गरिएको थियो । भ्रमणमा  प्रतिष्ठानका कार्यकारी निर्देशक सहित १४ जना कर्मचारीहरूको सहभागीता रहेको थियो । उक्त अध्ययन भ्रमण कार्यक्रमले अन्य प्रदेशमा सञ्चालित कार्यक्रम र तालिम केन्द्रहरूको संस्थागत विकासको अवस्थाका बारेमा जानकारी प्राप्त भएको छ ।





### (न) स्थानीय तहका लेखा प्रमुखहरूका लागि वित्तीय उत्तरदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम

स्थानीय तहका लेखा शाखा प्रमुखहरूलाई वित्तीय उत्तरदायित्व र बेरूजु व्यवस्थापन सम्बन्धी तालिम २०८१ जेठ ८ र ९ गते आयोजना गरिएको थियो। तालिमको उद्देश्य बित्तीय उत्तरदायित्व र बेरूजु व्यवस्थापन गर्न सहयोग गर्नु रहेको थियो । तालिममा नीतिगत तथा कानूनी प्रावधानहरू, आर्थिक कार्यप्रणालीमा सुधारका क्षेत्रहरू, कार्यालयमा वित्तीय अनुशासन कायम गर्न जनप्रतिनिधि र कार्यालय प्रमुख/लेखा प्रमुखको भूमिका, बेरुजु फर्स्यौटका विधि, प्रक्रिया र जनप्रतिनिधि, कार्यालय प्रमुख तथा लेखा प्रमुखको दायित्व सम्बन्धमा प्रशिक्षण गरिएको थियो । तालिम पश्चात स्थानीय तहमा वेरुजु न्यूनीकरण रणनीति तर्जुमा तथा कार्यान्वयन हुने अपेक्षा गरिएको छ।



दुई समूहमा सञ्चालित तालिममा ४३ जना पुरुष र ९ जना महिला गरी कुल ५२ जनाको सहभागीता रहेको थियो । तालिमको अन्त्यमा सहभागीहरूले आ-आफ्नो स्थानीय तहको बेरुजु फर्छ्यौट कार्ययोजना समेत तयार गरेका थिए।

### (प) प्रदेश तहका कर्मचारीका लागि सार्वजनिक खरिद सम्बन्धी तालिम

प्रतिष्ठानले प्रदेश र स्थानीय तहमा सार्वजनिक खरिद कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले निरन्तर रूपमा तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसै सन्दर्भमा गण्डकी प्रदेशमा कार्यरत कर्मचारीहरूका लागि सार्वजनिक खरिद सम्बन्धी तीन दिने तालिम २०८१ जेठ १६देखि १८ सम्म सम्पन्न भएको थियो । तालिमको उद्देश्य प्रदेश कार्यालयहरूको खरिद सम्बन्धी क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्नु रहेको थियो । तालिममा सार्वजनिक खरिद विधि र प्रक्रियाका कानूनी प्रावधान र व्यवहारिक पक्षहरूमा सहभागीतामूलक छलफल गरिएको थियो । यस कार्यक्रममा ७ जना महिला र १५ जना पुरुष गरी २२ जना कर्मचारीहरूको सहभागीता रहेको थियो ।



### (फ) सरकारी कामकाजमा शुद्ध नेपाली भाषा लेखन सम्बन्धी तालिम

गण्डकी प्रदेशमा कार्यरत कर्मचारीहरूका लागि सरकारी कामकाजमा शुद्ध नेपाली भाषा लेखन सम्बन्धी एक दिवसीय तालिम २०८१ जेठ १७ गते सम्पन्न भएको थियो । सरकारी कामकाजमा नेपाली भाषा प्रयोगमा हुने त्रुटि न्यूनीकरण गर्नु तालिमको उद्देश्य रहेको थियो । तालिममा नेपाली भाषा लेखन सम्बन्धी अभ्यास र व्याकरणीय शुद्धता सम्बन्धमा छलफल गरिएको थियो । उक्त कार्यक्रममा ८ जना महिला र १४ जना पुरुष गरी २२ जना कर्मचारीहरूको सहभागीता रहेको थियो ।



### (ब) स्थानीय तहमा लैङ्गिक सवाल सम्बन्धी अन्तरक्रिया

स्थानीय तहमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण, लैससास रणनीति, लैङ्गिक हिंसा विरुद्धको आचारसंहिता निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया २०८१ जेठ २१ गते सम्पन्न भएको थियो । कार्यक्रममा लैससास रणनीति निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धमा सहजीकरण गरिएको थियो । सहभागीहरूले आ-आफ्नो स्थानीय तहको लैससास परीक्षणको स्थिति, लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहार



नियन्त्रण/निवारण आचारसंहिता निर्माण र कार्यान्वयनको अवस्था, असल अभ्यास तथा चुनौतिहरू सम्बन्धमा प्रस्तुतीकरण गरेका थिए। कार्यक्रमको अन्तमा सहभागीहरूले लैससासका सन्दर्भमा आ-आफ्नो स्थानीय तहको कार्ययोजनासमेत प्रस्तुत गरेका थिए। प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेको अध्यक्षता तथा प्रमुख सचिव लक्ष्मी कुमारी बस्नेतको प्रमुख आतिथ्यतामा सञ्चालन भएको उक्त कार्यक्रममा जम्मा ६१ जना उपप्रमुख/उपाध्यक्षको सहभागीता रहेको थियो।



## ४.२.२ स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा सहयोग

### (क) स्थानीय तहको आवधिक योजना तर्जुमा

स्थानीय तहको दोस्रो कार्यकालको दुई वर्ष पूरा भएको छ। तथापी कतिपय स्थानीय तहको हालसम्म पनि आवधिक योजना तयार हुन सकेको छैन। प्रदेश अन्तर्गतका सबै स्थानीय तहहरूको आवधिक योजना तर्जुमा गर्न सहयोग गर्ने प्रदेश सरकारको नीतिअनुसार प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको आर्थिक तथा प्राविधिक सहयोगमा विगत वर्षहरूमा ३७ वटा स्थानीय तहमा आवधिक योजना निर्माण भएको थियो भने आवधिक योजना तर्जुमा गर्न बाँकी रहेका ११ स्थानीय तहसँग चालु आ.व.मा आवधिक योजनाका लागि समझदारी भएको थियो।

स्थानीय तहको अगुवाइमा सङ्घीय सरकार एवम् प्रदेश सरकारका आवधिक योजनासँग तादात्म्य कायम गरी राष्ट्रिय योजना आयोगले तयार गरेको आवधिक योजना तर्जुमाको ढाँचा एवम् प्रदेश नीति तथा योजना आयोगको मार्गदर्शनको अनुसरण गरी चालु आ.व. मा ९ वटा स्थानीय तहले आफ्नो आवधिक योजना तर्जुमाको कार्य सम्पन्न गरेका छन्। आवधिक योजना निर्माणका लागि समझदारी गरेका माछापुच्छ्रे गाउँपालिका र राईनास नगरपालिकाले तोकिएको समयभित्र कार्यसम्पन्न गर्न नसकेका कारण भुक्तानी हुन सकेन। चालु आ.व. मा आवधिक योजना निर्माण गरेका स्थानीय तहको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

| आ.व. २०८०/८१ मा आवधिक योजना तर्जुमा गर्ने स्थानीय तह | | |
|---|---|---|
| क्र.स. | जिल्ला | स्थानीय तह |
| १ | बागलुङ | बडिगाड गाउँपालिका |
| २ | तनहुँ | म्याग्दे गाउँपालिका |
| ३ | स्याङ्जा | अर्जुनचौपारी गाउँपालिका |

| आ.व. २०८०/८१ मा आवधिक योजना तर्जुमा गर्ने स्थानीय तह | | |
|---|---|---|
| क्र.स. | जिल्ला | स्थानीय तह |
| ४ | बागलुङ | जैमिनी नगरपालिका |
| ५ | कास्की | अन्नपूर्ण गाउँपालिका |
| ६ | पर्वत | पैयूँ गाउँपालिका |
| ७ | पर्वत | फलेबास नगरपालिका |
| ८ | बागलुङ | ताराखोला गाउँपालिका |
| ९ | मनाङ | मनाङ डिस्याङ गाउँपालिका |

उक्त योजनाका लागि प्रतिष्ठानमार्फत दश लाख रुपियाँसम्मको आर्थिक सहयोग गर्ने गरी स्थानीय तह र प्रतिष्ठानका बीच समझदारी भएको थियो ।

आवधिक योजनाको गुणस्तर सुनिश्चित गर्न प्रतिष्ठानद्वारा आवश्यक प्राविधिक सहयोग र पृष्ठपोषण गर्ने व्यवस्था मिलाईएको थियो । चालु आ.व.को समेत गरी हालसम्म प्रतिष्ठानको आर्थिक एवम् प्राविधिक सहयोगमा ४६ वटा स्थानीय तहका आवधिक योजना निर्माण भएका छन् ।

### (ख) स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माण

स्थानीय तहको आन्तरिक आयको वर्तमान अवस्थाको विश्लेषण गर्ने, राजस्वका संभावनाहरूको पहिचान गर्ने र संभावीत स्रोतहरूको अधिकतम प्रयोगमार्फत स्थानीय तहको आन्तरिक आय बृद्धिको समयबद्ध योजना तर्जुमा गर्ने उद्देश्यले यस आर्थिक वर्षमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत १५ वटा स्थानीय तहमा राजस्व सुधार कार्ययोजना निर्माण गर्ने योजना रहेकोमा १५ वटै स्थानीय तहले त्यस्तो कार्य सम्पन्न गरेका छन् । यसका लागि स्थानीय तह र प्रतिष्ठान बीच स्थानीय तहको अग्रसरतामा कार्य सम्पन्न गर्ने गरी समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णयबमोजिम प्रति स्थानीय तह पाँच लाख रुपियाँ सम्मको आर्थिक सहयोग प्रतिष्ठानमार्फत उपलब्ध गराउने र राजस्व सुधार कार्य योजना निर्माणको सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा राजस्व सुधार कार्ययोजना तयार गरेका स्थानीय तहको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| क्र.स. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | गोरखा | गण्डकी गाउँपालिका |
| २ | म्याग्दी | बेनी नगरपालिका |
| ३ | तनहुँ | घिरिङ गाउँपालिका |

| क्र.स. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| ४ | बागलुङ | बडिगाड गाउँपालिका |
| ५ | लमजुङ | मध्यनेपाल नगरपालिका |
| ६ | कास्की | रुपा गाउँपालिका |
| ७ | नवपुर | बुलिङटार गाउँपालिका |
| ८ | पर्वत | महाशिला गाउँपालिका |
| ९ | बागलुङ | जैमिनी नगरपालिका |
| १० | लमजुङ | दुधपोखरी गाउँपालिका |
| ११ | तनहु | भानु नगरपालिका |
| १२ | मनाङ | मनाङ डिस्याङ गाउँपालिका |
| १३ | लमजुङ | राईनास नगरपालिका |
| १४ | गोरखा | चुमनुब्री गाउँपालिका |
| १५ | बागलुङ | काठेखोला गाउँपालिका |

स्थानीय तहको मागबमोजिम उक्त योजना निर्माणका लागि सहयोग गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागीता र स्वामित्वमा निर्माण गरिएका उपर्युक्त योजनाको कार्यान्वयनबाट स्थानीय तहको आर्थिक सक्षमता अभिवृद्धि र वित्तीय दिगोपनमा योगदान पुग्ने अपेक्षा गरिएको छ। प्रतिष्ठानको सहयोगमा हालसम्म ६२ वटा स्थानीय तहको राजस्व सुधार कार्य योजना निर्माण भएको छ।

### (ग) स्थानीय तहको लैससास रणनीति निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा महिला तथा पिछडिएको वर्गको सहभागीता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई विकासमा मुलप्रवाहीकरण गर्नुपर्ने व्यवस्था गरेको छ।

लैससासका सवालहरूलाई सङ्घीय सरकारले नीतिगत तथा कानूनी रूपमा सम्बोधन गर्दै लगिरहेको सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवम् कानूनी प्रावधान तथा सरकारले गरेको राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश सुशासन ऐन, २०७६ बमोजिम गण्डकी प्रदेश सरकारले तर्जुमा गरेको लैससास निर्देशिका, २०७७ मा भएको व्यवस्थाअनुसार स्थानीय स्तरमा लैससास मूलप्रवाहीकरण गर्दै समावेशी विकास र स्थानीय शासन प्रणालीमा लैससासलाई संस्थागत गर्न योगदान गर्ने उद्देश्यले चालु आ.व. मा ५ स्थानीय तहले सो योजना निर्माण गरेका छन्। यसका

लागि स्थानीय तह र प्रतिष्ठान बीच स्थानीय तहको अग्रसरतामा कार्य सम्पन्न गर्ने गरी समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णयबमोजिम प्रति स्थानीय तह दुई लाख रुपियाँ सम्मको आर्थिक सहयोग प्रतिष्ठानमार्फत उपलब्ध गराउने र लैससास रणनीति निर्माणको सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा लैससास रणनीति तर्जुमा गरेका स्थानीय तहको विवरण निम्नअनुसार रहेको छ ।

| क्र.स. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | तनहु | बन्दिपुर गाउँपालिका |
| २ | बागलुङ | जैमिनी नगरपालिका |
| ३ | मनाङ | मनाङ डिस्याङ गाउँपालिका |
| ४ | बागलुङ | काठेखोला गाउँपालिका |
| ५ | तनहु | भिमाद नगरपालिका |

स्थानीय तहको मागबमोजिम उक्त योजना निर्माणमा सहयोग गरिएको थियो । स्थानीय तहबाट विज्ञ परामर्शदाता छनौट गरी सो कार्यका लागि परिचालन गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागीता र स्वामित्वमा निर्माण गरिएका उपर्युक्त योजनाको कार्यान्वयनबाट स्थानीय तहमा लैससास मुलप्रवाहीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ । प्रतिष्ठानको सहयोगमा हालसम्म ६८ वटा स्थानीय तहको लैससास रणनीति निर्माणमा आर्थिक एवम् प्राविधिक सहयोग पुगेको छ ।

### (घ) स्थानीय तहको क्षमता विकास योजना निर्माण

नेपालको संविधान र प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकारको प्रयोग गरी उत्तरदायीपूर्ण ढङ्गबाट कार्यसम्पादन गर्न निर्वाचित पदाधिकारी एवम् कर्मचारीहरूको कार्यदक्षता वृद्धिको लागि क्षमता विकासको वर्तमान अवस्थाको लेखाजोखा गर्न, प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, दक्षता र विद्यमान क्षमता बीचको फरक पहिचान गरी क्षमता विकासका कार्यक्रम तर्जुमा गर्न, सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको अनुसरण तथा प्रयोग गर्न, संस्थागत विकास तथा मानव संशाधन विकासका क्षेत्रमादेखिएका कमजोर क्षेत्रहरू पहिचान गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको कार्यनीति निर्धारण गर्न प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत १५ वटा स्थानीय तहमा क्षमता विकास योजना तर्जुमा गर्ने कार्यक्रम रहेकोमा चालु आ.व.मा जम्मा १५ वटै स्थानीय तहले उक्त योजना निर्माणको कार्य सम्पन्न गरेका छन् ।

उल्लिखित योजना निर्माणका लागि स्थानीय तह र प्रतिष्ठान बीच समझदारी भएको थियो । प्रदेश समन्वय समितिको निर्णयबमोजिम प्रतिष्ठानमार्फत प्रति स्थानीय तह तीन लाख रुपियाँ सम्मको

आर्थिक एवम् आवश्यकताअनुसार प्राविधिक सहयोग उपलब्ध गराउने र योजना निर्माणको सम्पूर्ण जिम्मेवारी सम्बन्धित स्थानीय तहले लिने मोडलमा उक्त कार्य सम्पन्न भएको हो । यस आ.व.मा प्रतिष्ठानसँग समझदारी गरी कार्य सम्पन्न गरेका स्थानीय तहको विवरण तल उल्लेख गरिएको छ ।

| क्र.स. | जिल्ला | स्थानीय तह |
|---|---|---|
| १ | म्याग्दी | बेनी नगरपालिका |
| २ | गोरखा | पालुङटार नगरपालिका |
| ३ | नवलपुर | बौदिकालिन गाउँपालिका |
| ४ | बागलुङ | तमानखोला गाउँपालिका |
| ५ | बागलुङ | बरेङ गाउँपालिका |
| ६ | कास्की | रुपा गाउँपालिका |
| ७ | स्याङ्जा | विरुवा गाउँपालिका |
| ८ | नवलपुर | बुलिङटार गाउँपालिका |
| ९ | नवलपुर | मध्यविन्दु नगरपालिका |
| १० | तनहुँ | व्यास नगरपालिका |
| ११ | गोरखा | भीमसेनथापा गाउँपालिका |
| १२ | गोरखा | धार्चे गाउँपालिका |
| १३ | म्याग्दी | अन्नपूर्ण गाउँपालिका |
| १४ | नवलपुर | कावासोति नगरपालिका |
| १५ | बागलुङ | काठेखोला गाउँपालिका |

स्थानीय तहको मागबमोजिम उक्त योजना निर्माणमा सहयोग गरिएको थियो । स्थानीय तहबाट विज्ञ परामर्शदाता छनौट गरी सो कार्यमा परिचालन गरिएको थियो । स्थानीय तहको नेतृत्व, सहभागीता र स्वामित्वमा निर्माण गरिएका उपर्युक्त योजनाको कार्यान्वयनबाट भर्खरै निर्वाचित जनप्रतिनिधिको क्षमता विकास र स्थानीय तहको संस्थागत क्षमता सुदृढीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ । प्रतिष्ठानको सहयोगमा हालसम्म ४९ स्थानीय तहको क्षमता विकास योजना निर्माणमा आर्थिक एवम् प्राविधिक सहयोग पुगेको छ । प्रतिष्ठानको सहयोगमा हालसम्म स्थानीय तहले निर्माण गरेका योजनाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**स्थानीय तहमा निर्माण भएका योजनाहरूको विवरण**

| आर्थिक वर्ष | आवधिक योजना | राजस्व सुधार योजना | क्षमता विकास योजना | लैससास रणनीति | लैससास परीक्षण | जम्मा |
|---|---|---|---|---|---|---|
| २०७७/७८ | २५ | ४ | – | – | – | २९ |
| २०७८/७९ | ८ | २९ | २० | ४४ | ४९ | १५० |
| २०७९/८० | ४ | १४ | १४ | १९ | २० | ७१ |
| २०८०/८१ | ९ | १५ | १५ | ५ | – | ४४ |
| **जम्मा** | ४६ | ६२ | ४९ | ६८ | ६९ | २९४ |

प्रतिष्ठानबाट आ.व. २०७७/७८देखि आ.व. २०८०/८१ सम्म जम्मा २९४ वटा माथि उल्लिखित दस्तावेजहरू तयार गर्न आर्थिक एवम् प्राविधिक सहयोग पुगेको छ । स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिको कार्यमा यी दस्तावेजहरूले महत्त्वपूर्ण योगदान गर्ने अपेक्षा गरिएको छ ।

## (ख) सवाल केन्द्रित संवाद

सवाल केन्द्रित संवाद प्रतिष्ठानको एउटा महत्त्वपूर्ण विषयगत क्षेत्र हो । प्रतिष्ठानले समसामयिक सवालहरूमा सरोकारवालासँग छलफल तथा संवाद कार्यक्रमको आयोजना गर्ने र त्यस्ता छलफलबाट आएका निष्कर्षलाई विभिन्न तहका सरकारलाई नीतिगत तथा कार्यक्रमिक रूपमा पृष्ठपोषण गर्ने उद्देश्यका साथ विगत वर्षहरूदेखि आयोजना गर्दै आइरहेको सवाल केन्द्रित संवाद कार्यक्रमले यस वर्ष पनि निरन्तरता पाएको छ । यस आ.व.मा आयोजना गरिएका संवाद कार्यक्रमहरू तल उल्लेख गरिएको छ ।

### (१) गुण व्यवस्थापन प्रणाली सम्बन्धी संवाद कार्यक्रम

व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधारको मुल मान्यतालाई अङ्गिकार गरेको प्रतिष्ठानले स्थापनादेखि नै गुण व्यवस्थापन प्रणाली अवलम्बन गर्दै आइरहेको छ । प्रतिष्ठानले गुण व्यवस्थापन प्रणालीको सुनिश्चितताका लागि ISO 9001:2015 Standard अङ्गिकार गरेको छ । तर क्षमता विकासको क्षेत्रमा काम गर्ने सबै निकायले गुण व्यवस्थापन प्रणालीको अवलम्बन नगरे सम्म क्षमता विकासका कार्यक्रमको सही मूल्य (best value for money) सुनिश्चित गर्न संभव छैन ।



गण्डकी प्रदेशको लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने क्षेत्रका क्रियाशील शैक्षिक संस्था, सरकारी, गैरसरकारी तथा निजी तालिम प्रदायक संस्थाहरूको शिक्षण तथा प्रशिक्षणको गुणस्तर उकास्न आवश्यक छ भन्ने कुरा मनन् गरी प्रतिष्ठानले यस क्षेत्रका सम्बन्धित निकायहरूबिच सिकाइ आदान प्रदान, गुणस्तर सुधारका लागि अन्तरक्रिया र आपसी समन्वय एवम् सहकार्यलाई प्रवर्द्धन गर्ने उद्देश्यले गुण व्यवस्थापन प्रणाली (Quality Management System-QMS) सम्बन्धी एक दिवसीय अन्तरक्रिया कार्यक्रम कार्तिक २० गते आयोजना गरिएको थियो । काठमाडौंस्थित National Certification & Management Nepal (NATCM) सँगको समन्वयमा सम्पन्न उक्त कार्यक्रममा गण्डकी विश्वविद्यालय, ला-ग्राण्डी इन्टरनेशलन कलेज, जनप्रिय क्याम्पस लगायतका शैक्षिक संस्था तथा स्वास्थ्य तालिम केन्द्र, पशु स्वास्थ्य तालिम केन्द्र, जनपद तथा सशस्त्र प्रहरी तालिम केन्द्र जस्ता सरकारी तालिम केन्द्रहरूको सहभागीता रहेको थियो ।



कार्यक्रममा गुण व्यवस्थापन प्रणालीको आवश्कता, औचित्य र यस किसिमको प्रणाली अवलम्बन गरिरहेका संस्थाहरूको सिकाइ, अभ्यास र चुनौतिका बारेमा प्रस्तुतीकरण तथा अन्तरक्रिया गरिएको थियो भने गुण व्यवस्थापन प्रणाली सबै तालिम प्रदायक तथा शिक्षण संस्थाले आत्मसात गरेर जानुपर्ने निष्कर्षका साथ कार्यक्रम समापन भएको थियो । कार्यक्रममा विभिन्न १६ संस्थाका १७ जना प्रतिनिधिहरूको सहभागीता रहेको थियो ।

छलफल कार्यक्रमलाई National Certification and Management Nepal Pvt. Ltd. का प्रतिनिधिले सहजीकरण गरेका थिए भने गुण व्यवस्थापन प्रणाली अवलम्बन गरेका गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, जनप्रिय क्याम्पस, प्रतिभा माध्यामिक विद्यालय लगायतले गुण व्यवस्थापन प्रणालीको औचित्य र महत्त्वका बारेमा आ-आफ्नो अनुभव प्रस्तुत गरेका थिए । छलफलले क्षमता विकासको क्षेत्रमा काम गर्ने संस्था र शैक्षिक क्षेत्रले गुण व्यवस्थापन प्रणाली अवलम्बन गर्नुपर्ने निष्कर्ष निकालेको थियो ।

## (२) स्थानीय आर्थिक विकास सम्बन्धी संवाद कार्यक्रम

दिगो विकास र आर्थिक समृद्धि हासिल गर्न प्रदेश तथा स्थानीय तहहरूले वैकल्पिक एवम् एकिकृत विकासका मोडलको अवलम्बन गर्न जरुरी छ । आर्थिक विकासको मोडल (Growth Model) को परिणामस्वरुप आर्थिक असमानता बढ्दै गएको सन्दर्भमा स्थानीय आवश्यकता, क्षमता र उपलब्ध स्रोतसाधनको परिचालनमार्फत तुलनात्मक लाभ एवम् स्थानीय विशिष्टतालाई मध्यनजर गरी उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र आर्थिक विकासको रणनीतिक ढाँचाको रूपमा स्थानीय आर्थिक विकासलाई अभ्यासमा लैजान स्थानीय तहहरूलाई जागरुक बनाउने उद्देश्यले स्थानीय तहहरू बीच स्थानीय आर्थिक विकासको मोडलको बारेमा २०८० फागुन १७ गते संवाद कार्यक्रम सम्पन्न भएको थियो । प्रदेशका सबै ८५ स्थानीय तहका प्रमुखहरूलाई लक्षित गरी आयोजना गरिएको उक्त कार्यक्रममा स्थानीय तहका ५३ जना प्रमुख/उपप्रमुखको सहभागीता रहेको थियो ।



कार्यक्रममा स्थानीय आर्थिक विकासको अवधारणा, सङ्घीयताको सन्दर्भमा यसको आवश्यकता र औचित्य एवम् स्थानीय तहको विकास प्रयास र आवधिक एवम् वार्षिक योजनामा स्थानीय आर्थिक विकास अवधारणाको स्थानीयकरण गर्ने सन्दर्भमा कार्यपत्र प्रस्तुत गरिएको थियो । त्यसैगरी, गण्डकी प्रदेशमा स्थानीय आर्थिक विकास सम्बन्धी भए गरेका अभ्यास, चुनौति र



सम्भावनाका सवालमा प्रतिष्ठानबाट गत आर्थिक वर्षमा गरिएको अध्ययनको नतिजा प्रस्तुतीकरण गरिएको थियो । तत्पश्चात् स्थानीय आर्थिक विकासका सवालमा स्थानीय तहले कार्यान्वयन गरेका असल अभ्यास, समस्या र भावी संभावनाका बारेमा अन्तरक्रिया गरिएको थियो ।

स्थानीय आर्थिक विकासको अवधारणा, अन्तर्राष्ट्रिय अभ्यास र गण्डकी प्रदेशका स्थानीय तहहरूमा यस विकास मोडलका बारेमा बुझाइ, अभ्यास र संभावनाका बारेमा भएको अध्ययनको नतिजा र यस मोडललाई अगाडि बढाउन स्थानीय तहले संस्थागत ढङ्गले खेल्नुपर्ने भूमिका बारेमा भएको प्रस्तुतीकरण तथा छलफलले स्थानीय तहहरूलाई महत्त्वपूर्ण नीतिगत पृष्ठपोषण भएको छ । प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष लगायतको सहभागीता रहेको थियो । कार्यक्रममा स्थानीय तहका प्रमुख/उपप्रमुखहरूले आ-आफ्नो धारणा राखेका थिए ।


स्थानीय आर्थिक विकासको मोडलमा जोड

## (३) कूटनीतिक शिष्टाचार सम्बन्धी संवाद कार्यक्रम

प्रतिष्ठानको आयोजनामा गण्डकी प्रदेश सरकारका माननीय मन्त्रीहरू, माननीय प्रदेश सभा सदस्यहरू, प्रदेश सरकारका सचिवहरूका लागि कुटनीतिक शिष्टाचार सम्बन्धी संवाद कार्यक्रम २०८१ असार १२ गते सम्पन्न भएको थियो । गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेको प्रमुख आतित्थ्यता एवम् पूर्वमूख्यमन्त्री तथा विपक्षी दलका नेता माननीय खगराज अधिकारीको विशिष्ट आतित्थ्यतामा सम्पन्न उक्त कार्यक्रमको अध्यक्षता प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले गर्नुभएको थियो । कार्यक्रममा कुटनीति व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था र अभ्यास, डाइनिङ कोड, ड्रेस कोड र शिष्टाचार सम्बन्धमा कार्यपत्र प्रस्तुती र संवाद गरिएको थियो । कार्यक्रममा प्रदेश सरकारका माननीय मुख्यमन्त्रीले कुटनीतिक सीप र कुटनीतिक अचारसंहिताको बारेमा सबै जानकार रहनु पर्ने हुँदा यस्ता संवाद कार्यक्रमहरूको निरन्तरता जरुरी रहेको धारणा राख्नु भएको थियो । त्यसैगरी, विपक्षी दलका नेता माननीय खगराज






अधिकारीले कुटनीतिक भेटघाटमा डाइनिङ कोड, ड्रेस कोड र शिष्टाचारले धेरै ठुलो महत्त्व राख्ने विचार ब्यक्त गर्नु भएको थियो । संवाद कार्यक्रमलाई परराष्ट्र मन्त्रालयका पूर्व शिष्टाचार महापाल हाल राष्ट्रपति कार्यालयमा कार्यरत सहसचिव दिलिप कुमार पौडेलले सहजीकरण गर्नुभएको थियो ।



संवाद कार्यक्रमले प्रदेश सभासद्हरूलाई कुटनीतिक भेटघाटमा अवलम्बन गर्नुपर्ने आधारभूत कुराहरू र नेपाल सरकारले जारी गरेको कुटनीतिक आचारसंहिताका बारेमा जानकारी प्रदान गरेको छ ।

## (ग) अध्ययन तथा अनुसन्धान

चालु आ.व.मा नयाँ अध्ययन तथा अनुसन्धानका कार्य भएनन् । तर गत आ.व. मा सम्पन्न दुई वटा अध्ययनका प्रतिवेदन प्रकाशन, सरोकारवाला समक्ष अध्ययन नतिजाको अभिमुखीकरण वा प्रचार प्रसारका कार्य चालु आ.व.मा सम्पन्न भएका छन् ।

### (१) स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययनको प्रतिवेदन प्रकाशन

प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरूको लागि आवश्यक पर्ने ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने, प्रदेश र स्थानीय तहको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकार र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि गर्ने एवम् अन्य समसामयिक विषयवस्तुमा प्रदेश सरकार र स्थानीय तहलाई नीतिगत सुझाव प्रदान गर्न प्रतिष्ठानले अध्ययन अनुसन्धानका कार्य गर्दछ ।

तीन तहका सरकार बीचको अन्तरसम्बन्ध सम्बन्धी कानूनी व्यवस्था, अन्तरसरकार सम्बन्धका सम्बन्धमादेखिएका समस्या र भावी संभावनाका बारेमा अध्ययन गरी त्यसबाट प्राप्त निष्कर्षलाई आवश्यकताअनुसार प्रशिक्षणमा समावेश गराउने एवम् सरोकारवालासमक्ष अध्ययनका निष्कर्ष प्रस्तुत गरी नीतिगत पृष्ठपोषण गर्ने अभिप्रायले गण्डकी प्रदेशको सन्दर्भमा अन्तरसरकार सम्बन्ध सम्बन्धी अध्ययन प्रतिष्ठानको पहिलो प्रयास थियो ।

गत आर्थिक वर्षमा प्रतिष्ठानले स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवस्था र संभावना सम्बन्धी अध्ययन सम्पन्न गरेको थियो । स्थानीय तहमा स्थानीय आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था विश्लेषण गर्न एवम् स्थानीय आर्थिक विकासको अवधारणा कार्यान्वयनको सम्भावना पहिचान गरी सङ्घ, प्रदेश र स्थानीय तहलाई नीतिगत पृष्ठपोषण गर्ने उद्देश्यले उक्त अध्ययन गरिएको थियो ।

स्थानीय स्रोतसाधनको अधिकतम परिचालन गरी योजनाबद्ध ढङ्गले उत्पादन बृद्धि, रोजगारी सिर्जना, जीविकोपार्जनमा सुधार जस्ता कार्यमा सबै वर्ग, लिङ्ग, समुदायका जनतालाई सहभागी गराई गरिबी र बेरोजगारीको अन्त्य गर्दै सबै जनताको जीवनस्तर उठाउन स्थानीय आर्थिक विकासको मोडल प्रादुर्भाव भएको हो । यो आत्मनिर्भर अर्थतन्त्र निर्माणको आधार पनि हो ।

स्थानीय तहमा समृद्धिको सपना साकार पार्न गण्डकी प्रदेशका स्थानीय तहहरूले विकास र आर्थिक समृद्धिका दीर्घकालीन सोचसहित आवधिक योजना तथा कार्यक्रमहरू अगाडि सारेका छन् । तर स्थानीय आर्थिक विकासको सैद्धान्तिक अवधारणालाई आत्मसात गरी योजनाबद्ध ढङ्गले त्यस्ता योजना तथा कार्यक्रम तयार र कार्यान्वयन भएका छन् वा छैनन्, स्थानीय आर्थिक विकासको अवधारणा अनुरुप स्थानीय तहहरूले के कस्ता नीति, योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याएका छन्, हालसम्म के कस्ता उपलब्धी र सिकाइ हासिल भएका छन्, नेपालमा स्थानीय आर्थिक

विकासको हालको अवस्था र भावी सम्भावना के छ भनी गरिएको अध्ययनको प्रतिवेदन प्रकाशन गरी सरोकारवाला समक्ष उक्त अध्ययनका निष्कर्षमाथि छलफल सम्पन्न भएको छ ।

नेपालको वर्तमान शासकीय संरचनामा स्थानीय आर्थिक विकासका लागि स्थानीय तहको महत्त्वपूर्ण भूमिका रहन्छ । स्थानीय तहहरूलाई स्थानीय आर्थिक विकासका संभावनाहरूको पहिचान गरी योजनाबद्ध ढङ्गले अगाडि बढाउन आवश्यक मार्गदर्शन गर्न र नीतिगत रूपमा सङ्घ तथा प्रदेश सरकारको भूमिकालाई प्रष्ट्याउँदै स्थानीय आर्थिक विकासका लागि आवश्यक रणनीति तय गर्नका लागि सहयोग गर्न उक्त प्रतिवेदन महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ ।

गण्डकी प्रदेशको सन्दर्भमा गरिएको यस अध्ययनको निष्कर्षले स्थानीय तहहरूलाई स्थानीय आर्थिक विकासको सम्बन्धमा महत्त्वपूर्ण नीतिगत पृष्ठपोषण भएको छ । यस अध्ययनले स्थानीय तहमा आर्थिक कृयाकलापहरूलाई योजनावद्ध तवरले अगाडि बढाउनु पर्ने आवश्यकतालाई उजागर गरेको छ ।

## (२) प्रशिक्षण कार्यक्रमको प्रभाव सम्बन्धी अध्ययनको प्रतिवेदन प्रकाशन

प्रतिष्ठानले स्थापनादेखि प्रदेश र स्थानीय तहका निर्वाचित पदाधिकारी र कार्यरत कर्मचारीको क्षमता विकासका लागि विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । आ.व. २०७७/७८देखि सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सहायकस्तरका कर्मचारीहरूका लागि सेवाकालीन तालिम सञ्चालन गर्दै आइरहेकोमा आ.व. २०७९/८०देखि प्रदेश र स्थानीय तहमा कार्यरत छैटौं, सातौं र आठौं तहका अधिकृतस्तर कर्मचारीको सेवाकालीन तालिम सुरु गरेको छ ।

प्रतिष्ठानको नियमित वार्षिक कार्यक्रम तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत विभिन्न विषयका छोटो समयावधिका तालिम कार्यक्रममार्फत जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासमा योगदान गरेको छ । त्यस्ता तालिमहरूको सिकाइ कार्यान्वयनको अवस्था बारे नियमित रूपमा फलोअप गर्दै आइरहेकोमा त्यस्ता कार्यक्रमले प्रशिक्षार्थीको व्यवहारमा परिवर्तन आए नआएको र तालिमका कारण सम्बन्धित संस्थाको सेवा प्रवाह र कार्यसम्पादनमा सुधार भए नभएको बारे तेस्रो पक्षबाट अध्ययन गर्ने कार्य गत आ.व.मा सम्पन्न भएको थियो । चालु आ.व. मा उक्त अध्ययनको प्रतिवेदन प्रकाशन गरी प्रदेश र स्थानीय तहका सरोकारवाला समक्ष निष्कर्ष प्रस्तुत गरिएको छ ।


तालिमका सिकाइ तथा ज्ञान सीप कार्यान्वयनको अवस्था लेखाजोखा गर्ने, सम्पन्न तालिमहरूको प्रभावकारिता (सहभागीहरूको कार्यसम्पादनमा आएको सुधार) विश्लेषण गर्ने, सम्पन्न तालिमहरूको सान्दर्भिकता लेखाजोखा गर्ने, तालिमहरूले सम्बन्धित कार्यालयमा पारेका प्रभाव विश्लेषण गर्ने एवम् तालिम कार्यक्रमको विकास, सञ्चालन र व्यवस्थापनमा सुधारका क्षेत्रहरू पहिचान गर्ने उद्देश्यले गरिएको अध्ययनले तालिमका प्रशिक्षार्थीहरूले तालिममा प्राप्त गरेको ज्ञान र सीपलाई कार्यान्वयनमा ल्याई सम्बन्धित संस्थाको कार्य सम्पादनमा सुधार ल्याउन योगदान पुगेको निष्कर्ष निकालेको छ ।

तालिमको प्रभावकारिता अध्ययन प्रतिष्ठानले लिएको नयाँ अग्रसरता हो। प्रतिष्ठानले स्थापनादेखि नै तालिम सञ्चालनको वर्तमान पद्धतिमा सुधार गर्ने रणनीति अवलम्बन गरेको छ। त्यसको पहिलो काम तालिम कार्यक्रमको प्रभावकारिता (Best Value for Money) को लेखाजोखा गर्नु हो । यो आफैंमा चुनौतिपूर्ण कार्य हो, तथापी प्रतिष्ठानले विद्यमान प्रशिक्षण प्रणालीमा ल्याउन चाहेको परिवर्तनलाई प्रभाव अध्ययन र सोको निष्कर्षको कार्यान्वयन गर्ने प्रतिबद्धताबाट सुरु गरेको छ। यसले तालिम प्रदायक संस्थाहरूका लागि तालिमको प्रभाव विश्लेषण गरी कार्यसम्पादनमा आधारित क्षमता विकासमा केन्द्रित हुन प्रेरितसमेत गरेको छ।

## (घ) ज्ञान व्यवस्थापन

ज्ञान व्यवस्थापन संस्थागत विकासको एउटा महत्त्वपूर्ण सूचक हो तर ज्ञान व्यस्थापन आज पनि नेपालको सार्वजनिक प्रशासनको विषय बन्न सकेको छैन । नेपालका सरकारी तथा सार्वजनिक संस्थाहरूको ज्ञान व्यवस्थापन प्रणाली कमजोर छ । प्रतिष्ठानलाई अध्ययन तथा अनुसन्धानको केन्द्र (Knowledge Center) का रूपमा विकास गरी प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान गर्ने अभिप्रायले ज्ञान व्यवस्थापनका कार्यको थालनी गरिएको छ । प्रतिष्ठानका सूचना, जानकारी, तथ्याङ्क आदिलाई एकीकृत गर्ने, तथ्याङ्कको ब्याकअप लिने र तथ्याङ्कमा सबैको पहुँच सुनिश्चित गर्ने कार्यको थालनी भएको छ । प्रतिष्ठानको वेवसाइट अद्यावधिक गर्ने, प्रतिष्ठानका प्रकाशनहरूलाई वेवसाइटमार्फत सार्वजनिक गर्ने, चौमासिक वुलेटिन र वार्षिक प्रतिवेदन प्रकाशन गर्ने, सूचनामूलक क्यालेण्डर प्रकाशन गर्ने कार्य निरन्तर रूपमा अगाडि बढेका छन् । गत आ.व.मा आर्थिक प्रशासन सम्बन्धी नियमित कार्यसम्पादनका लागि तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) प्रकाशन गरी गण्डकी प्रदेश अन्तर्गतका कार्यालय र स्थानीय तहमा वितरण गरिएको छ। त्यसैगरी, प्रतिष्ठानद्वारा सञ्चालन गरिएका तालिमको प्रभावकारिता अध्ययन प्रतिवेदन प्रकाशन गरी वितरण गरिएको छ । चालु आ.व.मा सार्वजनिक निकायमा जिन्सी शाखामा रहेर कामगर्ने कर्मचारीको कार्यसम्पादनलाई लक्षित गरी आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure) को निर्माण गरिएको छ। प्रदेश र स्थानीय तहमा ज्ञान व्यवस्थापनको कार्यलाई प्रवर्द्धन र संस्थागत गर्न हरेक प्रशिक्षणमा ज्ञान व्यवस्थापनका विषयवस्तु समावेश गर्ने कार्यलाई निरन्तरता दिइएको छ । त्यसैगरी, प्रतिष्ठानद्वारा सञ्चालन गरिने क्षमता विकासका कार्यहरूलाई व्यवस्थित रुपले अभिलेख राख्ने, तालिम कार्यक्रमका आवेदन, तालिम सहभागी विवरण, तालिमका दौरान गरिने विभिन्न किसिममा परीक्षण र सहभागी सन्तुष्टी सर्वेक्षण आदिलाई अनलाइन माध्यमबाट कार्यान्वयन गर्ने गरी तालिम





व्यवस्थापन सूचना प्रणाली (Training Management Information System – TMIS) को विकास गरिएको छ। यसरी प्रतिष्ठानले ज्ञान व्यवस्थापनका कार्यलाई संस्थागत गर्दै अगाडि बढेको छ।

प्रतिष्ठानले वार्षिक रूपमा संस्थाका लक्ष्य, उद्देश्य, कार्यक्षेत्र, कार्यप्रणाली र मुख्य मुख्य उपलब्धि समावेश गरी टेवल क्यालेण्डर प्रकाशन गर्दै आइरहेको छ। चालु आ.व. मा समेत प्रतिष्ठानको टेवल क्यालेण्डर प्रकाशन गरी प्रदेश र स्थानीय तहका कार्यालयमा वितरण गरिएको छ । त्यसैगरी, प्रतिष्ठानले नियमित रूपमा प्रकाशन गर्दै आइरहेको चौमासिक बुलेटिन चालु आ.व. मा समेत प्रकाशन गरी प्रदेशका कार्यालयहरूमा वितरण गरिएको छ । उल्लिखित प्रकाशनहरूलाई प्रतिष्ठानको वेवसाइटमार्फत सबैको पहुँचमा पुर्याउने कामसमेत भएको छ।



## (ङ) संस्थागत विकास र मानव संसाधन

प्रतिष्ठानले संस्थागत विकासको क्षेत्रमा विशेषतः तीन वटा विषयवस्तुहरूलाई प्राथमिकताका साथ अगाडि बढाएको छ। ती हुनः (१) भौतिक पूर्वाधार, (२) मानव संसाधन र (३) कार्यप्रणाली। कार्यालय सञ्चालन र प्रशिक्षणका लागि आवश्यक सुविधा सम्पन्न भौतिक पूर्वाधार, आवश्यक ऐन, कानून, कार्यविधि, पर्याप्त र दक्षतायुक्त जनशक्ति, स्रोत साधनको उपलब्धता र संस्थागत कार्यप्रणालीको व्यवस्थाले संस्थागत विकासको अवस्थालाई जनाउँदछन् । प्रतिष्ठानले यी सबै पक्षहरूलाई सँगसँगै विकास गर्ने काम गरेको छ। सुविधा सम्पन्न भवन निर्माणको कार्य करिब अन्तिम चरणमा पुगेको छ । प्रतिष्ठानका लागि आवश्यक ऐन, नियमावली र प्रशिक्षण सञ्चालनका लागि आवश्यक पाठ्यक्रम र कार्यविधि निर्माण भएका छन्। कर्मचारीको दक्षता परीक्षण र क्षमता विकासका कार्यक्रममार्फत व्यवसायिकता र कार्यकुशलताको अभिवृद्धि गर्ने काम भएको छ। प्रष्तिष्ठानका लागि आवश्यक स्थायी जनशक्तिको पदपूर्तिको प्रक्रिया अगाडि बढेको छ । तालिम तथा अनुसन्धानका कार्य सञ्चालनका लागि आवश्यक कार्यविधिको निर्माण गरिएको छ । ऐनबमोजिमका संस्थागत संरचनाहरूलाई क्रियाशील गराइएको छ। संस्थागत विकासका लागि यस आ.व मा सम्पन्न भएका कार्यहरू तल उल्लेख गरिएको छ।

### (१) प्रशिक्षण परिषद् बैठक

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा ७ बमोजिमका प्रशिक्षण परिषद्को छैटौं बैठक २०८० कार्तिक २२ गते सम्पन्न भएको थियो । गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री एवम् प्रशिक्षण परिषद्का अध्यक्ष सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा बसेको उक्त बैठकमा प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष, प्रदेश लोक सेवा आयोगका अध्यक्ष, गण्डकी विश्वविद्यालयका उपकुलपति र प्रदेश सरकारका सचिवहरूको उपस्थिति रहेको थियो।



परिषद्का सचिव तथा प्रतिष्ठानका कार्यकारी निर्देशक ऋषिराम पाण्डेले प्रतिष्ठानले हासिल गरेका उपलब्धिहरूको बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो । प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास र शासकीय क्षमता अभिवृद्धिमा प्रतिष्ठानद्वारा पुगेको योगदानको समीक्षा गरिएको थियो।



बैठकमा प्रतिष्ठानको चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्मको प्रगति तथा उपलब्धिको समीक्षा गरिनुका साथै प्रतिष्ठानको “कर्मचारी (सेवासर्त) सम्बन्धी विनियमावली, २०८०” माथी छलफल भई स्वीकृत भएको थियो । उक्त विनियमावलीको स्वीकृतिपश्चात् स्थायी दरबन्दीबमोजिमको कर्मचारी नियुक्तिको बाटो खुलेको छ । बैठकको अवसरमा प्रतिष्ठानले प्रकाशन गरेका सङ्घीयताको सन्दर्भमा स्थानीय आर्थिक विकास सम्बन्धी अध्ययन प्रतिवेदन र सार्वजनिक निकायको आर्थिक प्रशासन सम्बन्धी नियमित कार्यसम्पादनका लागि तयार पारिएको आधारभूत कार्यसञ्चालन कार्यविधि (Standard Operating Procedure-SOP) माननीय मुख्यमन्त्रीबाट लोकार्पण समेत भएको थियो ।



## (२) कार्यकारी समितिको बैठक

चालु आ.व. मा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा ९ मा व्यवस्था भएबमोजिमको कार्यकारी समितिका आठ वटा बैठक सम्पन्न भएका छन् । चालु आ.व.मा सम्पन्न बैठकको विस्तृत विवरण निम्नअनुसार रहेको छ :

| मिति | बैठकका उपलब्धि |
|---|---|
| • २०८० श्रावण २५<br>• २०८० भाद्र २४<br>• २०८० आश्विन २६<br>• २०८० चैत्र ३०<br>• २०८० जेठ ४<br>• २०८० जेठ १६<br>• २०८० जेठ २०<br>• २०८० असार ७ | • प्रगति समीक्षा एवम् बजेट तथा कार्यक्रम माथि छलफल<br>• सेवकालीन तालिम सहभागी छनौटका आधार निर्धारण<br>• स्थानीय तहसँगको सहकार्यको मोडल निर्धारण<br>• कर्मचारी सेवा सर्त सम्बन्धी विनियमावली निर्माण<br>• प्रदेश र स्थानीय तहमा कार्यरत दशौं तहका कर्मचारीको उच्चस्तरीय व्यवस्थापन तालिम पाठ्यक्रम निर्माण<br>• गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आर्थिक प्रशासन विनियमावली निर्माण<br>• गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी दिग्दर्शन निर्माण<br>• आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम तयारी |

## (३) प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी दिग्दर्शन तर्जुमा

प्रतिष्ठानबाट कार्यान्वयन गरिने कार्यक्रम मितव्ययी, दक्ष, प्रभावकारी र जोखिमरहित ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानूनबमोजिम कार्यसम्पादन गर्न  प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३० बमोजिम प्रतिष्ठानले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेको छ। प्रतिष्ठानबाट कार्यान्वयन गरिने कार्यक्रम र सेवा प्रवाहलाई व्यवस्थित, प्रभावकारी र जोखिमरहित बनाउन उक्त प्रणाली कोसेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ।

## (४) तालिम पाठ्यक्रम निर्माण

प्रतिष्ठानले प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तर दशौं तहका कर्मचारीका लागि ४५ कार्यदिने उच्चस्तरीय व्यवस्थापन तालिम पाठ्यक्रम निर्माण गरेको छ । गण्डकी प्रदेश निजामती सेवा ऐनको व्यवस्थाबमोजिम एघारौं तहको बढुवाका लागि आवश्यक उक्त तालिम सङ्घीयता कार्यान्वयनपश्चात प्रदेशस्तरमा गरिएको पहिलो व्यवस्था हो । उक्त तालिमपश्चात दशौं तहका कर्मचारीको एघारौं तहमा बढुवाको बाटो खुल्नेछ।

त्यसैगरी, प्रतिष्ठानले प्रदेश लोक सेवा आयोगबाट प्रदेश र स्थानीय तहमा सिफारिस भएका अधिकृतस्तर कर्मचारीको १५ कार्यदिने सेवा प्रवेश तालिम पाठ्यक्रम तर्जुमा गरेको छ । उक्त पाठ्यक्रमका आधारमा आ.व. २०८१।८२ मा अधिकृतस्तर कर्मचारीको सेवा प्रवेश तालिम सञ्चालन गरिनेछ।

## (५) ISO 9001:2015 का Internal and Surveillance Audit

प्रतिष्ठानले अवलम्बन गरेको गुण व्यवस्थापन प्रणालीका लागि Quality Austria ले कार्यसम्पादनमा आधारित प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद, मागमा आधारित परामर्श सेवा, र ज्ञान व्यवस्थापनका कार्यलाई June 20, 2022 मा ISO 9001:2015 प्रमाणपत्र प्रदान गरेको छ भने प्रतिष्ठान International Quality Network को सदस्य बनेको छ । प्रमाणीकरण भएको तीन वर्षसम्म गर्नुपर्ने Internal/Surveillance Audit को कार्य यस आ.व.मा सम्पन्न भएका छन् । Internal Audit को कार्य National Certification and Management Nepal Pvt. Ltd. का प्रतिनिधिले गरेका थिए भने Quality Austria का नेपाल प्रतिनिधिले Surveillance Audit को कार्य सम्पन्न गरेका थिए। उपर्युक्त परीक्षणहरूबाट संस्थाको गुण व्यवस्थापन प्रणाली अझ संस्थागत र परिस्कृत बन्दै गएको पाइएको छ।

## (६) कर्मचारीको दक्षता तथा आन्तरिक कार्यसम्पादन मूल्याङ्कन


प्रतिष्ठानका मान्यता (Core Values) मध्ये व्यवसायिकता (Professionalism) एक हो । प्रतिष्ठानमा कार्यरत कर्मचारीलाई व्यवसायिक र दक्ष बनाई उनीहरूद्वारा उच्च गुणस्तरको सेवा प्रदान गर्ने प्रतिवद्धतास्वरुप कर्मचारीको दक्षता र कार्यक्षमतालाई वार्षिक रूपमा मूल्याङ्कन गरी उनीहरूलाई थप व्यवसायिक र दक्ष बनाउनका लागि निश्चित मापदण्डको निर्धारण गरिएको छ। यसले कर्मचारीको कार्यसम्पादनस्तरको अनुगमन गर्ने एवम् कार्यदक्षता र सम्पादित कार्यको प्रभावकारिताको मापन गर्ने कार्यमा सहयोग गर्दछ। पाँच वटा विषयगत क्षेत्र (१) अनुसन्धान तथा विश्लेषण, (२) तालिम विकास, (३) तालिमको कार्यान्वयन तथा मूल्याङ्कन, (४) सूचना तथा ज्ञान व्यवस्थापन, र (५) क्रियाकलाप व्यवस्थापन) का २० वटा सूचकका आधारमा कार्यक्षमताको वार्षिक रूपमा मूल्याङ्कन गरिन्छ। कार्यक्षमता मूल्याङ्कनको खाका र विश्लेषण पद्धति निम्नानुसार रहेको छ :

| Core Competency | Sub-Competency |
|---|---|
| A. Research and Analysis for TNA | 1. Understanding of what and how to conduct a training needs survey for planning of training programme |
| | 2. Development of the research instruments (field plan, check lists, questionnaire, etc.) |
| | 3. Implementation of needs survey/action research (interview, questionnaire, focus group discussion etc.) |
| | 4. Data analysis and report writing |
| B. Training Development | 5. Planning of a training (setting proper objectives, session plan, target group, training methodology, course contents, etc.) |
| | 6. Development of the training materials (handout, presentation, teaching aid etc.) |
| | 7. Development of assessment tools (level 1 - 4 evaluation of training) |
| | 8. Improvement of training program based on the results of the field validation |
| C. Training Delivery and Evaluation | 9. Designing of the delivery plan (assignment plan, scheduling, training plan) |
| | 10. Presentation and facilitation of the training program |
| | 11. Evaluation of training (quantitative and qualitative) |
| | 12. Report writing (effectiveness, efficiency of the training, lesson learned) |
| D. Information and Knowledge Management | 13. Use of ICT (Word, Excel, Power Point, E-Mail, Web browser, SNS etc) |
| | 14. Collecting information and knowledge (through resource documents, report, website etc.) |
| | 15. Organizing the information and knowledge (filing, archiving, indexing, storing, etc.) |
| | 16. Sharing information and knowledge (regular meeting, newsletter, official Gmail, update Facebook, etc.) |


| Core Competency | Sub-Competency |
|---|---|
| E. Activities Management | 17. Planning of the activities (monthly, trimester, annual plan) |
| | 18. Process management (update of the schedule, countermeasures and lesson learned) |
| | 19. Output management (submit on time, receive approval from the Director/client, etc.) |
| | 20. Report writing (report of planning, process and output management) |

| Score | Criteria for Assessment |
|---|---|
| 5 | Very high performance and self-sufficient to do or to teach other staff by him-self/herself |
| 4 | Relatively high performance and able to do or teach other staff with minimum help of the expert or other staff |
| 3 | Acceptable performance and able to do or teach other staff with some support of expert or other staff |
| 2 | Low level performance and able to do by strong support of expert or staff but not able to teach other staff yet |
| 1 | Never did before and no idea of how it can be done |

माथि तालिकामा उल्लेख भएबमोजिमका मूल्याङ्कनका सूचकका आधारमा वार्षिक रूपमा कर्मचारीको कार्यदक्षताको मापन गरिन्छ र समयक्रममा आएको परिवर्तनलाई तुलना गरिन्छ । कर्मचारीका सवल पक्ष र सुधार गर्नुपर्ने पक्षको लेखाजोखा गरी सुधार गर्नुपर्ने पक्षका लागि व्यक्तिगत योजना तयार गरिन्छ । कार्यक्षमता अभिवृद्धिमा संस्थाको सहयोग आवश्यक पर्ने क्षेत्रमा वार्षिक कार्यक्रम तय गरी क्षमता विकासमा योगदान गरिन्छ । यसले कर्मचारीलाई व्यवसायिक र दक्ष बनाउन मद्धत गर्दछ । तलको चार्टले आ.व. २०८०/८१ को अन्तमा गरिएको मूल्याङ्कनको नतिजालाई देखाउँदछ ।




उल्लेखित चार्टले प्रतिष्ठानका कर्मचारीको यस वर्षको स्वमूल्याङ्कन नतिजालाई देखाउँदछ। यो औजारको महत्त्वपूर्ण विशेषता के हो भने यसले कर्मचारीको कार्यक्षमतामा वार्षिक रूपमा आएको परिवर्तनको मापन गर्दछ। तलको चार्टले प्रतिष्ठानमा कार्यरत कर्मचारीको कार्यक्षमतामा वार्षिक रूपमा आएको परिवर्तनलाई देखाउँदछ।




माथिको चार्टले दुई जना कर्मचारीको प्रतिष्ठान स्थापनादेखि चालु आ.व. सम्मको स्वमूल्याङ्कन नतिजालाई देखाउँदछ। बाँकी कर्मचारीको स्वमूल्याङ्कन अवधि फरक फरक रहेको छ। मूल्याङ्कन नतिजाअनुसार हरेक कर्मचारीले वार्षिक रूपमा आफ्नो कार्यक्षमतामा सुधार गर्दै लगेकोदेखिन्छ।


प्रतिष्ठानले कर्मचारीको कार्यक्षमताको Benchmark निर्धारण गरेको छ। सोअनुसार प्रतिष्ठानमा आ.व. २०७७/७८देखि निरन्तर रूपमा तालिम तथा प्रशिक्षणको भूमिकामा काम गर्ने हरेक कर्मचारीले आ.व. २०८१/८२ सम्म मूल्याङ्कनका हरेक क्षेत्रमा पाँच अङ्क प्राप्त गर्नुपर्ने लक्ष्य राखेको छ। सोही लक्ष्य प्राप्तिका लागि वार्षिक रूपमा कार्यक्षमतामादेखिएका सुधारका पक्षलाई विचार गरी क्षमता विकासका कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

कर्मचारीको कार्यक्षमतामा वार्षिक रूपमा आएको परिवर्तनलाई विश्लेषण गरिन्छ। तलको चार्टले माकुरे जालो विधिबाट कसरी कर्मचारीको कार्यक्षमतामा आएको परिवर्तनलाई विश्लेषण गरिन्छ भन्ने कुरा देखाउँदछ।




माकुरे जालो विधिको विशेषता के हो भने यसले लक्ष्य र प्रगति बीचको अन्तरलाई सजिलो तरिकाले प्रस्तुत गर्दछ ।

तोकिएका विषयगत क्षेत्रमा कर्मचारीको व्यवसायिक कुशलतालाई वार्षिक रूपमा अनुगमन गर्न यो विधि अत्यन्तै प्रभावकारी भएको छ । तलको चार्टले कर्मचारीको कार्यक्षमतामा वार्षिक रूपमा आएको परिवर्तनलाई देखाउँदछ ।




यस विधि अन्तर्गत कर्मचारीले प्रतिष्ठानमा काम सुरु गरेपछि आफ्नो कार्यक्षमताको स्वमूल्याङ्कन गर्दछ। त्यसपछि हरेक आर्थिक वर्षको अन्तमा वा कर्मचारी प्रतिष्ठानको जिम्मेवारीमा नरहने अवस्थामा पुनः स्वमूल्याङ्कन गरिन्छ। माथिको चार्टले ४ वर्षको अन्तरालमा प्रतिष्ठानमा कार्यरत कर्मचारीको कार्यक्षमतामा आएको परिवर्तन देखाउँदछ। यस विधिको महत्त्वपूर्ण पक्ष के हो भने प्रशिक्षणको क्षेत्रमा कार्यरत कर्मचारीको पेसागत दक्षताका लागि पाँच वटै विषयगत क्षेत्रमा सन्तुलन आवश्यक छ।

## (७) कर्मचारीको साप्ताहिक र मासिक योजना तथा प्रतिवेदन

प्रतिष्ठान नियमावलीले प्रतिष्ठानमा कार्यरत कर्मचारीले मासिक रूपमा आफुले सम्पादन गरेका कामको प्रतिवेदन गर्नुपर्ने व्यवस्था गरेको छ। कर्मचारीको कामलाई व्यवस्थित, प्रभावकारी र नतिजाउन्मुख बनाउनका लागि उनीहरूको साप्ताहिक/मासिक योजना र प्रतिवेदन प्रणालीलाई कार्यान्वयनमा ल्याइएको छ। यसले कर्मचारीको साप्ताहिक र मासिक कार्यको आँकलन, कामको बाँडफाँट र कामको उत्पादकत्वको अनुगमन तथा कर्मचारीका काममा समन्वय गर्न सहज बनाएको छ।

साप्ताहिक रूपमा तयार गरेको प्रतिवेदनलाई हरेक महिनाको अन्तमा मासिक प्रतिवेदनमा रुपान्तरण गरिन्छ। साप्ताहिक योजना र प्रतिवेदन एवम् मासिक प्रतिवेदनलाई वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजनासँग तादात्म्य कायम गर्ने गरी तयार गरिन्छ। यसले हरेक कर्मचारीका ब्यक्तिगत जिम्मेवारी र लक्ष्य प्राप्तिमा सहयोग गर्दछ।

## (८) प्रतिष्ठानको भवन निर्माण

प्रतिष्ठानको भवन निर्माणको कार्य निरन्तर रूपमा अगाडि बढेको छ। वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीबाट २०७७ फागुन १७ गते निर्माणाधिन भवनको शिलान्यास भएको थियो। आ.व. २०८०/८१ भित्र सम्पन्न गर्ने गरी गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय मार्फत उक्त भवन निर्माणको कार्य भइरहेको छ। प्रदेशको उत्कृष्ट ज्ञान केन्द्र (Center for Excellence) का रूपमा प्रतिष्ठानलाई विकास गर्ने लक्ष्यअनुसार भवन निर्माण भएको हो । उक्त भवन निर्माण सम्पन्न भए पछि कर्मचारीका लागि आवश्यक कार्यस्थल र तालिम तथा कार्यशालाका लागि हलहरूको समस्या समाधान हुनेछ।





## (९) समन्वय र सहकार्य

चालु आ.व. मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँगको समन्वय र सहकार्य निरन्तर रूपमा अगाडि बढे। २०८० फागुन १८ मा Netherlands को ECORYS नामक संस्थाको टिमले Public Expenditure and Financial Accountability Training Management System का बारेमा छलफल गरेको थियो।

त्यसैगरी, २०८० फागुन २४ मा International Foundation for Electoral System (IFES) का Country Director/Deputy Director ले प्रतिष्ठानसँगको संभावीत सहकार्यका लागि छलफल गरेका थिए । सोही छलफलका आधारमा प्रतिष्ठानसँगको सहकार्यमा मादी गाउँपालिकाका महिला जनप्रतिनिधिहरूका लागि जलवायू परिवर्तन र महिला नेतृत्व विषयमा क्षमता विकास तालिमको आयोजना भएको थियो।



प्रतिष्ठानले २०८१ जेठ २४ र २५ गते पोखरा महानगरपालिकाका १४८ जना इन्टर्नहरूको अभिमूखीकरणमा प्राविधिक सहयोग प्रदान गरेको थियो। प्रतिष्ठानले निर्धारण गरेको पाठ्यक्रमका आधारमा उक्त अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । चार समूहमा विभाजन गरी

सञ्चालन गरिएको उक्त अभिमुखीकरण कार्यक्रम पोखरा महानगरपालिकाको राजस्व अभिवृद्धिमा इन्टर्नहरूको भूमिका सम्बन्धमा केन्द्रित रहेको थियो। पोखरा महानगरपालिकाले विश्वविद्यालय, कजेल, क्याम्पसमा व्यवस्थापन संकायमा अध्ययनरत विधार्थीहरू मध्येबाट इन्टर्नका रूपमा छनौट भएका विधार्थीहरूलाई उक्त तालिम प्रदान गरिएको हो।



त्यसैगरी, Nepal Urban Resilience Project-NURP र प्रतिष्ठानको सहकार्यमा कास्की जिल्लाका स्थानीय तह र प्रतिष्ठानका



कर्मचारीका लागि २०८० पौष २२ मा सुदृढ परियोजना अन्तर्गत Green Resilient and Inclusive Development (GRID) का बारेमा अभिमुखीकरण सम्पन्न भएको थियो। उक्त अभिमुखीकरण कार्यक्रममा विकासलाई कसरी समावेशी र वातावरणमैत्री बनाउन सकिन्छ भन्ने बारेमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्ने विषयमा छलफल भएको थियो।

UNDP द्वारा कर्णाली प्रदेशमा सञ्चालन भइरहेको "समावेशी सङ्घीयताका लागि युरोपियन युनियन सहयोग (European Union Support to Inclusive Federalism-EUSIF) कार्यक्रम" को सहयोगमा कर्णाली प्रदेशका ५ वटा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको संयुक्त अध्ययन भ्रमण टोलीसँग सिकाइ आदान प्रदानका साथै संस्थागत विकास एवम् क्षमता विकासका सम्बन्धमा अभिमुखीकरण गरिएको थियो। २०८० असोज १२ गते भएको उक्त कार्यक्रममा EUSIF



कार्यक्रमको सहयोगमा नमूना स्थानीय तहको रूपमा विकास गर्ने लक्ष्य राखिएका कर्णाली प्रदेशका २३ वटा स्थानीय तहहरू मध्ये ५ वटा स्थानीय तहहरू (सुर्खेतको पञ्चपुरी नगरपालिका, रुकुम पश्चिमको चौरजहारी नगरपालिका, दैलेखको दुल्लु नगरपालिका, जुम्लाको तिला गाउँपालिका र मुगुको सोरु गाउँपालिका) का प्रमुख/अध्यक्ष, उप-प्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्बन्धित स्थानीय तहका अन्य जनप्रतिनिधि तथा कर्मचारी, कर्णाली प्रदेश सरकारको

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र EUSIF कार्यक्रमका कर्मचारीहरूको सहभागीता रहेको थियो । भ्रमण टोलीसँग प्रतिष्ठानको संस्थागत विकास एवम् क्षमता विकासका सन्दर्भमा अन्तरक्रिया भएको थियो ।

चालु आ.व.मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँगको समन्वयमा स्थानीय तहका पञ्जिकाधिकारीका लागि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम सञ्चलन भएका थिए ।

प्रतिष्ठानले अवलम्बन गरेका प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति, कार्य प्रक्रिया, संस्थागत विकास र प्रतिष्ठानको भावी कार्यदिशाका बारेमा अवलोकन तथा अध्ययन भ्रमणहरू भए । यसबाट आपसी सिकाइको अवसर प्राप्त भएको छ । प्रतिष्ठानको कार्यक्षेत्रसँग मेल खाने राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय सङ्घ संस्थासँग समन्वय र सहकार्यलाई अगाडि बढाउन प्रतिष्ठान निरन्तर क्रियाशील छ ।

## १०. मानव संसाधन विकास

### (क) प्रतिष्ठानका कर्मचारीहरूलाई पेसागत क्षमता विकास तालिम

प्रतिष्ठानले स्थापनाकालदेखि नै प्रतिष्ठानद्वारा आयोजना गरिने तालिम तथा प्रशिक्षणलाई निश्चित सैद्धान्तिक धरातलमा आधारित रहेर सञ्चालन गर्ने गरेको छ । प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूलाई Instructional System मा दक्ष बनाउने उद्देश्यले गण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूसँगै ३ दिने पेसागत क्षमता विकास तालिम आयोजना गरेको छ । गत आ.व. मा सञ्चालन गरिएको तालिमका विषयवस्तुलाई थप परिस्कृत र व्यवहारिक बनाउने उद्देश्यले उक्त तालिम आयोजना गरिएको थियो । तालिम विशेषगरी Instructional Design अन्तर्गत ADDIE (Analysis, Design, Development, Implementation and Evaluation) मोडलको प्रभावकारी कार्यान्वयनमा केन्द्रित रहेको थियो । शिक्षण-सिकाइ क्रियाकलापलाई व्यवस्थित र नतिजामूलक बनाउनका लागि प्रतिष्ठानले ADDIE Model को प्रयोग गर्दै आइरहेको छ ।

### (ख) अन्तरप्रदेश अनुभव आदान प्रदान अध्ययन भ्रमण

प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम अन्तर्गत मिति २०८१ बैशाख २२देखि २८ सम्म अन्य प्रदेशका प्रशिक्षण प्रतिष्ठानका असल अभ्यासहरू तथा कार्यसम्पादन तौरतरिकाको अध्ययन गर्न अन्तर प्रदेश सिकाइ आदान प्रदान कार्यक्रम सम्पन्न भयो । उक्त भ्रमणमा प्रतिष्ठानका कार्यकारी निर्देशक, प्रतिष्ठानका कर्मचारी र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको प्राविधिक टोली गरी जम्मा १४ जनाको सहभागीता रहेको थियो ।



सिकाइ आदान प्रदान कार्यक्रमको क्रममा मधेस र कोशी प्रदेशका तालिम केन्द्र, कोशी प्रदेशका स्थानीय तह र बाग्मती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका गतिविधिका बारेमा छलफल भएको थियो । यस अध्ययन भ्रमणले अन्य प्रदेशका तालिम केन्द्रको काम गर्ने तौरतरिका र असल अभ्यासहरूका बारेमा जानकारी लिने अवसर प्रदान गरेको थियो ।

## (११) उपलब्ध जनशक्ति

प्रदेश लोक सेवा आयोगबाट कर्मचारीको स्थायी पदपूर्ति नभए सम्मका लागि आवश्यक कर्मचारी प्रदेश सरकारबाट कामकाजका लागि खटाउने ऐनको व्यवस्थाबमोजिम चालु आ.व. मा समेत सोहीअनुसार कर्मचारीको व्यवस्थापन भयो । प्रतिष्ठानमा आ.व. २०८०/८१ मा उपलब्ध जनशक्तिको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

### प्रतिष्ठानतर्फ

| क्र.सं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | ऋषिराम पाण्डे | कार्यकारी निर्देशक | कार्यालय प्रमुख |
| २. | नारायण पौडेल | उपसचिव | प्रशासन |
| ३. | मुना अधिकारी | उपसचिव | तालिम तथा कार्यक्रम |
| ४. | प्रकाश ओझा | अधिकृतस्तर आठौं | तालिम तथा कार्यक्रम |
| ५. | जित बहादुर थापा | शाखा अधिकृत | प्रशासन |
| ६. | श्याम प्रसाद तिवारी | नायव सुब्बाा | प्रशासन |
| ७. | दिपेन्द्र पौडेल | लेखापाल | आर्थिक प्रशासन |
| ८. | अनिल बराल | कार्यालय सहयोगी | कार्यालय सहयोगी |
| ९. | निर्वेश भुजेल | हलुका सवारी चालक | सवारी चालक |

### PLGSP तर्फ

| क्र.सं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | निर्मला सुब्बा | स्थानीय शासन विज्ञ | टिम लिडर |
| २. | दिल प्रसाद मगर | पठ्यक्रम विकास विज्ञ | पाठ्यक्रम विकास |
| ३. | पंकज अधिकारी | क्षमता विकास परामर्शदाता | क्षमता विकास |
| ४. | विष्णु बहादुर नेपाली | क्षमता विकास परामर्शदाता | क्षमता विकास |

| क्र.सं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| ५. | उषा बानिया | लैससास परामर्शदाता | लैससास |
| ६. | माधवी नेपाल | कार्यक्रम सहायक | कार्यक्रम सहायक |
| ७. | बेदमणी अधिकारी | हलुका सवारी चालक | सवारी चालक |

**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानतर्फ**

| क्र.सं | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | धनमाया तामाङ | कार्यालय सहयोगी | कार्यालय सहयोगी |
| २. | शान्त मायाँ जलारी | कार्यालय सहयोगी | कार्यालय सहयोगी |
| ३. | गोपाल बहादुर कार्की | हलुका सवारी चालक | हलुका सवारी चालक |
| ४. | टिका कुमारी पंगेनी | माली | माली |
| ५. | देवी बहादुर राय | कार्यालय सहयोगी | कार्यालय सहयोगी |

प्रतिष्ठानका लागि आवश्यक कर्मचारीको स्थायी दरवन्दी सिर्जना गर्ने कार्यका लागि कर्मचारी सेवा सर्त सम्बन्धी विनियमावली तर्जुमा भएको छ। निकट भविष्यमा प्रदेश लोक सेवा आयोगबाट प्रदेश सरकारद्वारा स्वीकृत दरवन्दीमा कर्मचारीको पदपूर्ति गरिनेछ।

## (१२) विविध

### (क) अध्ययन प्रतिवेदनको लोकार्पण

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले गत आर्थिक वर्षमा सम्पन्न गरेको "सङ्घीयताको सन्दर्भमा स्थानीय आर्थिक विकास : गण्डकी प्रदेशका स्थानीय तहमा यसको अभ्यास र सम्भावना सम्बन्धी अध्ययन"को प्रतिवेदन प्रकाशन गरेको छ। नेपालमा सङघीयता आइसकेपछि स्थानीय तहहरू वित्तीय हिसाबले आफै आत्मनिर्भर हुँदै स्थानीय स्तरमा दीगो विकास र आर्थिक सम्मृद्धि ल्याउन पहल गर्नुपर्ने सवाल उठ्दै गइरहेको सन्दर्भमा प्रतिष्ठानले परामर्शदाता विज्ञहरूको टोलीबाट यो अध्ययन गराएको थियो। गण्डकी प्रदेशका विभिन्न ११ वटा स्थानीय तहको स्थलगत सर्भेक्षणमा आधारित भई गरिएको उक्त अध्ययनको नतिजालाई सम्बन्धित सरोकारवालाहरूमाझ पुऱ्याउने उद्देश्यले



यो प्रतिवेदन प्रकाशित गरिएको हो । गत आ.व.को कार्तिक २२ गते सम्पन्न प्रतिष्ठानको प्रशिक्षण परिषद्को छैटौं बैठकमा परिषद्का अध्यक्ष तथा प्रदेश सरकारका मुख्यमन्त्रीबाट उक्त प्रतिवेदनको लोकार्पण भएको थियो । प्रतिष्ठानले विगत वर्षहरूमा पनि यस्ता किसिमका समसामयिक विषयमा अध्ययन अनुसन्धानहरू गरी प्रतिवेदनहरू प्रकाशन गर्दै आइरहेको छ ।


### (ख) SOP को लोकार्पण

प्रतिष्ठानले सार्वजनिक निकायको आर्थिक प्रशासन सम्बन्धी नियमित कार्यसम्पादनका लागि तयार गरेको आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) चालु आ.व.को कार्तिक २२ गते सम्पन्न प्रशिक्षण परिषद्को छैटौं बैठकमा परिषद्का अध्यक्ष एवम् प्रदेश सरकारका मुख्यमन्त्रीबाट लोकार्पण भएको थियो । विभिन्न ६ वटा खण्डमा विभाजित उक्त कार्यविधिमा वार्षिक बजेट व्यवस्थापन, वित्तीय जोखिम न्यूनीकरण, आर्थिक प्रशासनका विभिन्न तह/पदका कर्मचारीहरूको कार्यविवरण, कार्यसम्पादन कार्यविधि र सोको स्वमूल्याङ्कन सम्बन्धी औजार जस्ता विषयवस्तुहरू सरल एवम् व्यवहारिक ढङ्गले बुझ्न र प्रयोग गर्न सकिने गरी समावेश गरिएको छ । उक्त कार्यविधिले आर्थिक प्रशासनको भूमिकामा रहेर काम गर्ने कर्मचारीहरूको दैनिक कार्यमा सहजता ल्याउनुका साथै उनीहरूको कार्यसम्पादनमा सुधार भई आर्थिक गतिविधिहरू थप व्यवस्थित, प्रभावकारी, पारदर्शी र नतिजामुखी हुने अपेक्षा गरिएको छ ।



### (ग) तालिम प्रभावकारिता सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक

प्रतिष्ठानद्वारा सञ्चालित तालिम तथा क्षमता विकास कार्यक्रमको प्रभावकारिता सम्बन्धमा गरिएको अध्ययन प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गरिएको छ । प्रतिष्ठानले उपलब्ध गराएका विभिन्न किसिमका तालिम कार्यक्रमका दौरान सहभागीहरूले सिकेको ज्ञान र सीप उनीहरूले कार्यस्थलमा प्रयोग गरे नगरेको, तालिम कार्यक्रमले कार्यजिम्मेवारीअनुसारको कार्यसम्पादनमा सहजीकरण गरे नगरेको एवम् तालिम कार्यक्रमको परिणामस्वरुप सम्बन्धित संस्थाको सेवा प्रवाहमा सुधार आए-नआएको



बारे गरिएको अध्ययनले उल्लिखित क्षेत्रहरूमा तालिम कार्यक्रमको सकारात्मक प्रभाव परेको निष्कर्ष निकालेको छ । उक्त अध्ययन प्रतिवेदन चालु आ.व.मा प्रकाशन गरी सरोकारवालाहरूसँग छलफल गरिएको थियो ।

### (घ) प्रदेश सरकारमा वार्षिक प्रतिवेदन पेस

प्रतिष्ठानद्वारा आ.व. २०७९।८० मा सम्पादन गरिएका क्रियाकलापहरू समावेश गरिएको वार्षिक प्रतिवेदन २०८० भाद्र १ गते गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेसमक्ष पेस






गरिएको थियो । उक्त प्रतिवेदनमा प्रतिष्ठानको सोच, लक्ष्य, उद्देश्य र रणनीतिक योजनाको सारसङ्क्षेप सहित वार्षिक प्रगति विवरण समावेश गरिएको थियो । गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ ले गरेको व्यवस्थाबमोजिम प्रतिष्ठानले हरेक वर्ष वार्षिक प्रगति प्रतिवेदन प्रदेश सरकार समक्ष पेस गर्दै आइरहेको छ । प्रतिष्ठान स्थापनापश्चात प्रदेश सरकारसमक्ष पेस गरिएको यो चौथो प्रतिवेदन हो ।

# परिच्छेद–५
# आ.व. २०८०/८१ को आर्थिक प्रतिवेदन

**(विनियोजित बजेट र खर्चको विवरण)**
**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
**गण्डकी प्रदेश, पोखरा**
**खर्चको फाँटावारी**
**आर्थिक वर्ष: २०८०/८१**

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| पूँजीगत कार्यक्रमः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | | | | | | | | |
| ३१११२२ | मेसिनरी तथा औजार | - | - | १००,००० | ० | ० | ० | - |
| ३१११२३ | फर्निचर तथा फिक्चर्स | - | - | १००,००० | ० | ० | ० | - |
| ३१११५९ | अन्य सार्वजनिक निर्माण | - | - | १,०००,००० | ० | ० | ० | - |
| ३१११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | - | - | ५००,००० | १ | १८२,४९४ | ३६ | - |
| | जम्मा | | | १,७००,००० | | १८२,४९४ | ११ | |
| चालु कार्यक्रमः गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | | | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | - | - | १३,८०२,००० | - | ४,७९४,८४४ | ३५ | - |
| २१११२ | पारिश्रमिक पदाधिकारी | - | - | ८६०,००० | - | ७८६,३७० | ९१ | - |
| २११२१ | पोशाक | - | - | २००,००० | - | ९०,००० | ४५ | - |
| २११३२ | महंगी भत्ता | - | - | ४८०,००० | - | १६०,००० | ३३ | - |
| २११३४ | कर्मचारीको बैठक भत्ता | - | - | १००,००० | - | ० | ० | - |
| २११४१ | पदाधिकारी बैठक भत्ता | - | - | ३००,००० | - | १७५,५०० | ५९ | - |
| २११४२ | पदाधिकारी अन्य सुविधा | - | - | २१६,००० | - | २१६,००० | १०० | - |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | - | - | १८०,००० | - | ३२,००० | १८ | - |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२१११२ | संचार महसुल | - | - | २८२,००० | - | ८६,५१८ | ३१ | - |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | - | - | ५५२,००० | - | ५०२,९८७ | ९१ | - |
| २२२१३ | सवारी साधन मर्मत खर्च | - | - | ४२०,००० | - | ३३१,१७२ | ७९ | - |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | - | - | १२०,००० | - | १२०,००० | १०० | - |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | - | - | २००,००० | - | ४९,३१० | २५ | - |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | - | - | ३००,००० | - | २८४,४७८ | ९५ | - |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | - | - | १००,००० | - | ० | ० | - |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | - | - | १००,००० | - | ० | ० | - |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | - | - | ४८०,००० | - | ३५९,९९५ | ७५ | - |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | - | - | १२०,००० | - | ४९,७२० | ४१ | - |
| २२४१३ | करार सेवा शुल्क | - | - | १,३५६,००० | - | ६८०,०८२ | ५० | - |
| कार्यक्रम विवरण | | | | | | | | |
| २२५११ | २.६.२.३ प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम | पटक | १ | ५०,००० | ० | ० | ० | ० |
| २२५११ | २.६.२.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका कर्मचारीहरूका लागि क्षमता अभिवृद्धि तालिम | पटक | १ | ५००,००० | ० | ० | ० | |
| २२५२२ | २.७.२१.३ कर्मचारीको सेवाकालीन तालिम | पटक | २ | २,४००,००० | २ | १,७६३,८१२ | ७३ | १०० |
| २२५२२ | २.७.२५.२४९ फेलोसिप कार्यक्रम | जना | १ | ५००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.२५३ अन्तरसरकार सम्बन्ध सम्बन्धी संवाद कार्यक्रम | पटक | १ | ५००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.२५४ गूण व्यवस्थापन प्रणाली सम्बन्धी कार्यशाला | पटक | १ | २००,००० | १ | १६०,३८८ | ८० | १०० |
| २२५२२ | २.७.२५.२६१ सुशासनका लागि नेतृत्व सम्मेलन (Leaders Summit) (सङ्घ, प्रदेश र स्थानीय तह) | पटक | १ | १,०००,००० | ० | ० | ० | ० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | २.७.२५.२६३ ज्ञान केन्द्र (Knowledge Center)को स्थापना | पटक | १ | ५००,००० | १ | ५००,००० | १०० | १०० |
| २२५२२ | २.७.२५.२६४ प्रशिक्षार्थी Internship कार्यक्रम | जना | २ | ३००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.५.३८ प्रशिक्षण सामग्री प्रकाशन | वटा | २ | १,०००,००० | २ | ५०९,६३० | ५१ | १०० |
| २२५२२ | २.७.७.६ सवाल केन्द्रित संवाद | पटक | १ | ५००,००० | १ | २६२,८९२ | ५३ | १०० |
| २२५२२ | २.७.८.२ अन्तर सरकार सम्बन्ध र अनुगमन तथा मूल्याङ्कन प्रशिक्षण सामग्री छपाई तथा वितरण | पटक | १ | ५००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.८.३ कार्यमूलक अनसन्धान, लेख तथा प्रकाशन | पटक | १ | ५००,००० | ० | ५२,५०० | ११ | ० |
| २२५२२ | २.७.८.९ पेसागत क्षमता विकास सम्बन्धी तालिम | पटक | १ | ५००,००० | १ | १७२,४२५ | ३४ | १०० |
| २२६१२ | भ्रमण खर्च | - | - | ४७६,००० | | ८६,२५० | १८ | - |
| २२७११ | विविध खर्च | - | - | ३००,००० | | २१९,५६७ | ७३ | - |
| | **जम्मा** | | १८ | ३१,०५४,००० | ८ | १२,६१३,०८९ | ४१ | ४४ |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (ससर्त) : पूँजीगत | | | | | | | | |
| ३११२२ | मेसिनरी तथा औजार | - | - | ६००,००० | | ४९८,५९९ | ८३ | - |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | - | - | ४००,००० | | ४२,६५० | ११ | - |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | - | - | ५००,००० | | ७०,३७६ | १४ | - |
| | **जम्मा** | | | १,५००,००० | | ६११,६२५ | ४१ | |
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (ससर्त) : पूँजीगत | | | | | | | | |
| २११३४ | कर्मचारीको बैठक भत्ता | - | - | ५०,००० | | २४,००० | ४८ | - |
| २२१११ | पानी तथा बिजुली | - | - | ३००,००० | | २३०,००० | ७७ | - |
| २२११२ | संचार महसुल | - | - | २००,००० | | ४३,५७० | २२ | - |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | - | - | ५००,००० | | १३०,८५५ | २६ | - |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२३११ | मसलन्द तथा कार्यालय सामग्री | - | - | ७००,००० | | ३४६,५८८ | ५० | - |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | - | - | १५०,००० | | १२,००० | ८ | - |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | - | - | १००,००० | | ० | ० | - |
| **कार्यक्रम विवरण** | | | | | | | | |
| २२५२२ | २.७.२५.२६९ प्रदेश सभाका माननीय सदस्य तथा कर्मचारीहरूका लागि कानुन निर्माणका बिधि र प्रक्रिया सम्बन्धी अभिमुखीकरण | पटक | १ | ६००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.२७० प्रदेश अन्तरगतका कर्मचारीहरूका लागि नेपाली भाषा र व्याकरण सम्बन्धी तालिम | पटक | १ | ४००,००० | १ | ३३,६६४ | ८ | १०० |
| २२५२२ | २.७.२५.२७४ स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना विषयमा फलोअप तथा तालिमा | पटक | ४ | २,८००,००० | ४ | १,६१७,७८२ | ५८ | १०० |
| २२५२२ | २.७.२५.२९७ प्रतिष्ठानका कर्मचारीहरूका लागि क्षमता विकास तालिम | पटक | १ | ४००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.२९८ प्रतिष्ठानको Website Update गर्ने | पटक | १ | ३००,००० | १ | २९७,१९० | ९९ | १०० |
| २२५२२ | २.७.२५.२९९ स्थानीय तहको आन्तरिक राजश्व सुधार कार्ययोजना निर्माण | वटा | १५ | ७,५००,००० | १५ | ७,३२२,७९६ | ९८ | १०० |
| २२५२२ | २.७.२५.३०० स्थानीय तहको क्षमता विकास योजना निर्माण | वटा | १५ | ४,५००,००० | १५ | ४,४३४,००७ | ९९ | १०० |
| २२५२२ | २.७.२५.३०१ स्थानीय तहको आवधिक योजना निर्माण | वटा | ११ | ११,०००,००० | ९ | ८,१४९,८४८ | ७४ | ८१.८१ |
| २२५२२ | २.७.२५.३०२ स्थानीय तहको लैससास रणनीति निर्माण | वटा | १४ | २,८००,००० | ५ | ९८३,१०० | ३५ | ३६ |
| २२५२२ | २.७.२५.३०३ अन्तर प्रदेश सिकाइ आदान प्रदान भ्रमण | पटक | १ | ४००,००० | १ | ३७४,४१९ | ९४ | १०० |
| २२५२२ | २.७.२५.३०४ प्रशिक्षण सामग्रीको प्रकाशन (२ वटा आधारभूत कार्यविधिहरू र एकवटा तालिम स्रोत पुस्तिका) | वटा | ३ | २,१००,००० | ० | ० | ० | ० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | २.७.२५.३०६ स्थानीय तहका असल अभ्यासहरूको पहिचान र प्रकाशन | पटक | १ | ७००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.३०७ स्थानीय तहका लागि नमूना कार्यविधि निर्माण (सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र आन्तरिक नियन्त्रण प्रणाली) | वटा | २ | १,२००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.३०८ सवाल केन्द्रित संवाद (स्थानीय तहले बनाएका आवधिक विकास योजना, क्षमता विकास योजना, राजस्व सुधार योजनाको कार्यान्वयन अवस्था सम्बन्धी संवाद कार्यक्रम) | पटक | २ | २,०००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.३०९ स्थानीय तहमा वित्तिय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन LISA कार्यान्वयनको फलोअप/अन्तरक्रिया/गुणस्तर परीक्षण | पटक | ४ | ४,०००,००० | ४ | ७७५,५९१ | १९ | १०० |
| २२५२२ | २.७.२५.३१० सेवाकालिन तालिम | पटक | ४ | ६,०००,००० | ४ | ३,१९५,७८४ | ५३ | १०० |
| २२५२२ | २.७.२५.३११ स्थानीय तहका कर्मचारीलाई PAMS सम्बन्धी तालिम | पटक | ३ | १,२००,००० | ३ | ५९६,१०० | ५० | |
| २२५२२ | २.७.२५.३१२ स्थानीय तहका कर्मचारीलाई E-bidding सम्बन्धी तालिम | पटक | ३ | १,५००,००० | १ | ४००,७०९ | २७ | ३३ |
| २२५२२ | २.७.२५.३१३ स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उत्तरदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | पटक | ५ | २,०००,००० | २ | ४२७,६३९ | २१ | ४० |
| २२५२२ | २.७.२५.३१४ स्थानीय तहका वडा समितिका सदस्यलाई सहभागीतामुलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम | पटक | १९ | ५,७००,००० | ११ | ७४७,१०७ | १३ | ५८ |
| २२५२२ | २.७.२५.३१५ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | पटक | १५ | ७,५००,००० | ६ | १,४०८,६६० | १९ | ४० |
| २२५२२ | २.७.२५.३१६ स्थानीय तहका कर्मचारीलाई Bio-Engineering सम्बन्धी तालिम | पटक | | १,२००,००० | | १७७,९३९ | १५ | |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | २.७.२५.३१८ स्थानीय तह र जिससका जनप्रतिनिधिलाई सकारात्मक सोच सम्बन्धी तालिम | पटक | ३ | १,५००,००० | १ | १३६,१०० | ९ | ३३ |
| २२५२२ | २.७.२५.३१९ जिल्ला समन्वय समितिका पदाधिकारीहरूलाई क्षमता विकास सम्बन्धी तालिम | पटक | | ४००,००० | | २७३,४५३ | ६८ | |
| २२५२२ | २.७.२५.३२० जिन्सी प्रशासनका कर्मचारीहरूका लागि आधार भूत कार्य सञ्चालन कार्यविधि (SOP for Store) निर्माण | वटा | १ | ५००,००० | १ | ४८२,५१० | ९७ | १०० |
| २२५२२ | २.७.२५.३२१ प्रदेश तहका कर्मचाारीहरूलाई सार्वजनिक खरिद तथा E-bidding सम्बन्धी तालिम | पटक | ३ | १,५००,००० | ३ | ६०७,७२७ | ४१ | १०० |
| २२५२२ | २.७.२५.३२२ नवनियुक्त कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम | पटक | १० | ५,०००,००० | ३ | ७४५,७९२ | १५ | ३० |
| २२५२२ | २.७.२५.३२३ सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई कार्यान्वयनको फलोअप तथा अन्तरक्रिया कार्यक्रम | पटक | ४ | २,०००,००० | ० | ० | ० | ० |
| २२५२२ | २.७.२५.३२४ लैससास परीक्षण सम्बन्धी स्थानीय तहका कर्मचारीलाई प्रशिक्षक प्रशिक्षण | पटक | ३ | १,५००,००० | ३ | ६२१,३७९ | ४१ | १०० |
| २२५२२ | २.७.२५.३२५ प्रदेश अन्तरगतका कार्यालयका कर्मचारीहरूलाई लैससास र कार्यस्थलमा हुने लैगिक हिंसा बिरुद्धको आचारसंहिता निर्माण सम्बन्धी तालिम | पटक | २ | १,०००,००० | २ | २८२,६०० | २८ | १०० |
| २२५२२ | २.७.२५.३२६ प्रदेशका मन्त्रालय र कार्यालयहरूका लैससास सम्पर्क व्यक्तिहरूका लागि लैससास र लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी तालिम | पटक | २ | १,०००,००० | २ | ३६५,५२४ | ३७ | १०० |
| २२५२२ | २.७.२५.३२७ स्थानीय तहमा लैसासास परीक्षण र रणनीति, लैङ्गिक हिंसा बिरुद्धको आचारसहिंता निर्माण र कार्यान्वयनको अवस्था सम्बन्धी अनतरक्रिया कर्यक्रम | पटक | २ | १,२००,००० | २ | ३९४,१२० | ३३ | १०० |

| कार्यक्रम संकेत नं | कार्यक्रम | एकाइ | वार्षिक लक्ष्य | | वार्षिक प्रगति | | खर्च प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट | परिमाण | बजेट | | |
| २२५२२ | २.७.२५.३२९ पाम्स तालिम (प्रदेश तथा जिल्लास्थित कार्यालयका लागि) | पटक | ३ | १,२००,००० | ३ | ६५६,९६१ | ५५ | १०० |
| २२५२२ | २.७.२५.३३० प्रदेश सभासदहरूसँग सवाल केन्द्रित संवाद | पटक | १ | ५००,००० | १ | १७६,८६५ | ३५ | १०० |
| २२५२२ | २.७.२५.३३१ जिल्लास्थित कार्यालयका कर्मचारीका लागि वित्तीय अनुशासन र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | पटक | २ | ८००,००० | २ | ५३६,२८१ | ६७ | १०० |
| २२५२२ | २.७.२५.३३२ प्रदेशका कर्मचारीहरूलाई क्याविनेटका लागि प्रस्ताव लेखन तालिम | पटक | १ | ४००,००० | १ | ७९,४४२ | २० | १०० |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | - | - | ३००,००० | - | ० | ० | - |
| २२७११ | विविध खर्च | - | - | ८००,००० | - | ४०८,२६७ | ५१ | - |
| | **जम्मा** | | १७९ | ९२,७००,००० | ११५ | ३८,५२२,९३० | ४२ | ६४ |
| **स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान** (ससर्त) | | | | | | | | |
| २११११ | पारिश्रमिक कर्मचारी | - | - | ८१४,००० | | ६७१,५८६ | ८३ | - |
| २११२१ | पोशाक | - | - | ४०,००० | | ३०,००० | ७५ | - |
| २२४१३ | करार सेवा शुल्क | - | - | २,१४६,००० | | १,००१,२०८ | ४७ | - |
| | **जम्मा** | ० | ० | ३,०००,००० | | १,७०२,७९४ | ५७ | |
| | **कूल जम्मा** | | १९७ | १२९,९५४,००० | १२३ | ५३,६३२,९३२ | ४१ | ६२.४४ |

# परिच्छेद–६
# आ.व.२०८१/८२ को बजेट तथा कार्यक्रम

## (क) गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (३०१०२०११)

| क्र.स. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | कर्मचारीको सेवाकालीन तालिम | २ | वटा | ७५०००० | १५००००० |
| २ | कर्मचारीको सेवा प्रवेश तालिम | ३ | वटा | ५००००० | १५००००० |
| ३ | अनुभव आदानप्रदान सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कार्यशाला | १ | वटा | ५००००० | ५००००० |
| ४ | ज्ञान केन्द्रको स्तरोन्नती | १ | पटक | १०००००० | १०००००० |
| ५ | तालिम व्यवस्थापन सूचना प्रणालीको विकास | १ | वटा | ७००००० | ७००००० |
| ६ | प्रतिष्ठानका उपलब्धिहरूको भिडियो डकुमेन्ट्री तयारी | १ | वटा | ५००००० | ५००००० |
| ७ | स्थानीय आर्थिक विकास सम्बन्धी तालिम | ५ | पालिका | २००००० | १०००००० |
| ८ | स्थलगत अनुगमन अनुशिक्षण कार्यक्रम | | | | ५००,००० |
| ९ | प्रशिक्षण सामग्री प्रकाशन | २ | वटा | ४००००० | ८००००० |
| १० | युवा नेतृत्व क्षमता विकास तालिम कार्यक्रम | १ | वटा | ५००००० | ५००००० |
| ११ | कार्यमूलक अनुसन्धान, लेखन तथा प्रकाशन | १ | वटा | १०००००० | १०००००० |
| १२ | पेसागत क्षमता विकास सम्बन्धी तालिम | १ | वटा | ५००००० | ५००००० |
| १३ | प्रतिष्ठानका कर्मचारीको क्षमता विकास कार्यक्रम | १ | वटा | २००००० | २००००० |
| १४ | गूण व्यवस्थापन प्रणाली सम्बन्धी कार्यशाला | १ | वटा | २००००० | २००००० |
| १५ | प्रशिक्षार्थी Internship कार्यक्रम | १ | वटा | ३००००० | ३००००० |
| १६ | तालिम संचालनका लागि आधारभूत कार्यसंचालन कार्यविधि निर्माण | १ | वटा | ३००००० | ३००००० |
| १७ | प्रतिष्ठान परिसरमा पार्क तथा विश्रामस्थल निर्माण | १ | पटक | ५००००० | ५००००० |
| १८ | निर्मित भवनको सम्भार सुधार | | | | १०००००० |
| | जम्मा | | | | १२५००००० |

## (ख) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम PLGSP (३०१९११२०)

| क्र.स. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १ | नवनियुक्त कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम | ६ | पटक | ४००००० | २४००००० |
| २ | सेवाकालीन तालिम | ४ | पटक | १२००००० | ४८००००० |
| ३ | प्रदेश तहका कर्मचारीहरूलाई कार्यसर्त लेखन सम्बन्धी तालिम | १ | पटक | ५००००० | ५००००० |
| ४ | प्रदेश सरकारका मन्त्री, प्रदेश सभाका समिति सभापति र प्रदेश सचिवहरूका लागि कुटनीतिक आतिथ्यता तथा व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | १ | पटक | ७००००० | ७००००० |
| ५ | प्रदेश अन्तरगतका कर्मचारीहरूलाई वातवरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम (EIA& IEE) | १ | पटक | ५००००० | ५००००० |
| ६ | प्रदेश अन्तरगतका कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम | ४ | पटक | ५००००० | २०००००० |
| ७ | कार्यालय प्रशासनका कर्मचारीहरूका लागि आधारभूत कार्य सञ्चालन कार्यविधि (SOP for office Administration) निर्माण | १ | वटा | ५००००० | ५००००० |
| ८ | प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूका लागि क्षमता विकास तालिम | १ | पटक | ५००००० | ५००००० |
| ९ | अन्तर प्रदेश सिकाइ आदान प्रदान भ्रमण | १ | पटक | ५००००० | ५००००० |
| १० | प्रशिक्षण सामग्री र आधारभूत कार्यसञ्चालन कार्यविधि प्रकाशन खर्च | २ | वटा | ५००००० | १०००००० |
| ११ | तालिम हलहरूका लागि Equipment खरिद | १ | पटक | १५००००० | १५००००० |
| १२ | Training Information Management System of GPTA | १ | वटा | ५००००० | ५००००० |
| १३ | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको लैससास अडिट | १ | पटक | ५००००० | ५००००० |
| १४ | स्थानीय तहले बनाएका विभिन्न योजनाहरू (आवधिक विकास योजना, क्षमता विकास योजना, लैससास रणनीति, राजस्व सुधार योजना) को कार्यान्वयनको अवस्थाको अध्ययन र म्ष्कककभ्ष्लबतष्यल | १ | पटक | ५०००००० | ५०००००० |
| १५ | स्थानीय तहमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन र स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन LISA कार्यान्वयनको फलोअप तालिम /अन्तरक्रिया/गुणस्तर परीक्षण | ३ | पटक | ६००००० | १८००००० |
| १६ | स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी अन्तरक्रिया (जनप्रतिनिधि र कर्मचारीहरू) | २ | पटक | ६००००० | १२००००० |
| १७ | न्याय निरुपण प्रकृयामादेखिएका सवालहरूको बारेमा न्यायिक समितिका सदस्यहरूसँग संवाद कार्यक्रम | २ | पटक | ६००००० | १२००००० |

| क्र.स. | क्रियाकलाप | ईकाइ | परिमाण | दर | जम्मा बजेट |
|---|---|---|---|---|---|
| १८ | अपाङ्गमैत्री स्थानीय शासन प्रवर्द्धन अभिमुखीकरण | ३ | पटक | ४००००० | १२००००० |
| १९ | न्यायिक समितिका सदस्यहरूलाई लैङ्गिकमैत्री न्याय प्रणाली र मनोसामाजिक सहयोग सम्बन्धी तालिम | ३ | पटक | ६००००० | १८००००० |
| २० | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूसँग लैङ्गिक हिंसा विरुद्धको आचारसहिंता, लैससास रणनीति र लैससास परीक्षणको कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया कार्यक्रम | ३ | पटक | ४स००००० | १२००००० |
| २१ | स्थानीय तहका बालकल्याण अधिकारीहरूलाई बालसंरक्षण सम्बन्धी तालिम | ३ | पटक | ४००००० | १२००००० |
| २२ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उत्तरदायित्व र बेरुजु व्यवस्थापन सम्बन्धी तालिम | ३ | पटक | ५००००० | १५००००० |
| २३ | सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम | ६ | पटक | ४००००० | २४००००० |
| २४ | जिल्ला समन्वय समितिका पदाधिकारीहरूलाई क्षमता विकास सम्बन्धी तालिम | १ | पटक | ५००००० | ५००००० |
| २५ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई सार्वजनिक खरिद सम्बन्धी तालिम | ३ | पटक | ५००००० | १५००००० |
| २६ | स्थानीय तहका प्रवक्ताको भूमिका सम्बन्धी तालिम (स्थानीय तहका प्रवक्ताहरूका लागि) | ३ | पटक | ४००००० | १२००००० |
| २७ | स्थानीय तहका राजस्व परामर्श समितिका पदाधिकारी र कर्मचारीहरूलाई राजश्व व्यवस्थापन सम्बन्धी तालिम | ३ | पटक | ६००००० | १८००००० |
| २८ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूलाई मध्यमकालीन खर्च संरचना विषयमा फलोअप तालिम तथा अन्तरक्रिया | ३ | पटक | ५००००० | १५००००० |
| २९ | स्थानीय तहका वडा समितिलाई सहभागीतामुलक योजना तर्जुमा र अनुगमन  सम्बन्धी तालिम | ८ | पटक | १५०००० | १२००००० |
| ३० | स्थानीय तहका वडाका महिला सदस्यहरूलाई लैससास सम्बन्धी तालिम | ६ | पटक | ३००००० | १८००००० |
| ३१ | स्थानीय तहका जनप्रतिनिधीहरूका लागि  स्थानीय आर्थिक विकास सम्बन्धी तालिम | ४ | पटक | २००००० | ८००००० |
| ३२ | समुदायमा आधारित सङ्घसस्थाहरूलाई  विकास सुशासन, सेवा प्रवाह र नागरिक निगरानी सम्बन्धी तालिम | ४ | पटक | २००००० | ८००००० |
| | **PLGSP जम्मा** | ८९ | | | ४१५००००० |
| | | | | **कुल बजेट (क+ख)** | ५४०००००० |

# परिच्छेद–७
# समस्या, चुनौति र आगामी दिनको कार्यदिशा

## ७.१ समस्या र चुनौति

प्रतिष्ठानले कार्य प्रारम्भ गरेको ४ वर्ष पूरा भएको छ । यस अवधिमा प्रतिष्ठानले संस्थागत विकास र कार्यक्रम कार्यान्वनलाई सँगसँगै अगाडि बढाउँदै आइरहेको छ । प्रतिष्ठानको पहिलो रणनीतिक योजनाले परिलक्षित गरेका कार्यक्रमहरूलाई बार्षिक बजेट र कार्यक्रममा समावेश गर्दै प्रतिष्ठान लक्ष्य प्राप्तिमा निरन्तर क्रियाशील रहँदै आएको छ ।

विगत वर्षहरूमा जस्तै यस आ.व. मा पनि प्रतिष्ठानले प्रदेश सरकारबाट प्राप्त अनुदान र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फको सङ्घ ससर्त अनुदानका क्रियाकलाप कार्यान्वयन गरेको छ । प्रदेश सरकारले उपलब्ध गराएको अस्थायी जनशक्ति र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमतर्फका प्राविधिक टोलीको सहयोगमा कार्यक्रम कार्यान्वयन गरेको छ ।

विगत वर्षमा जस्तै चालु आ.व.मा पनि स्वीकृत दरवन्दीबमोजिमको जनशक्ति नहुँदा लक्ष्यअनुसारको प्रगति हाँसिल गर्न कठिन भयो । प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको कार्यबोझलाई सम्बोधन गर्न उक्त जनशक्ति अपर्याप्त थियो । अपर्याप्त र सानो आकारका प्रशिक्षण हलका कारण कतिपय कार्यक्रम प्रतिष्ठान बाहिर सञ्चालन गर्नुपर्ने बाध्यता रह्यो । प्रतिष्ठानका कर्मचारीको दैनिक कार्यसम्पादनका लागि समेत पर्याप्त कार्यस्थल उपलब्ध हुन सकेन ।

अधिक कार्यबोझ र न्यून कर्मचारीका कारण प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत सञ्चालित कार्यक्रमको कार्यान्वयन चुनौतिपूर्ण रह्यो । प्राविधिक टिमका कर्मचारीको सरुवा र सो स्थानमा समयमा नै कर्मचारी व्यवस्था नहुँदा कामको प्रगतिमा वाधा उत्पन्न हुन गयो । खर्चको मापदण्डका कारण कतिपय कार्यक्रम कार्यान्वयन र व्यवस्थापन गर्न कठिनाई भयो । अधिक सङ्ख्यामा तालिम कार्यक्रम कार्यान्वयन गर्नुपर्दा कार्यक्रमको अनुगमन, फलोअप र मूल्याङ्कनका लागि यथेष्ट समय उपलब्ध हुन सकेन । लामो अवधिका सेवाकालीन र सेवा प्रवेश तालिमका लागि आवासको अभाव हुँदा सहभागीहरूलाई बाहिर बसी तालिम लिनुपर्ने वाध्यता रह्यो ।

## ७.२ समस्या समाधानका लागि चालिएका कदम

उपलब्ध जनशक्तिको अधिकतम परिचालनमार्फत वार्षिक योजनामा समावेश भएका क्रियाकलापको कार्यान्वयन गरियो । कर्मचारीको कार्यक्षमता अभिवृद्धिका लागि प्रशिक्षण, नयाँ कर्मचारीको अभिमुखीकरण, स्थानीय तहमा सञ्चालन गरिने कार्यक्रममा स्थानीय तहलाई नै जिम्मेवार बनाउने रणनीतिको अवलम्बन, कार्यक्रम कार्यान्वयनमा वहुसरोकारवालाको संलग्नता आदिद्वारा प्रतिष्ठानमार्फत सञ्चालित कामको प्रभावकारिता अभिवृद्धि गर्ने र गुणस्तर कायम गर्ने काम भयो । उपलब्ध भौतिक पूर्वाधारको मर्मत संभार गरी तालिम कक्षको व्यवस्थापन र कर्मचारीका लागि

कार्यस्थलको प्रवन्ध गर्ने कार्य भयो। कर्मचारीलाई वहुविषयगत क्षेत्रमा संलग्न गराउने रणनीतिमार्फत खास खास क्षेत्रमा अभाव भएको जनशक्ति व्यवस्थापनको कार्य भयो।

## ७.३ निष्कर्ष

भौतिक पूर्वाधारको तयारी, जनशक्तिको प्रवन्ध, कार्यपद्धति एवम् कार्यप्रणालीको स्थापना र सोको आन्तरिकीकरणले कुनै पनि संस्थाको संस्थागत विकासको अवस्थालाई झल्काउँदछ। उल्लिखित सबै क्षेत्रमा प्रतिष्ठानले ठोस कार्य प्रारम्भ गरेको छ। कर्मचारीको स्थायी व्यवस्थापनका लागि सङ्गठन संरचनाको निर्माण र सोका लागि आवश्यक कर्मचारी सेवासर्त सम्बन्धी विनियमावलीको तर्जुमा गरी प्रदेश लोक सेवा आयोगमा पदपूर्तिका लागि अनुरोध, भौतिक पूर्वाधारका लागि अत्याधुनिक भवनको निर्माण, आवश्यक ऐन, नियम, कार्यविधिको तर्जुमा आदिले संस्थागत पूर्वाधार विकासको बलियो जग बसेको छ। ISO 9001:2015 प्रमाणपत्रको प्राप्तिसँगै प्रतिष्ठान अन्तर्राष्ट्रिय मान्यता प्राप्त संस्थाका रूपमा स्थापित भएको छ।

दक्ष जनशक्ति गुणस्तरीय सेवा प्रवाहको अनिवार्य सर्त हो। जनताका प्रतिनिधि र स्थायी सरकारका रूपमा चिनिने कर्मचारीतन्त्रको क्षमता विकास सङ्घीय शासन प्रणालीको सफल कार्यान्वयनका आधारभूत पक्ष हुन्। यिनै कुरालाई मध्येनजर गरी स्थापनाको छोटो अवधिमा नै प्रतिष्ठानले आफ्ना गतिविधि केन्द्रित गरेको छ। गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, सवाल केन्द्रित संवाद र मागमा आधारित परामर्श सेवाका माध्यमबाट प्रदेश र स्थानीय तहमा मानव संसाधन विकास, संस्थागत विकास, विकास प्रक्रियाको सहजीकरण र ज्ञान व्यवस्थापनका क्षेत्रमा योगदान गरी प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा योगदान गर्न प्रतिष्ठान सफल भएको छ।

सहायक र अधिकृतस्तर (छैटौं, सातौं र आठौं तह)का कर्मचारीको सेवाकालीन तालिमले निरन्तरता पाएका छन्। चालु आर्थिक वर्षमा सहायकस्तरका ८९ जना र अधिकृतस्तरका ८९ जना गरी कुल १७८ जनाले सेवाकालीन तालिमको अवसर प्राप्त गरेका छन्। सेवा प्रवेश तालिमले निरन्तरता पाएको छ। प्रदेश लोक सेवा आयोगबाट छनौट भई प्रदेश र स्थानीय तहमा सिफारिस भएका सहायक र अधिकृत कर्मचारीले ५ दिने सेवा प्रवेश तालिमको अवसर प्राप्त गरेका छन्। गण्डकी प्रदेशमा कार्यरत तालिम प्रदायक संस्थाका प्रशिक्षकहरूका लागि पेसागत क्षमता विकास तालिम आयोजना गरी गण्डकी प्रदेशमा सञ्चालन गरिने तालिम कार्यक्रममा एकरुपता ल्याउने प्रयास गरिएको छ। चालु आ.व.मा लामो तथा छोटो अवधिका कूल ७१ वटा विभिन्न किसिमका तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न भएका छन्। यसबाट २३२५ जना जनप्रतिनिधि र कर्मचारी लाभान्वित भएका छन्।

सवाल केन्द्रित संवाद कार्यक्रमले यस आ.व.मा पनि निरन्तरता पाएको छ। क्षमता विकासको क्षेत्रमा गुण व्यवस्थापन प्रणालीको महत्त्व, स्थानीय आर्थिक विकास, कुटनीतिक शिष्टाचार जस्ता समसामयिक सवालहरूमा संवाद कार्यक्रम आयोजना भएका छन्। यसले सरोकारवालाहरूलाई

नीतिगत पृष्ठपोषण भएको छ।

तालिमको आयाममा परिवर्तन गर्दै जाने रणनीतिबमोजिम चालु आ.व.मा जिन्सी शाखामा रहेर काम गर्ने कर्मचारीको कार्यसम्पादनका लागि आधारभूत कार्यसञ्चालन कार्यविधि (SOP) को तार्जुमा भएको छ। अघिल्ला आ.व.हरूमा कार्यालय सहयोगीको नियमित कार्यसम्पादन र आर्थिक प्रशासनका कर्मचारीको नियमित कार्यसम्पादनका लागि त्यस्ता कार्यविधि तयार भइसकेका छन् । यसले क्षमता विकासका वैकल्पिक माध्यमहरूको विकास र प्रयोगको थालनी भएको छ।

चालु आ.व.मा गत आ.व. मा सम्पन्न अध्ययन र अनुसन्धानका प्रतिवेदन प्रकाशन गर्ने र अध्ययनका निष्कर्ष सरोकारवालासमक्ष प्रस्तुग गर्ने कार्य सम्पन्न भएका छन। प्रतिष्ठानद्वारा प्रदान गरिएका क्षमता विकास कार्यक्रमको कार्यान्वयनको अवस्था र सेवा प्रवाहमा पारेको प्रभावको तेस्रो पक्षबाट गरिएको अध्ययन र स्थानीय तहमा स्थानीय आर्थिक विकासको अवस्था र भावी संभावना विषयमा गरिएको प्राज्ञिक अध्ययनको प्रतिवेदन प्रकाशन गरी अध्ययनका निचोडलाई प्रदेश, स्थानीय तह र अन्य सरोकारवालासमक्ष प्रस्तुत गर्ने कार्य सम्पन्न भएका छन्। यसले तहगत सरकारहरूका लागि महत्त्वपूर्ण नीतिगत पृष्ठपोषण हुने अपेक्षा गरिएको छ।

यस आ.व.मा स्थानीय तहको शासकीय क्षमता अभिवृद्धिमा ठोस योगदान पुगेको छ। स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन जस्ता कार्यमा प्रतिष्ठानमार्फत प्राविधिक सहयोग पुगेको छ भने ९ वटा स्थानीय तहको आवधिक योजना, १५ वटा स्थानीय तहको क्षमता विकास योजना, १५ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना र ५ वटा स्थानीय तहको लैससास रणनीति निर्माणमा चालु आ.व.मा आर्थिक एवम प्राविधिक सहयोग पुगेको छ। यसबाट नवनिर्वाचित जनप्रतिनिधिलाई सहज रूपमा कार्यसम्पादन गर्ने वातावरण तयार गर्न योगदान पुगेको छ।

संस्थागत पूर्वाधार निर्माणका सिलसिलामा प्रतिष्ठानको आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी दिग्दर्शन र आर्थिक प्रशासन विनियमावली तर्जुमा भएका छन्। त्यसैगरी, प्रदेश र स्थानीय तहमा कार्यरत दशौ तहका कर्मचारीका लागि उच्चस्तरको व्यवस्थापन तालिम पाठ्यक्रम तयार भएको छ। उक्त पाठ्यक्रमको प्रयोग गरी सञ्चालन गरिने तालिम प्रदेश स्तरमा सञ्चालन गरिने हालसम्मको उच्चस्तरको तालिम हुनेछ। आगामी आ.व.मा उक्त पाठ्यक्रमको प्रयोग गरी दशौं तहका कर्मचारीको तालिम सञ्चालन गर्ने गरी योजना गरिएको छ। तालिम कार्यक्रमलाई व्यवस्थित गर्न तालिम व्यवस्थापन सूचना प्रणालीको विकास गरिएको छ। यसरी चालु आ.व.मा प्रतिष्ठानले आफ्ना गतिविधिहरूलाई थप परिस्कृत बनाउँदै कार्यक्षेत्रको दायरासमेत फारकिलो बनाउँदै लगेको छ। यसरी स्थापनाका विगत चार वर्षका गतिविधिहरूलाई नियाल्ने हो भने सङ्घीयतापश्चात प्रदेश सरकारद्वारा स्थापना भएको संस्थाले संस्थागत पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र कार्यप्रणालीको विकासका क्षेत्रमा महत्त्वपूर्ण कार्य प्रारम्भ गरी प्रतिष्ठान ऐन र नियमावलीको परिधिभित्र रही प्रदेश र स्थानीय तहमा निर्वाचित पदाधिकारी र कार्यरत कर्मचारीको क्षमता विकासका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्न सफल भएको छ।

## ७.४ आगामी दिनको कार्यदिशा

संस्थागत विकासको जग बलियो हुँदा मात्र प्रतिष्ठानद्वारा सञ्चालन गरिने कार्यक्रमको प्रभावकारिता सुनिश्चित हुने हो। त्यसैले, संस्थागत विकासका तत्वहरू : जनशक्ति, भौतिक पूर्वाधार र कार्यप्रणालीलाई संस्थागत गर्नु प्रतिष्ठानको प्राथमिक कार्यभार हुनेछ। भवन निर्माणको कार्य सम्पन्न गरी कार्यालय व्यवस्थापन र प्रशिक्षण सञ्चालनका लागि आवश्यक तालिम हलको प्रवन्ध गर्ने, प्रदेश लोक सेवा आयोगबाट प्रतिष्ठानको स्वीकृत दरवन्दीबमोजिमको कर्मचारीको स्थायी पदपुर्ती गर्ने, आइएसओ प्रक्रियामार्फत सुरुवात गरिएको कार्यप्रणालीलाई संस्थागत गर्ने कुरामा प्रतिष्ठानले आगामी दिनमा आफुलाई केन्द्रित गराउनु पर्नेछ।

स्थानीय तहमा निर्वाचित पदाधिकारीहरूको क्षमता विकास, प्रदेश लोक सेवा आयोगबाट छनौट भई प्रदेश र स्थानीय तहमा सिफारिस भएका कर्मचारीको सेवा प्रवेश तालिम, कर्मचारीको सेवाकालीन तालिम निरन्तर रूपमा सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू हुन्। अध्ययन अनुसन्धानका कार्य सञ्चालन गर्ने र त्यस्ता अध्ययन अनुसन्धानका निष्कर्षहरूलाई सरोकारवाला समक्ष प्रचार प्रसार गर्ने एवम् आवश्यकताअनुसार प्रशिक्षणमा समावेश गराउने कार्यलाई निरन्तरता दिनु पर्नेछ।

क्षमता विकासका वैकल्पिक माध्यमहरूको विकास र प्रयोग आजको आवश्यकता हो। Beyond Training को अवधारणालाई स्थापित गराउन तालिम प्रदायक संस्थाहरूसँग संवाद र अन्तरक्रिया आगामि दिनको महत्त्वपूर्ण कार्य हुनेछ। प्रदेशमा कार्यरत विभिन्न तालिम प्रदायक सङ्घ संस्थासँगको समन्वय विस्तार गरी समग्र तालिम कार्यक्रमको प्रभावकारिता अभिवृद्धिमा प्रतिष्ठानले अग्रसरता लिनु पर्नेछ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत स्थानीय तहमा कार्यान्वयनमा रहेका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन, वित्तीय जोखिम मूल्याङ्कन र स्थानीय आर्थिक विकासलाई स्थानीय तहको शासकीय प्रणाली र विकास प्रक्रियामा आन्तरिकीकरण गर्न सहजीकरण आवश्यक छ भने आवधिक योजना, क्षमता विकास योजना, राजस्व सुधार कार्ययोजना, लैससास रणनीति, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली आदिको फलोअप आगामी आ.व.को महत्त्वपूर्ण कार्य हुनेछ। आगामी आ.व. लाई प्रतिष्ठानले आत्मनिर्भरता र दिगोपनाको वर्षका रूपमा घोषणा गरेको सन्दर्भमा यस दिशामा पहलकदमी लिनु प्रतिष्ठानको कार्यभार हुनेछ।




**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान**
गण्डकी प्रदेश, पोखरा
फोन : ०६१-५७१०८२/५७०१४६
इमेल : academy.gandaki@gmail.com
वेवसाइट : gpta.gandaki.gov.np

qualityaustria
SYSTEM CERTIFIED
ISO 9001:2015 No.27757/0
MEMBER OF
IQNET